# परिच्छेद एक

# शोध परिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **साहित्यकार बाबुरामसिंह थापाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२. शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत पाटन संयुक्त क्याम्पसको नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

## १.३ विषय परिचय

बाबुरामसिंह थापाको जन्म वि.सं. २०१० साल पुस २६ गते शनिबारका दिन तनहुँ स्थित बरभञ्ज्याङ गा.वि.स. वार्ड नं. ३ महिबलकोटमा पिता सुबेदार चित्रवीरसिंह थापा र माता यमुना थापाका कोखबाट ज्येष्ठ सुपुत्रको रूपमा भएको हो । उनी जन्मिएको ठाउँ नेपालका पहिलो वाहुन प्रधानमन्त्री रङ्गनाथ पौड्याल जन्मिएको ठाउँले प्रसिद्ध छ । उनले गाउँकै भाषा पाठशालामा क,ख,रा सिकेको पाइन्छ । त्यसपछि ४ वर्षको उमेरमा पिता सुबेदार चीत्रवीरसिंह थापाको पछि लागि भारतको झारखण्डमा बाल्यकाल बिताएको पाइन्छ । उनले त्यहाँको स्थानीय निर्मल हाई स्कुलबाट ८ कक्षासम्म अध्ययन गरी ९ कक्षा चन्द्रपुराको हाई स्कुलमा र त्यसपछि बिहार विद्यालय परीक्षा समिति पटनाबाट म्याट्रिकको परीक्षामा प्राईभेट विद्यार्थी भई सन् १९७० मा दोस्रो श्रेणीमा म्याट्रिक उत्तीर्ण गरे । उच्चशिक्षाको क्रममा राँची विश्वविद्यालय अन्तर्गत बि.एस.के. कलेज, माईथानबाट सन् १९७४ मा आई.कम. र सन् १९७६ मा वि.कम. द्वितीय श्रेणीमा उत्तीर्ण गरेको पाइन्छ भने वि.सं. २०४० सालमा त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरबाट एम.बि.एस दोस्रो श्रेणीमा उत्तीर्ण गरेको पाइन्छ । उनले स्नातकसम्मको शिक्षा भारतमै गरेका हुन् । वि.सं. २०३४ सालबाट सरस्वती निम्न माध्यमिक विद्यालयमा प्रधानाध्यापकका रूपमा २ वर्षसम्म शिक्षण पेसा अँगाले पनि उनले आफ्नो अध्ययनलाई अगाडि बढाउनेक्रममा वि.सं. २०४० सालमा

त्रि.वि.वि. कीर्तिपुरमा स्नातकोत्तर उत्तीर्ण गरे । त्यसैक्रममा वि.सं. २०४० सालमा आई.डि.एस. नामक गैरसरकारी संस्थामा अनुसन्धान सहायक भएर बाबुरामसिंह थापाले आफ्नो पेसागत जीवनको सूत्रपात गरेका हुन् । त्यसपछि उनले आई.डी.एस. लगायतका गैरसरकारी तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूमा अनुसन्धानकर्ताको भूमिका निर्वाह गरेको पाइन्छ । वि.सं. २०५१ सालबाट उनी पाटन संयुक्त क्याम्पस, पाटनढोका, ललितपुरमा प्राध्यापन पेसामा संलग्न छन् । हाल उनी व्यवस्थापन सङ्कायमा उपप्राध्यापकको हैसियतले कार्य गर्दै सहायक क्याम्पस प्रमुखको भूमिका समेत निर्वाह गर्दैछन् । मध्यम वर्गीय पारिवारिक पृष्ठभूमि भएका थापाको १७ वर्षको उमेरमा विवाह भएको देखिन्छ । उनी गैरपेसागत सङ्घ-संस्थाहरूमा आबद्ध हुँदै राष्ट्रियता सम्बन्धी गतिविधिमा र राष्ट्रियताका सम्बन्धमा वकालत गर्दै आएका पाइन्छन् ।

बाबुरामसिंह थापाले वि.सं. २०३३ सालमा **उद्गार** शीर्षकको कविता लेखेर आफ्नो साहित्यिकयात्रा तय गरेका हुन् । अहिले उनले साहित्यका कविता विधा र प्रबन्ध विधामा आफ्नो सामर्थ्य प्रस्तुत गरेका छन् । यद्यपि उनले अन्य विधाहरूमा कथा, नियात्रा, निबन्ध आदिमा पनि कलम चलाएको पाइन्छ । तर पनि उनी आधिकारिक रूपमा कवि तथा प्रबन्धकारको रूपमा चर्चित रहेका छन् । राष्ट्रियता, अखण्डता, ऐतिहासिकता, मानवीय संवेदना, प्रजातन्त्र, सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक रुपान्तरण तथा विकृति तथा विसङ्गतिहरू, साम्प्रदायिक सद्भाव र प्राकृतिक चित्रण उनका कवितात्मक विषयवस्तुहरू हुन् । उल्लेखित विषयवस्तु र प्रस्तुतिगत विशेषताहरूले थापाका प्रबन्धहरू पनि आभूषित भएका छन् । यसका अतिरिक्त दर्शन, इतिहास, राजनीति, अध्यात्म सम्बन्धी विचारहरू, अन्वेषण र खोजहरू प्रबन्धका विषयगत क्षेत्रहरू हुन् । उनको साहित्यिकयात्रा विं.सं. २०३३ बाट थालनी भए पनि कृतिकारका रूपमा भने उनको उपस्थिति पचासको दशकको अन्त्यतिरमात्रै भएको पाइन्छ । उनका प्रकाशित कृतिहरूमा महापुरुष (२०६०) कविता सङ्ग्रह र अखण्ड नेपाल (२०६२) प्रबन्ध सङ्ग्रह हुन् ।

यसरी साहित्यका महत्त्वपूर्ण विधा मानिने कविता तथा प्रबन्ध विधामा सशक्त रूपमा कलम चलाउने सर्जक बाबुरामसिंह थापाको जीवनी, व्यक्तित्व र कृतित्वका सम्बन्धमा हालसम्म कुनै ठोस अध्ययन नभएको अवस्थामा प्रस्तुत शोधकार्य गरिएको हो ।

## १.४ समस्या कथन

बाबुरामसिंह थापाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन नामक प्रस्तुत शोधकार्यका समस्याहरू निम्न बमोजिम रहेका छन् :

(क) बाबुरामसिंह थापाको जीवनी के-कस्तो रहेको छ ?

(ख) बाबुरामसिंह थापाको व्यक्तित्व के-कस्तो रहेको छ ?

(ग) बाबुरामसिंह थापाको कृति के-कस्तो रहेको छ ?

(घ) बाबुरामसिंह थापाको साहित्यिक मूल्याङ्कन प्राप्ति र योगदान के-कस्तो रहेको छ ?

उपर्युक्त समस्याहरू नै प्रस्तुत शोधकार्यका समस्याहरू रहेका छन् ।

## १.५. शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्यहरू निम्न बमोजिम रहेका छन् :

(क) बाबुरामसिंह थापाको जीवनीको अध्ययन गर्नु ।

(ख) बाबुरामसिंह थापाको व्यक्तित्वको अध्ययन गर्नु ।

(ग) बाबुरामसिंह थापाको कृतित्वको अध्ययन गर्नु ।

(घ) बाबुरामसिंह थापाको साहित्यिक मूल्याङ्कन प्राप्ति र योगदानको निरुपण गर्नु ।

उपर्युक्त उद्देश्यहरूको प्राप्तिमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.६ पूर्वकार्यको समीक्षा

बाबुरामसिंह थापाले वि.सं. २०३३ सालदेखि साहित्य साधनाको थालनी गरे पनि उनका बारेमा पर्याप्त अध्ययन र अनुसन्धान नभएको स्थिति देखिन्छ । तैपनि यस शोधपत्रमा उनका बारेमा भएका टीकाटिप्पणीहरूको खोज तथा उनका बारेमा भएका समालोचनात्मक कार्यहरू निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) **समय** साप्ताहिक (कात्तिक १०, २०६२) पत्रिकामा गौरवमय इतिहास शीर्षकको लेखमा छत्र कार्कीले बाबुरामसिंह थापाद्वारा रचित **अखण्ड नेपाल** नामक प्रबन्ध सङ्ग्रहमा धर्म, दर्शन, इतिहास, संस्कृति सम्बन्धी २५ वटा लेख तथा रचनाहरू सङ्गृहित गरिएको उल्लेख गरेका छन् । लेखमा प्रबन्धकारले प्राचीन समयमा हिमवत्खण्ड नेपालको इतिहास गौरवमय भएको तथ्य अघि सार्न सफल भएको उल्लेख गरिएको छ । यति हुँदा हुदै पनि शासक

वर्गहरूका अकर्मण्यता तथा विवेकहीनताले हाम्रो समाज अधोगतितिर लागेको निष्कर्ष प्रस्तुत गरिएको छ । यसरी उनीहरू तमासे भइदिंदा भविष्यका कर्णधार भनिएका नयाँ पुस्ताले बिस्तारै आफ्ना विशुद्ध राष्ट्र, राष्ट्रियता, मौलिक भाषा तथा संस्कृतिबाट विमुख हुँदै पश्चिमा संस्कृतितर्फ अग्रसर भइरहेको तर्फ चिराफारा गर्दै यसको समाधानका खातिर नेपाली फुटेर होइन, जुटेर मुलुकको निम्ति केही गर्नुपर्नेतर्फ सङ्केत गरेको उल्लेख गर्दै प्रबन्धकारलाई राष्ट्रिय चेतनावाहक सर्जकका रूपमा प्रस्तुत गरिएको छ ।

(ख) राष्ट्रिय विभूति अमरसिंह थापा प्रतिष्ठान, काठमाडौं (२०६६) ले ऐतिहासिक रञ्जै बगाले थापा वंशावली (२०६६) स्मारिकामा समग्र बगाले थापाको वंशावली वीरताको गाथा प्रस्तुत गदै आदि पुरुष कालु थापादेखि अन्तराम थापा, नरहरि थापा, हर्षराज थापा, लक्ष्मण थापा, जसराज थापा, विश्राम थापा, रणञ्जयसिंह थापा (रञ्जै थापा), भैरवसिंह थापा, महारुद्रसिंह थापा, तुलारामसिंह थापा, हीरासिंह थापा, कृष्णवीर थापा, कमानसिंह थापा, चित्रवीरसिंह थापा र उनका भाइहरू तथा सन्ततिहरूको वंशावलीमा प्रस्तुत गरिएको उल्लेख छ ।

(ग) डा.कृष्णप्रसाद दाहाल (२०६७) ले विजयसिंह थापाको **रातोमहासागर** कविता सङ्ग्रहमा बाबुरामसिंह थापाले २०६० सालमा **महापुरुष** कविता सङ्ग्रह र २०६२ सालमा **अखण्ड नेपाल** प्रबन्ध सङ्ग्रह प्रकाशित गरिएको उल्लेख गर्दै थापाको आध्यात्मिक, राष्ट्रवादी चिन्तन, पेसागत इमान्दारिताको चर्चा गर्दै **रातोमहासागर** कविता सङ्ग्रह माथि आफ्नो समालोचनात्मक टिप्पणी प्रस्तुत गरेका छन् ।

## १.७ शोधको औचित्य

बाबुरामसिंह थापा राष्ट्रभक्तिले ओतप्रोत भएका व्यक्तित्व हुन् । उनी राष्ट्रियता, सार्वभौमिकता, अखण्डता, ऐतिहासिक गौरव, साम्प्रदायिक सद्भाव मानवता आध्यात्मिकता, दर्शन आदिका बारेमा वकालत गर्ने व्यक्ति हुन् । आफ्नो पेसाप्रति सधैं इमान्दार, सामाजिक व्यबहारमा मिलनसार र सहयोगी शालीन व्यक्तित्व थापा एउटा अन्वेषक व्यक्तित्व पनि हुन् । पेसागत सङ्घ-संस्थाहरू र गैरपेसागत सङ्घ-संस्थाहरूमा आबद्ध हुँदै वि.सं. २०५१ साल देखि प्राध्यापकीय व्यक्तित्व धारण गरेका थापाले वि.सं. २०३३ सालबाट साहित्यिकयात्रा तय गरेको पाइन्छ । उनले दुई वटा साहित्यिक कृतिहरू प्रकाशन गरेको पाइन्छ । यसरी नेपाली साहित्यको श्रीवृद्धिमा लागिरहेका बाबुरामसिंह थापाको कृतित्वको

छिटफुट रूपमा अध्ययन भए पनि समग्र रूपमा अध्ययन भएको पाइँदैन । हालसम्म उनका बारेमा व्यवस्थित अध्ययन हुन बाँकी रहनु नै यस शोधकार्यको लेखन औचित्यपूर्ण रहेको छ । साथै प्रस्तुत अध्ययनले नेपाली साहित्यको सिर्जनशील नवप्रतिभाहरूलाई हौसला प्रदान गर्नका लागि र थापाका विषयमा यथेष्ट जानकारी लिन चाहने सबै जिज्ञासु तथा साहित्यप्रेमीहरूलाई समेत यसले सहयोग पुऱ्याउनेछ । यसबाट पनि प्रस्तुत शोधकार्यको औचित्य पुष्टि हुन्छ ।

## १.८. शोधकार्यको सीमाङ्कन

बाबुरामसिंह थापाको जीवनी र व्यक्तित्वका साथै उनका कृतित्वको अध्ययन, अनुसन्धान एवं विश्लेषण र मूल्याङ्कन प्रस्तुत शोधकार्यको सीमा हुनेछ । प्रस्तुत शोधकार्यमा साहित्यकार थापाको कृतित्वको कृतिपरक अध्ययन नगरेर जीवनी र व्यक्तित्वको सन्दर्भमा कृतित्वको पनि सामान्य अध्ययन प्रस्तुत गरिनेछ । यही नै प्रस्तुत शोधकार्यको सीमा रहेकोछ ।

## १.९ शोधविधि

प्रस्तुत शोधकार्य तयार गर्नेक्रममा निम्नलिखित विधि अपनाइएको छ :

**९.१ सामग्री सङ्कलन विधि**

**९.२ सामग्री विश्लेषण विधि**

### ९.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका लागि निम्न लिखित तरिकाले सामग्री सङ्कल गरिएको छ :

(क) साहित्यकार बाबुरामसिंह थापाका कृति तथा उनका कृतिका बारेमा लेखिएका समीक्षात्मक लेखहरू पुस्तकालयीय अध्ययन विधिमा आधारित भई सङ्कलन गरिनेछ ।

(ख) बाबुरामसिंह थापाका जीवनी र व्यक्तित्वसम्बन्धी सामग्री सङ्कलन गरी शोधनायकसँग मौखिक तथा लिखित प्रश्नावली गरी सामग्री सङ्कलन गरिनेछ ।

(ग) बाबुरामसिंह थापाका बारेमा जानकारी राख्ने साहित्यिक व्यक्तित्वहरूसँग भेटघाट गरी उनका सम्बन्धमा आवश्यक जानकारी लिइएकोछ ।

### १.९.२ सामग्री विश्लेषण विधि

प्रस्तुत शोधपत्रका लागि निम्न लिखित विधि अँगाली सामग्रीको विश्लेषण गरिएको छ :

(क) प्रस्तुत शोधकार्य जीवनीपरक भएकाले सङ्कलित सामग्रीको विश्लेषण र प्रस्तुतिका क्रममा जीवनीपरक शोधपद्धतिलाई अङ्गालिनेछ ।

(ख) थापाका कृतित्व पक्षको विश्लेषण गर्दा विषयपरक शोधविधिलाई अङ्गालिनेछ ।

(ग) विश्लेषण र प्रस्तुतीका क्रममा वर्णनात्मक, ऐतिहासिक, तुलनात्मक विधिलाई पनि आवश्यकतानुसार उपयोग गरिनेछ ।

### १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई निम्नलिखित अध्यायमा विभाजन गरिएको छ :

पहिलो परिच्छेद : शोध परिचय

दोस्रो परिच्छेद : बाबुरामसिंह थापाको जीवनीको अध्ययन

तेस्रो परिच्छेद : बाबुरामसिंह थापाको व्यक्तित्वको अध्ययन

चौथो परिच्छेद : बाबुरामसिंह थापाको कृतित्वको अध्ययन

पाँचौं परिच्छेद : बाबुरामसिंह थापाको साहित्यिक मूल्याङ्कन र प्राप्तिको अध्ययन

छैटौं परिच्छेद : उपसंहार

**सन्दर्भग्रन्थसूची**

**परिशिष्ट**

# दोस्रो परिच्छेद

# बाबुरामसिंह थापाको जीवनीको अध्ययन

## २. परिचय

बाबुरामसिंह थापा साहित्यकारका रूपमा मात्र चर्चित नभएर कुशल व्यक्तित्व र प्रशासकका रूपमा पनि चिनिएका छन् । यस अध्यायमा उनको बाल्यकालदेखि जीवनभरमा भए गरेका अधिकांश कुराहरूको अध्ययन गरिएको छ ।

## २.१ जन्म र जन्मस्थान

बाबुरामसिंह थापाको जन्म वि.सं. २०१० साल पुस २६ गते शनिबारका दिन गण्डकी अञ्चल तनहुँ जिल्ला बरभञ्ज्याङ गा.वि.स. वडा नं. ४ महिबलकोट गाउँमा पिता सुबेदार चित्रवीरसिंह थापा र माता यमुनादेवी थापाका जेष्ठ सुपुत्रका रूपमा भएको हो ।[1]

## २.२. वंशपरम्परा र पारिवारिक पृष्ठभूमि

बाबुरामसिंह थापाका पुर्खाले गढवालबाट डोटी, डोटीबाट जुम्ला, जुम्लाबाट तनहुँ र गोरखासम्मको यात्रा गरेको पाइन्छ । उदय भट्ट, कुवेर भट्ट, सुदय भट्ट, राई भट्ट, देवदत्त भट्ट, वत्सराज भट्ट हुँदै कालु थापासम्म थापाको पुर्खाको शृङ्खला हो । राजा कालु थापा थापाका कुल पुरुष हुन् । यिनै डोटीका राजा कालु थापाका कान्छा छोरा जुम्लाको सिञ्जा बसेर राज्य गर्न लागे । उनका सन्तति जुम्रेली भनिन लागे । तिनै जुम्रेलीहरू तनहु बस्न लागे ।[2] तनहुँको महिबल गाउँमा कृष्णवीर थापा उनका छोरा कमानसिंह थापा बाबुरामसिंह थापाका बाजे हुन् । कमानसिंह थापाका छोरा सुबेदार चित्रवीरसिंह थापा र यिनका छोरा बाबुरामसिंह थापा हुन् । बाबुरामसिंह थापाका ४ जना भाइहरू रहेका छन् । थापाका माहिला भाइ बलरामसिंह थापा भू.पू. सैनिक हुन् र उनी हाल तनहुँको नहाला बस्दै आएका छन् । साहिंला भाइ विश्वराजसिंह थापा प्रहरी निरीक्षक हुन् उनी हाल पोखरामा कार्यरत छन् ।

---

[1] शोधनायकबाट प्राप्त जानकारी अनुसार

[2] थापा, बाबुराम सिंह, २०६६, ऐतिहासिक रञ्जै वगाले थापा वंशावली, काठमाडौं, : २०६६,पृ. १

काहिंलो भाइ दुर्गराजसिंह थापा र कान्छो भाइ सिंहराजसिंह थापा कामको सिलसिलामा दुबईमा कार्यरत छन् । बाबुरामसिंह थापाका श्रीमती विष्णुदेवी थापा, छोराहरू विजयसिंह थापा र अभिषेकसिंह थापा  हुन् भने छोरीहरू रश्मी र ॠचासिंह थापा हुन् । छोरी रश्मी र ॠचासिंह थापाको विवाह पनि भैसकेको छ । हाल बाबुरामसिंह थापा ललितपुरको सैँबु गा.वि.स. वडा नं. ४ मा ८० वर्षकी आमाका साथ सपविार सहित बसोबास गर्दै आएका छन् । थापा पारिवारिक रूपम विखण्डित रहे पनि आपसी सहयोग र मायाले उनीहरूलाई बाँधेको पाइन्छ । (शोधनायकका अनुसार) बाबुरामसिंह थापाको वंशावलीलाई यसरी वंशवृक्षका रूपमा अनुसूची १ मा राखिएको छ ।

## २.३ बाल्यकाल

बाबुरामसिंह थापाको जन्मदेखि ४ वर्षसम्मको उमेर महिबलकोट गाउँमा र त्यसपछिको अवधि पटना र त्यसपछि निमिया घाटमा बिताएको पाइन्छ । आफ्ना पितासँगै त्यहाँ गएका थापाले त्यहीको विद्यालयमा अध्ययन गरेको पाइन्छ । थापाको बाल्यकाल पढ्ने, माछामार्न जाने, पूजापाठमा सामेल हुने, विभिन्न खेलहरू जस्तै कुस्ती, डन्डिबियो, गिर्खा आदि खेल्दै बितेको पाइन्छ । बाल्यकालमा थापाको पढाइप्रति रूचि सारै रहेको देखिंदैन् । थापाको बाल्यकाल मध्यम वर्गीय परिवारका बच्चाकोझैँ बितेको पाइन्छ ।

## २.४ शिक्षा

### २.४.१ विद्यालय शिक्षा

बाबुरामसिंह थापाले आफ्ना पितासँगै भारत गएपछि झारखण्ड हजारीवागको निर्मल हाईस्कुलमा कक्षा ८ (आठ) सम्म अध्ययन गरेको पाइन्छ । आफ्ना पिताको चन्द्रपुरमा सरुवा भएपछि त्यहीको हाईस्कुलमा र माइथान सरुवा भएपछि स्वतन्त्र विद्यार्थीको हैसियतले विहार विद्यालय परीक्षा समिति पटनाबाट सन् १९७० मा म्याट्रिक उत्तीर्ण गरेको देखिन्छ ।

### २.४.२ उच्च शिक्षा

बाबुरामसिंह थापाले राँची विश्वविद्यालय अन्तर्गत वि.एस.के. कलेज माइथानबाट सन् १९७४ मा आई.कम. र सन् १९७६ मा वि.कम. उत्तीर्ण गरेको पाइन्छ । त्यस्तै वि.सं. २०४० मा एम.बि.एस. त्रिभुवन विश्वविद्यालय कीर्तिपुरबाट उत्तीर्ण गरेको पाइन्छ ।

## २.५ उपनयन र विवाह

बाबुरामसिंह थापाको उपनयन १४ वर्षको उमेरमा भएको हो । सो कर्म भारतबाट नेपाल फर्केर भएको हो । उनको विवाह भने वि.सं. २०२७ सालमा बरभञ्ज्याङ गा.वि.स. नावरुङ्ग निवासी स्व. भीमबहादुर कार्कीकी जेठी सुपुत्री विष्णु कार्कीसँग भएको हो । उनीहरूका विजयसिंह र अभिषेक गरी दुई छोरा र रश्मी र ऋया गरी दुई छोरी रहेका छन् । उनको दाम्पत्य जीवन सुखद किसिमले अगाडि बढेको पाइन्छ ।

## २.६ आर्थिक अवस्था र आजीविका

बाबुरामसिंह थापाको पारिवारिक पृष्ठभूमि मध्यम वर्गीय देखिन्छ । सूरवीर लडाकु अमरसिंह थापाका सन्तान भएका र भारतमा गएर यिनका बुबाले भारतीय सेनामा सेवा गरेकोले र यिनको परिवार शिक्षित, सुसंस्कृत, सभ्य र सांस्कारिक रहेको मध्यम वर्गीय पारिवारिक माहोलको झझल्को दिन्छ । यिनी विभिन्न सङ्घ-संस्थाहरूमा कार्य गर्दै उप प्राध्यापक जस्तो गरिमामय पदमा कार्यरत भएकोले उनको आर्थिक हैसियत मध्यम वर्गीय नै देखिन्छ । सेनामा कार्यरत भएको बखत यिनका पिताको हैसियत पनि राम्रो भएको र चुँदीमा पनि थुप्रै जग्गा जमिन भएकाले उनको आर्थिक अवस्था मजवुत नै देखिन्छ । हाल उनी पाटन संयुक्त क्याम्पसमा उप प्राध्यापक तथा सहायक क्याम्पस प्रमुख भई महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेका छन् र यही पेसाबाट यिनको आजीविका चलेको पाइन्छ ।

## २.७ पेसागत संलग्नता

बाबुरामसिंह थापाको पेसागत जीवनको सूत्रपात वि.सं. २०३४ सालमा गाउँको निम्न माध्यमिक विद्यालयमा प्रधानाध्यापकमा नियुक्तिभएसँगै भएको पाइन्छ । उनले सो पदमा दुई वर्ष बिताएको बुझिन्छ । (शोधनायकबाट प्राप्त जानकारीको आधारमा ।) वि.सं. २०४० सालमा आई.डी.एस. भन्ने गैरसरकारी संस्थाको अनुसन्धान सहायकको रूपमा कार्य गरेको बुझिन्छ । त्यसपछि इटवेस संस्थामा कार्यक्रम संयोजकका रूपमा १ वर्ष काम गरेको देखिन्छ । बालसङ्ठन मातहतको समाज कल्याण केन्द्र पाँचखालमा केन्द्र प्रमुख भएर दुई वर्ष काम गरेको देखिन्छ । त्यहाँ काम गर्न असुबिधा भए पछि फर्पिङमा ए.आर.का सम्बन्धनकर्ता भएर दुई वर्ष संयोजक भई कार्य गरेको देखिन्छ । त्यसपछि उनी निमोनिया आयोजना ए.आर.आई.मा चार वर्ष जुम्ला गएको थाहा हुन्छ । त्यसपछि उनी ग्रामीण

विकास कार्यक्रम कालिकोटमा को-अर्डिनेटर भएर दुई वर्ष कार्य गरेको देखिन्छ । थापा वि.सं. २०५१ देखि पाटन संयुक्त क्याम्पस पाटनढोका, ललितपुरमा प्राध्यापन गर्दै आएका छन् ।

## २.८ रूचि र स्वभाव

बाबुरामसिंह थापाले साहित्य सिर्जनाका साथै सङ्गीत र नाटकमा रूचि राख्ने गरेको पाइन्छ । खेलकुदतर्फ फुटबल, क्रिकेट, टेबलटेनिसमा पनि यिनको रूचि रहेको पाइन्छ । देशको मौलिक संस्कृतिको प्रवहनमा यिनको विशेष रूचि रहेको देखिन्छ ।[3] समाजसेवामा धेरै समय बिताएका र बिताउदै आएकाले यिनी जुनसुकै सेवातर्फ पनि अग्रसर हुँदै आएका छन् । अरुलाई वचन र व्यबहारले दुःख नदिने यिनको स्वभाव देखिन्छ ।[4] स्पष्ट बोल्ने, शालीन र भरपुर रूपमा प्रस्तुत हुने, तर्कशील र बौद्धिक संवाद गर्ने यिनको स्वभाव देखिन्छ । खानेकुरामा नेपाली खानेकुरा मनपराउने थापा कोट,पाइन्ट र कालो टोपीमा आफूलाई सजाउने गर्दछन् भने विशेष अवस्थामा दौरा-सुरुवालमा नै प्रस्तुत हुने गर्दछन् । विदेशी रहन-सहन र विदेशी मिठो मसिनो भन्दा स्वदेशी पीठोमा नै आनन्द मान्ने उनको स्वभाव रहेको पाइन्छ ।[5]

## २.९ साहित्य सिर्जना

बाबुरामसिंह थापाले वि.स. २०३३ सालबाट आफ्नो साहित्यिक यात्रा तय गरेका हुन् । उनले थालनी गरेको लेखन आरम्भ र सिर्जनाका प्रभाव र प्रेरक तत्त्वको शीर्षक अनुसार चर्चा गरिएको छ ।

### २.९.१ प्रेरणा र प्रभाव

कुनै पनि क्षेत्रमा अभ्यस्त हुने क्रममा व्यक्तिले कुनै न कुनै क्षेत्र तथा व्यक्तिबाट प्रेरणा लिएकै हुने गर्दछ  र कतै न कतैबाट प्रभावित भएकै हुन्छ । एवम् रीतले बाबुरामसिंह थापा माध्यमिक तहमा अध्ययन गर्दा हजारीवाग र चन्द्रपुरा जस्ता ठाउँमा बिक्रीका लागि

[3] शोधनायक बाट प्राप्त जानकारी अनुसार

[4] कृष्ण प्रसाद दाहालबाट प्राप्त जानकारी अनुसार

[5] विष्णु देवी थापा बाट प्राप्त जानकारी

राखिएका पुस्तकहरू र पत्रिकाहरू, हात्तिमताइ, गुलवकावली, शिशिर वसन्त, चन्दामामा, पराग आदि पढेर प्रेरित भएका पाइन्छन् । त्यस्तै आई.कम. अध्ययन गर्दाखेरी कादम्बिनी, दिनमान, माया र सरिता जस्ता पत्रिकाहरूले थापालाई साहित्यिक क्षेत्रमा अभिप्रेरित गरेको देखिन्छ । इब्नेशफी बी.ए का जासूसी उपन्यासबाट पनि थापा अभिप्रेरित भएको पाइन्छ । थापा नेपाल, भारत तथा पाश्चात्य साहित्यका सर्जकहरूबाट पनि प्रभावित भएको देखिन्छन् ।

### २.९.२ रुचि र स्वभाव

बाबुरामसिंह थापाले वि.सं. २०३३ सालमा **उद्‌गार** शीर्षकको कविता लेखेर सिर्जनात्मककार्यको थालनी गरेका हुन् । उक्त कविता उनले जिल्ला स्तरीय कविता प्रतियोगिताको लागि तयार गरेका थिए । त्यस प्रतियोगितामा उनी द्वितीय भए । उनको प्रकाशित पहिलो रचना भने कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित **महापुरुष** (२०६०) शीर्षकको कविता हो ।

## २.१० साहित्यिक सेवा

बाबुरामसिंह थापाले आफ्नो साहित्यिक साधनाकाक्रममा इतिहास, दर्शन, अध्यात्म सम्बन्धी लेख रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित गरेका छन् । उनले एउटा कविता सङ्ग्रहको प्रकाशन गरेका छन् । यसका साथै अन्य नियात्रा सङ्ग्रह, कविता सङ्ग्रह र उपन्यास प्रकाशित गर्ने तयारीमा रहेका छन् । उनका प्रकाशित पुस्तकाकार कृतिहरू निम्नानुसार रहेका छन् :

(क) महापुरुष (२०६०) कविता सङ्ग्रह

(ख) अखण्ड नेपाल (२०६२) प्रबन्ध सङ्ग्रह

उल्लिखित **अखण्ड नेपाल** प्रबन्ध सङ्ग्रहका प्रबन्धहरू फुटकर रूपमा यस अघि नै विभिन्न समयमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भइसकेका लेखहरू हुन् ।

## २.११ वैचारिक आस्था

बाबुरामसिंह थापा मार्क्सवादी विचारधाराका अनुयायी हुन् । उनी ने.क.पा. (एमाले) को भातृसंस्था नेपाल प्रगतिशील प्राध्यापक सङ्घसँग आबद्ध छन् । मार्क्सको द्वन्द्वात्मक

भौतिकवादमा विश्वास राख्ने थापा पूर्वीय आध्यात्मवादी दर्शनबाट पनि प्रभावित रहेका छन् । यसर्थ उनले मार्क्सको द्वन्द्वात्मक भौतिकवाद र पूर्वीय आध्यात्म वादको फ्युजनले आफ्नो वैचारिक धरातल निर्माण गरेका छन् ।

## २.१२ अविस्मरणीय घटना

व्यक्तिका जीवनमा थुप्रै घटनाहरू घटने गर्दछन् । भनिन्छ मानिस घटनाहरूको पुञ्ज हो । घटेका थुप्रै घटनाहरूमध्ये कति विस्मृतिमा बिलाउछन् भने कति व्यक्तिको मन र मस्तिष्कमा सलवलाउने गर्दछ । बाबुरामसिंह थापाका जीवनमा पनि थुप्रै घटनाहरू घटेका छन् । उनी माइथानबाट तनहुँ आउने क्रममा समस्तीपुरमा उपन्यास पढ्दै गर्दा एउटा पुलिसले छोरो बनाएर पाल्छु मसँग हिँड भनेर फकाएको तर आफू त्यहाँबाट फुत्केर भागेको घटना स्मरणमा ल्याउने गर्दछन् । त्यस्तै थापा कक्षा ९ मा अनुत्तीर्ण हुँदा सुवाषचन्द्रवोस चलचित्रको नक्कल गर्दै घरबाट भागेर बम्बई जान आँटेको तर एक्कासि आमा बाबुको सम्भना आएर, पैसा तथा बाटोखर्च नपुग्ने ठानेर घर फर्केको घटना पनि थापाको मानसस्पटलमा आइरहने घटना हो । त्यस्तै वि.सं. २०४० सालमा इटवेस संस्थाको कार्यकर्ताको रूपमा दोलखाका लेकहरूमा अनुसन्धानमा जाँदा त्यहाँ खरी जुकाको आतङ्क र गाउँलेहरूको कथन पनि थापाको जीवनको अविस्मरणीय घटना भएर रहेको बुभिन्छ । यसरी नै वि.सं. २०४२ सालतिर इटवेस संस्थाको रिसर्च अफिसरको हैसियतले बाणिज्य बैंकसम्बन्धी अध्ययन गर्न परासी, चितवन, सुस्ता जाँदा डाँका मुन्ना खाँको आतङ्क र आतङ्कपूर्ण व्यवहार पनि थापाको जीवनकै अविस्मरणीय घटना हो ।

## २.१३ जेल जीवन

भारतबाट वि.कम. उत्तीर्ण गरेर तनहुँको महिवल गाउँको निम्न माध्यमिक विद्यालयमा प्रधानाध्यापक भएर कार्य गर्दा तत्कालीन पञ्चायती वडा अध्यक्षसँग वादविवाद हुँदा एक दिन थुनुवामा परेको देखिन्छ । ती वडा अध्यक्षले एउटी नेवार्नीसँग शारीरिक सम्बन्ध राखेर जन्मेको बच्चाको न्वारन गर्न दिएनन् भन्ने आरोपमा थापा सहित केही बहुदलवादी युवाहरूलाई प्रमुख जिल्ला अधिकारीको ठाडो आदेशले नियन्त्रणमा लिइएको थियो । जबकि थापा लगायतका युवाहरूले नेवार्नी र उसको बच्चाको संरक्षणको आवाज उठाएको थिए ।

## २.१४ संस्थागत संलग्नता

बाबुरामसिंह थापा पेसागत संस्थाहरूका अतिरिक्त अन्य सामाजिक सङ्घ-संस्थाहरूमा पनि संलग्न रहेको पाइन्छ । उनी संस्थापक अध्यक्ष वगाले थापा कल्याणकारी परिषद् काठमाडौँ, संस्थापक अध्यक्ष राष्ट्रिय विभूति अमरसिंह थापा प्रतिष्ठान काठमाडौँ, क्षेत्री समाज राष्ट्रिय महासङ्घ काठमाडौँ, अध्यक्ष प्रगतिनगर एकीकृत विकास समाज सैँवु ललितपुर, आजीवन सदस्य नेपाल रेडक्रस सोसाईटी नेपाल र सल्लाहाकार सदस्य मृगेन्द्र सम्झना चिकित्सा गुठी काठमाडौँ र लुनिमाका सल्लाहकार समेत रहेका छन् ।

## २.१५ भ्रमण

बाबुरामसिंह थापाले आफ्नो संस्थागत कार्य सम्पादनको सिलसिला र फुर्सदको समयमा विभिन्न ठाउँहरूको भ्रमण गरेका छन् । उनले भारतको बद्रीनाथ, वैद्यनाथ, कलकत्ता, तारापीठ, काशी, हरिद्वार, उडीसा, कामरूप, कामाक्षा आदिको भ्रमण गरेका छन् । त्यस्तै नेपालका गोरखा, देवघाट, मुक्तिनाथ, गोसाईकुण्ड आदि र तिब्बतको गुगाखरी प्रदेशको भ्रमण गरेका छन् ।[६]

## २.१६ मानसम्मान र पुरस्कार

बाबुरामसिंह थापाले विभिन्न सङ्घ-संस्थाहरूबाट मानसम्मान र प्रसंशापत्र पाएका छन् । उनले वि.सं. २०५४ सालमा मृगेन्द्र चिकित्सा गुठीबाट प्रसंशापत्र पाएका छन् । त्यस्तै २०६७ सालमा आदर्श सौल युवक उ.मा.वि., वि.सं. २०६७ सालमै श्रीकृष्ण मा.वि. छैमले काठमाडौँ र लुनिभा बाल सरोकार समूहबाट प्रसंशापत्र पाएको देखिन्छ ।

## २.१७ निष्कर्ष

बाबुरामसिंह थापाको जन्म वि.सं. २०१० पुस २६ गते गण्डकी अञ्चल तनहुँ जिल्ला महिवलकोट गाउँमा पिता स्व. सुबेदार चित्रवीरसिंह थापा र माता यमुना थापाको जेष्ठ सुपुत्रका रूपमा भएको हो । उनले भारत झारखण्डको निर्मल हाइस्कुलमा कक्षा ८ सम्म

[६] शोध नायक, पूर्ववत :

पढी विहार विद्यालय परीक्षावोर्ड पटनाबाट सन् १९७० मा म्याट्रिक उत्तीर्ण गरेको देखिन्छ । उनले राँची विश्व विद्यालय अन्तर्गतको वि.एस.के. कलेज माइथानबाट सन् १९७४ मा आई.कम. र सन् १९७६ मा वि.कम.उत्तीर्ण गरेको पाइन्छ । उनले त्रि.वि.वि. कीर्तिपुरबाट वि.सं. २०४० सालमा एम.वि.एस. उत्तीर्ण गरेका हुन् । बाल्यकाल भारतको झारखण्डमा बिताएका थापाको आर्थिक अवस्था मध्यम वर्गीय देखिन्छ । उनको उपनयन वि.सं. २०२४ सालमा भएको हो भने विवाह वि.सं. २०२७ सालमा भएको पाइन्छ । वि.सं.२०३४ सालमा तनहुँको निम्न माध्यमिक विद्यालयबाट आफ्नो शिक्षण पेसाको सूत्रपात गरेको पाइन्छ । वि.सं. २०४० देखि २०५१ समम विभिन्न सङ्घ-संस्थाहरूमा कार्यरत थापाले वि.सं. २०५१ सालबाट पाटन संयुक्त क्याम्पस पाटनढोका, ललितपुरमा प्राध्यापन जस्तो गरिमाय सेवामा प्रवेश गरेर सेवारत रहेका छन् । थापाले आफ्नो साहित्यिकयात्रा वि.सं. २०३३ बाट तय गरेका छन् । यसैक्रममा उनले **महापुरुष** (२०६०) कविता सङ्ग्रह र **अखण्ड नेपाल** (२०६२) प्रबन्ध सङ्ग्रहको प्रकाशन गरेका छन् ।

# तेस्रो परिच्छेद
# बाबुरामसिंह थापाको व्यक्तित्वको अध्ययन

## ३.१ परिचय

बाबुरामसिंह थापा विभिन्न व्यक्तित्व धारण गरेका व्यक्ति हुन् । उनी कवि, प्रबन्धकार, कथाकार र सम्पादक हुन् । त्यस्तै प्राध्यापक, राजनीतिक, संस्थागत, आध्यात्मिक अन्वेषक व्यक्तित्व हुन् । यस अध्याय अन्तर्गत बाबुरामसिंह थापाको यिनै व्यक्तित्वहरूको अध्ययन गरिएको छ ।

## ३.२ शारीरिक व्यक्तित्व

बाबुरामसिंह थापा आकर्षक शारीरिक व्यक्तित्वका देखिन्छन् । उनी ७० के.जी. तौल र ५ फिट २ इन्च उचाई भएका गहुँगोरो वर्णका व्यक्ति हुन् । शालीन र भद्र स्वभावमा प्रस्तुत हुने थापा धेरै जसो कोट, पाइन्ट र टोपीमा सजिने गर्दछन् । मोटो शरीर भएका थापा मिलनसारिता देखाउने प्रतिबद्ध व्यक्तित्व हुन् । चिन्तनशीलता उनको अनुहारबाटै स्पष्ट हुन्छ । यसैगरी उनको दृष्टिमा सानो र ठूलोको विभेद रहँदैन् र उत्तिकै सम्मान गर्न सक्ने उनको स्वभाव देखिन्छ ।[7]

## ३.३ कवि व्यक्तित्व

बाबुरामसिंह थापाले वि.सं. २०३३ सालमा **उद्गार** शीर्षकको कविता लेखेर आफ्नो कवितात्मकयात्रा सुरु गरेका हुन् । तर उनका कविताहरू वि.सं. २०६० साल पूर्व प्रकाशित भएको पाइन्न । उनको **महापुरुष** शीर्षकको कविता कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको थाहा हुन्छ । थापाले वि.सं. २०६० सालमा **महापुरुष** नामक कविता सङ्ग्रह प्रकाशित गरेका छन् । जसमा ४१ वटा कविताहरू सङ्गृहीत छन् । राष्ट्रियता, सार्वभौमिकता, अखण्डता, आध्यात्मिकता, प्राकृतिक परिदृश्य, शृङ्गार, भौतिकता,

[7] माधव लम्साल बाट प्राप्त जानकारी अनुसार

साम्प्रदायिक सद्भाव आदि थापाका कविताका मूल विषयवस्तु रहेका छन् । विसङ्गति तथा विकृतिहरू माथि व्यङ्ग्य यिनका कविताहरूमा भएका छन् । यसैले उनी राष्ट्रवादी कवि हुन् ।[8]

## ३.४ प्रबन्धकार व्यक्तित्व

बाबुरामसिंह थापाले कविता पछि आफ्नो सिर्जना क्षमता देखाएको विधा प्रबन्ध हो । उनका प्रबन्धहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् । वि.सं. २०३३ सालबाट सिर्जना यात्रामा लागेका थापाले प्रबन्धहरूको प्रकाशन वि.सं. २०४६ साल पछिमात्र गरेका हुन् । उनका थुप्रै प्रबन्धहरू जनआस्था, बालतृष्णा, घटना र विचार, हाम्रो सम्पदा, मधुपर्क कान्तिपुर आदि पत्रपत्रिकाहरूमा प्रकाशित भएका पाइन्छन् । यिनै फुटकर रूपमा प्रकाशित भएका प्रबन्धहरूलाई वि.सं. २०६२ सालमा **अखण्ड नेपाल** नामक प्रबन्ध सङ्ग्रहका रूपमा प्रकाशित गर्न थापा सक्षम भएका छन् । आत्मपरक, वस्तुपरक, विवरणात्मक, विश्लेषणात्मक ढाँचामा प्रबन्धहरूको रचना गरिएको छ । इतिहास, दर्शन, राजनीति, आध्यात्म आदि थापाका प्रबन्धका विषयवस्तुहरू हुन् । प्रबन्धकार एक इतिहास, अन्वेषक, राजनीतिक विश्लेषक, दर्शन विश्लेषक भएर प्रबन्धभरी पोखिएका छन् । प्रबन्धकार व्यक्तित्व थापाको महत्त्पूर्ण साहित्यिक व्यक्तित्व हो ।

## ३.५ सम्पादक व्यक्तित्व

बाबुरामसिंह थापाले सम्पादन विधामा पनि आफ्नो क्षमता प्रस्तुत गरेका छन् । उनले **ऐतिहासिक रञ्जै वगाले थापा वंशावली** को सम्पादन गरेका छन् । उक्त वंशावलीमा वगाले थापाको वंशको अन्वेषण गर्दै उनीहरूको वीरताको प्रसङ्ग उल्लेख गर्दै विभिन्न विद्वानहरूले तयार पारेको लेख रचनाहरूको सङ्ग्रह गरिएको छ । यसै गरी उनले राष्ट्रिय विभूति अमरसिंह थापा प्रतिष्ठानबाट प्रकाशित हुने अमर-मिमांश स्मारिकाको पनि सम्पादन गरेका छन् । उक्त ग्रन्थ वा स्मारिकाले थापाको सम्पादक व्यक्तित्व उज्ज्वल रहेको तथ्य प्रस्तुत गर्दछ ।

---

[8] कृष्ण प्रसाद दाहालबाट प्राप्त जानकारी अनुसार

### ३.६ प्राध्यापक व्यक्तित्व

बाबुरामसिंह थापाले वि.सं. २०५१ सालमा पाटन संयुक्त क्याम्पसबाट प्राध्यापन पेसाको थालनी गरेका हुन् । उनी उक्त क्याम्पसको व्यवस्थापन सङ्कायको सहायक क्याम्पस प्रमुख भएर कार्य गरिरहेका छन् । त्यस्तै उनी आदर्श सौल युवक उच्च माध्यमिक विद्यालय र कलेजका दस जोड दुई र त्यो भन्दा माथिल्लो तहलाई पनि अध्यापन गराउँदछन् । उनी सक्षम प्राध्यापक पनि हुन् । यसरी उनको प्राध्यपक व्यक्तित्वको निरूपण गर्न सकिन्छ ।[१]

### ३.७ शिक्षक व्यक्तित्व

बाबुरामसिंह थापाले वि.सं. २०३४ सालमा तनहुँको एक निम्न माध्यमिक विद्यालयमा प्रधानाध्यापक भएर केही वर्ष कार्य गरेको देखिन्छ । पछि सो शिक्षण पेसा छोडेर अन्यत्र लागेको देखिन्छ । उनको उक्त शिक्षक व्यक्तित्व राम्रो रहेको थाहा हुन आउँदछ ।

### ३.८ संस्थागत व्यक्तित्व

बाबुरामसिंह थापाले विभिन्न गैरसरकारी तथा अन्तर्राष्ट्रिय सङ्घ-संस्थाहरूमा अनुसन्धान अधिकृत तथा कार्यकर्ता भएर कार्य गरेको पाइन्छ । उनले आई.डि.एस. मा अनुसन्धान सहायकका रूपमा कार्य गरेको पाइन्छ भने त्यसपछि इटवेसमा रिसर्च अफिसर भएर कार्य गरेको देखिन्छ । उनले स्वालम्बन विकास केन्द्र भन्ने संस्थामा पाटन संयुक्त क्याम्पसको प्राध्यापन सेवामा प्रवेश गर्नु अघि ४ वर्ष कार्य गरेको देखिन्छ । यी पेसागत, संस्थागत व्यक्तित्व बाहेक उनी अन्य सङघ-संस्थाहरूमा पनि सम्बद्ध रहेको पाइन्छ । ती हुन्: अमरसिंह प्रतिष्ठान, क्षेत्री समाज राष्ट्रिय महासङ्घ आदि । यसरी उनको संस्थागत व्यक्तित्वको निरूपण गर्न सकिन्छ । यसरी उनको संस्थापक व्यक्तित्व पनि उदाहरणीय रहेको स्पष्ट हुन्छ ।

### ३.९ राजनीतिक व्यक्तित्व

बाबुरामसिंह थापा द्वन्द्वात्मक भौतिकवादमा विश्वास राख्ने एक प्रखर व्यक्तित्व हुन् । उनी हाल ने.क.पा. (एमाले) को भातृ सङ्गठन नेपाल प्रगतिशील प्राध्यापक सङ्घ पाटन

---

[१] अच्युत शरण अर्यालबाट प्राप्त जानकारी अनुसार

संयुक्त क्याम्पस इकाइसँग सम्बद्ध छन् । यद्यपि उनी आफ्नो पेसाको वेवास्ता गरेर निहित पद र प्रतिष्ठाको लागिमात्र राजनीतिक प्राणीको भेष धारण नगरी पेसागत अधिकारको लागि राजनीति गरेको बुझिन्छ ।

### ३.१० आध्यात्मिक व्यक्तित्व

बाबुरामसिंह थापा सनातन वैदिक धर्ममा विश्वास गर्ने र सोही अनुसार क्रियाकलाप गर्ने व्यक्ति हुन् । उनी भौतिकवाद र पूर्वीय आध्यात्मवादको फ्युजनद्वारा आफूलाई प्रस्तुत गर्ने व्यक्तित्व हुन् । उनी मठ-मन्दिर गएर पूजाआजा गर्ने, चाडपर्वहरू मनाउने व्यक्ति हुन् । यतिमात्र होइन योग र क्रियायोगको माध्यमबाट आफ्नो आत्माभित्र रहेको ईश्वरीय अंशको अनुभूत गर्न सकिन्छ भन्ने कुरामा दृढ विश्वास राख्ने व्यक्तित्व हुन् ।

### ३.११ उद्घोषक व्यक्तित्व

बाबुरामसिंह थापाले समारोह तथा कार्यक्रमहरूमा उद्घोषण गर्दै आएको पाइन्छ । आकर्षक र ओजदार स्वरका कलाकार तथा स्रष्टा थापाको उद्घोषणशैली अनुकरणीय देखिन्छ । उनको धाराप्रवाहको उद्घोषण कलाले हर श्रोता तथा दर्शकलाई त्यसैत्यसै मन्त्रमुग्ध बनाउने गरेको पाइन्छ । यसबाट पनि उनको उद्घोषक व्यक्तित्व उजागर हुन पुगेको छ ।[१०]

### ३.१२ राष्ट्रवादी व्यक्तित्व

बाबुरामसिंह थापा प्रखर राष्ट्रवादी व्यक्तित्व भएका व्यक्ति हुन् ।[११] उनका अधिकांश लेख रचनाहरूका वैचारिक धारालाई नियाल्दा उनमा देशभक्तिपूर्ण भावनाले ओतप्रोत भएको पाइन्छ । उनी गैरसाहित्यिक क्रियाकलापका अतिरिक्त उनको अधिकांश समय राष्ट्रियताको चिन्तन र सो को बहसमा बिताउँदै त्यससँग सम्बन्धित क्रियाकलापमा संलग्न भएको देखिन्छ । राष्ट्रियता, देशभक्ति तथा तीव्र कर्तव्यवोधकै कारणले आफ्नो मातृभूमि नेपाललाई कर्मथलो बनाएका छन् ।

---

[१०] शोध नायकबाट प्राप्त जानकारी अनुसार

[११] माधव खतिवडाबाट प्राप्त जानकारी अनुसार

### ३.१३ सामाजिक व्यक्तित्व

बाबुरामसिंह थापाले मठ, मन्दिर निर्माण गर्ने देखि विभिन्न सङ्घसंस्थालाई आर्थिक सहयोग गर्ने काम गाउँघरमा विकास निर्माणको कार्यमा सहभागिता जनाउने काम, सार्वजनिक जग्गाहरूको संरक्षण, गुठी जग्गाहरू मास्नबाट जोगाउने अभियान, द्यैसी-भैलो खेलेर आर्थिक संकलन गरी विद्यालयमा भवन तथा फर्निचरको निर्माण गर्ने काम गरेका छन् । त्यसका साथै दलित, उत्पीडित वर्गका मानिसको उत्थानमा सहयोग गर्ने काम गरेका छन् ।

### ३.१४ बहुभाषिक व्यक्तित्व

बाबुरामसिंह थापा नेपाली, हिन्दी, अंग्रेजी र वंगाली भाषामा दख्खल भएका व्यक्ति हुन् । यसका साथै भोजपुरी, उर्दु, मैथली आदि भाषा बोल्न सक्ने क्षमता पनि उनमा रहे को पाइन्छ ।

### ३.१५ विचारक व्यक्तित्व

बाबुरामसिंह थापा राष्ट्रको उत्थानका लागि आफ्नै मौलिक विचारहरू राखेर त्यसलाई जनसमक्ष प्रस्तुत गरी उत्प्रेरित गर्ने, साधनको शुद्धताले साध्यलाई शुद्ध बनाउछ भन्ने वैदिक चिन्तनको अनुयायी बनेर चारै दिशाबाट शुभ विचारहरूको आह्वान गरी प्रायजसो हरेक दिनमा मातृभूमिको ढोग गर्ने र त्यसबाट प्राप्त भएका उर्जालाई अरूमा बाँड्नुपर्छ भन्ने विचार संगालेको पाइन्छ । यस लौकिक संसार भन्दा बाहिर पनि अनगिन्ति अलौकिक जगत् छन् भन्ने विचारबाट उत्प्रेरित भएर तिनको विषयमा गहिरो चिन्तन मनन गरी साब्धिक माध्यमबाट प्रेषण गर्ने प्रवृत्ति रहेको पाइन्छ ।

### ३.१६ साँस्कृतिक व्यक्तित्व

बाबुरामसिंह थापा संस्कारबाट प्राप्त मौलिक क्रियाकलापलाई अझ वढी परिमार्जित गर्दै प्राचीन र अर्वाचिन महापुरुषहरू प्रेरणादायी जीवनको सारतत्व ग्रहण गरी असल मानिस बन्ने क्रममा काम, क्रोध, लोभ, मोह, मध, मात्सर्यको परित्याग गर्दै आफ्ना

पुर्वजहरूले देखाएको पवित्र मार्गमा अग्रसर हुने संस्कृतिलाई शिरोधार्य गर्नु नै जीवनको लक्ष्य रहेको छ ।

## ३.१७ प्रशासनिक व्यक्तित्व

बाबुरामसिंह थापाले नेपालका थुप्रै गैरसकारी तथा विश्वविद्यालयको जिम्मेवार पदमा रही प्रशासनिक कार्यमा संलग्न रहँदा थुप्रै आरोह-अवरोहमा हेलिनु परेको र त्यसक्रममा तितामीठा अनुभवहरू प्राप्त भएको छ । नेपालमा आफ्नो आचरणलाई जोगाएर कतै कुनै भ्रष्टाचार नगरी जीवन बाँच्न सक्नु नै कठीन कार्य हो । ब्रह्मचार्य र पारिवारिक मोहबाट विरत हुँदै समानता र निष्पक्षताको जीवन बाँच्न खोज्दा थुप्रै अपमान र समस्याहरूको चक्रव्युहमा परेका थुप्रै दृष्टान्तहरू छन् । हृदयभित्र पवित्रता, काँधमा जिम्मेवारी र मस्तिष्कमा समझदारी लिएर अघि वढ्न खोज्दा अवगालको सिकार हुने वर्तमान परिवेशमा बाँचेर अघि वढ्ने दृढ संकल्प र अविचलित रहन सक्नु महान पुर्वजहरूको आशीर्वाद हो भन्ने ठम्याइ छ ।[12]

## ३.१८ निष्कर्ष

बाबुरामसिंह थापा गहुँगोरो वर्ण भएका, मोटो र आकर्षक शारीरिक व्यक्तित्व भएका व्यक्ति हुन् । उनी शालीन र भद्र देखिन्छन् । उनी कवि, प्रबन्धकार, सम्पादक व्यक्तित्व हुन् । त्यस्तै राजनीतिक, उद्घोषक, संस्थागत, आध्यात्मिक व्यक्तित्व पनि थापाको अर्को पक्ष हो । त्यस्तै शिक्षक तथा प्राध्यापक महत्त्वपूर्ण व्यक्तित्व पनि हुन् ।

[12] शोधनायक, पूर्ववत्

# चौथो अध्याय
# बाबुरामसिंह थापाका कृतित्वको अध्ययन

## ४.१ परिचय

यस अध्याय अन्तर्गत बाबुरामसिंह थापाको कृतिहरूको अध्ययन गरिएको छ । थापाको साहित्यिक यात्राको निरुपण गर्दै प्रवृत्तिगत अध्ययन समेत गरिएको छ । उनका कृतिहरूको वर्गीकरण गर्दै कृतिहरूको विवरण समेत प्रस्तुत गरिएको छ । वि.सं. २०३३ सालबाट साहित्यिक यात्रामा आफूलाई क्रियाशील बनाएका थापाले विषयवस्तुको प्रस्तुतिको आधार, प्रवृत्तिहरूको निरुपण गरिएको छ । यस खण्डमा साहित्यकार थापाका प्रकाशित प्रबन्ध सङ्ग्रह र कविता सङ्ग्रह गरी दुई वटा कृतिहरूको समूल अध्ययन गरिएको छ ।

## ४.२ बाबुरामसिंह थापाको साहित्यिक यात्राको अध्ययन

बाबुरामसिंह थापा नेपाली साहित्यका प्रबन्ध, कविता, कथा तथा नियात्रा जस्ता बहुविधामा कलम चलाउने साहित्यकार हुन् । यद्यपि उनका कथा र नियात्राका सङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको बुझिन्छ । वि.सं. २०३३ सालमा **उद्गार** शीर्षकको कविता लेखेर साहित्यिक महायज्ञमा होमिएका थापाले विभिन्न कालखण्डमा साहित्यिक रचनाहरू रचेको पाइन्छ । रचनाको प्रकाशन समय र पुस्तकार कृतिको प्रकाशनलाई आधारमान्दा बाबुरामसिंह थापाको साहित्यिक यात्रालाई दुई भागमा वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ । वि.सं. २०३३ देखि वि.सं. २०५९ सालसम्म पहिलो चरण वा अभ्यासिककाल र वि.सं. २०६० देखि यताको समयावधि दोस्रो चरण वा विकासकाल रहेको छ ।

### ४.२.१ पहिलो चरण आभ्यासिक काल (२०३३-२०५९)

बाबुरामसिंह थापाले वि.सं २०३३ सालमा **उद्गार** शीर्षकको कविता लेखेर जिल्ला स्तरीय कविता प्रतियोगितामा भाग लिएको आधारमा उनको कवितात्मक यात्राको पहिलो चरण निर्धारण गरिएको हो । वि.सं. २०३४ सालमा नेपाल फर्केर गाउँको सरस्वती नि.मा.वि.मा प्र.अ.का रूपमा कार्यभार सम्हाल्ने सिलसिलामा थुप्रै कथाहरू लेखिएको भए पनि तत्काल प्रकाशन हुने अवसरबाट भने बञ्चित रहेको पाइन्छ । त्यस्तै जुम्ला र

कालीकोटमा रहँदा थुप्रै कविताहरू लेखिए पनि प्रकाशन हुन नसकेको स्थिति देखा पर्छ ।[13] वि.सं. २०४६ सालसम्म प्रकाशनको हिसाबले पूर्ण रिक्तताको अवधि हो । त्यसपछि उनका लेख रचनाहरू जनआस्था जस्ता पत्र-पत्रिकाहरूमा प्रकाशित हुन थालेको पाइन्छ । पञ्चायती शासनको विरोध गर्दा जेलको चीसो सिँडीको भुक्तभोगी बन्न बाध्य भएका र बहुदलीय व्यवस्थाको चरम विकृतिबाट गुज्रेका सर्जक भएको हुँदा उनका लेख रचानाहरूमा विकृति र विसङ्गतिहरूको यत्रतत्र चित्रण गरिएका पाइन्छन् । राष्ट्रियता, सार्वभौमिकता, अखण्डताका सवाललाई उठान गरी भौतिकता र आध्यात्मिकताको तुलनात्मक अध्ययन गरिएका पाइन्छ । साथै इतिहासको दोष र गुण पक्षहरूको सूक्ष्म अवलोकन गरिएका छन् । उनका कतिपय प्रबन्धहरूमा सशस्त्र द्वन्द्वको औचित्यमाथि प्रश्न गरिएको पाइन्छ ।

यसरी लेखनको शिथिलता, प्रकाशनको रिक्तता र पुस्तकाकार कृतिको शून्यतालाई आधारमान्दा यो प्रथम चरण पूर्व आभ्यासिक चरण भएको देखिन आउँछ ।

### ४.२.२ दोस्रो चरण विकास काल (२०६० देखि हालसम्म)

बाबुरामसिंह थापाको साहित्यिक यात्राको यो चरण वि.सं. २०६० सालमा प्रकाशित **महापुरुष** (२०६०) कविता सङ्ग्रहबाट भएको हो । ४१ वटा कविताहरू सङ्गृहीत प्रस्तुत सङ्ग्रहका कविताहरूमा राष्ट्रियता, अखण्डता, स्वाधीनता, राष्ट्रिय गौरव, प्राकृतिक शृङ्गारिकता, मानवीय संवेदना, आर्थिक,सामाजिक, साँस्कृतिक, राजनैतिक विषयवस्तुहरू समावेश गराइएको छ । त्यस्तै वि.सं. २०६२ सालमा प्रकाशित **अखण्ड नेपाल** प्रबन्ध सङ्ग्रहले थापाको साहित्यिक यात्रामा नयाँ आयाम थप्न पुग्दछ । इतिहास, अध्यात्म, दर्शन सम्बन्धी प्रबन्धहरू समावेश गरिएको उक्त सङ्ग्रहमा राष्ट्रियता, अखण्डता, साम्प्रदायिक सद्भाव, सशस्त्रद्वन्द्व, नेपाल एकीकरण, भौतिकवाद, देहवाद आदि विषयहरूलाई समेटिएको पाइन्छ । विषयवस्तुको प्रचुरता, प्रयोगवादी र समसामयिक कविताहरूको फ्युजन, चर्चा-चित्रण, संस्कृत र हिन्दी भाषाको प्रभाव, राष्ट्रियता, विकृति र विसङ्गतिप्रति व्यङ्ग्य थापाका कविताहरूको वैशिष्ट्य देखिन्छ ।

यसरी बाबुरामसिंह थापाको साहित्यिक यात्राको निरूपण गर्न सकिन्छ ।

---

[13] शोध नायकबाट प्राप्त जानकारी

## ४.३ बाबुरामसिंह थापाका कृतिहरूको विवरण

बाबुरामसिंह थापाका कृतिहरूलाई यसरी वर्गीकरण गर्न सकिन्छ :

**(क) पुस्तकाकार कृतिहरू**

१. महापुरुष (२०६०) कविता सङ्ग्रह

२. अखण्ड नेपाल (२०६२) प्रबन्ध सङ्ग्रह

**(ख) अन्य रचनाहरू**

१. उद्गार (२०३३) फुटकर कविता

२. अमर मीमांसा भाग एक र दुई सम्पादन

३. ऐतिहासिक रञ्जै बगाले थापा वंशावली (२०६६)

४. नियात्रा (प्रकाशोन्मुख)

## ४.४ बाबुरामसिंह थापाका कृतिको अध्ययन

बाबुरामसिंह थापाले वि.सं. २०३३ सालबाट साहित्यिकयात्रा तय गरेका हुन् । पाण्डुलिपिका रूपमा थुप्रै रचनाहरू रहे पनि सीमित रचनाहरूले मात्र प्रकाशोन्मुख देखेका छन् । विशेष गरेर प्रबन्ध र कविता विधामा कलम चलाउने थापाका प्रबन्धहरू कान्तिपुर, मधुपर्क, विविध साप्ताहिक पत्रिका आदिमा प्रकाशित भएका छन् । उनले पुस्तकाकार कृतिका रूपम **अखण्ड नेपाल** प्रबन्ध सङ्ग्रह प्रकाशन गरेका छन् । उक्त सङ्ग्रहमा धर्म, इतिहास, दर्शन सम्बन्धी विषयवस्तुहरूलाई समेटिएका पत्रिकाहरूमा प्रकाशित भएका प्रबन्धहरू समावेश गराइएको छ । त्यस्तै थापाले **महापुरुष** शीर्षकको कविता कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गराएर विधिवत रूपमा कवितायात्रा गरेका हुन् । यद्यपी वि.सं. २०३३ सालमा लेखिएको **उद्गार** कवितालाई बिर्सन् मिल्दैन् । वि.सं. २०६० सालमा त्यही महापुरुष कवितालाई शीर्षक बनाएर **महापुरुष** कविता सङ्ग्रह प्रकाशित गराउन सफल हुन्छन् । यहाँ **महापुरुष** (२०६०) कविता सङ्ग्रह र **अखण्ड नेपाल** (२०६२) प्रबन्ध सङ्ग्रहको अध्ययन गरिएको छ ।

### ४.४.१ बाबुरामसिंह थापाका कविताको अध्ययन

बाबुरामसिंह थापाले वि.सं. २०३३ सालमा **उद्गार** शीर्षकको कविता लेखेर कवितायात्रा तय गरेका हुन् भने कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा **महापुरुष** शीर्षकको कविता पहिलो कविता हो । छापाहरूमा कमै मात्रामा प्रकाशित भए पनि थापाका कविताहरूले लामो अभ्यासकाल भोगेको पाइन्छ । त्यही अभ्यासको परिणामले वि.सं २०६० मा **महापुरुष** नामक कविता सङ्ग्रहको जन्म गराउँछन् । उक्त सङ्ग्रहमा सङ्गृहित कविताहरूमा राष्ट्रियता, अखण्डता, सार्वभौमिकता, ऐतिहासिक गौरवता, शृङ्गारिकता, प्राकृतिक छटाहरू, प्रजातन्त्र, सशस्त्रद्वन्द्व, साम्प्रदायिक सद्भाव, आध्यात्मिकता, भौतिकता, आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक विसङ्गति, मानवीय संवेदनालाई विषयवस्तु बनाइएको छ । राष्ट्रियतालाई मूल विषय बनाएर कविता लेख्नु थापाको वैशिष्ट्यता देखिन्छ । यसैको आधारमा थापाको **महापुरुष** (२०६०) कविता सङ्ग्रहको अध्ययन गरिएको छ ।[१५]

### ४.४.१.१ महापुरुष कविता सङ्ग्रहको अध्ययन (२०६०)

महापुरुष कविता सङ्ग्रह राष्ट्रियता, ऐतिहासिक गौरव, आध्यात्मिकता, मानवीय संवेदना आदि विषयवस्तुहरूको अभिव्यक्ति गरिएको कविता सङ्ग्रह हो । लेखक स्वयम्को भूमिका रहेको विवेच्य सङ्ग्रहको आवरण पनि कवि स्वयम् कै रहेको छ । विशेषतः राष्ट्रितालाई केन्द्रीयतामा राखेर कविता सङ्ग्रहको निर्माण भएको छ । मूल विषय राष्ट्रियता, अखण्डता, सार्वभौमिकता भए पनि अन्य विषयवस्तुहरूको परिधीय संयोजन गरिएको छ । कवि थापाले विभिन्न कालखण्डमा र स्थान विशेषमा रहँदा सिर्जना गरेका कविताहरू सङ्ग्रहमा सङ्गृहीत गरिएको छ । सङ्गृहित कविताहरू विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ ।

**(क) लोलाएका आँखामा पलाएका सपना**

प्रस्तुत सङ्ग्रहमा सङ्गृहीत पहिलो कविता हो **लोलाएका आँखामा पलाएका सपना** प्रस्तुत कविताले ३० वर्षे पञ्चायती निरङ्कुश व्यवस्थाको अन्त्य भई प्रजातन्त्रको पुनः

---

[१५] सुरेन्द्रवरसिंह थापाबाट प्राप्त जानकारी

स्थापनाको सन्दर्भलाई सङ्केत गरेको छ । निरङ्कुश पञ्चायती व्यवस्थाले जनताका सम्पूर्ण हक अधिकारहरू अपहरण गरेको थियो । शासकहरू भोगविलासी भएका थिए । देशमा हत्या, हिंसा, बलात्कार, अन्याय अत्याचारले पराकाष्ठा नाघेको थियो । देश जरजर अवस्थामा पुगेको थियो । त्यस अवस्थामा जनताहरूले राजनीतिक दलहरूको अगुवाइमा वि.सं. २०४६ सालमा जनआन्दोल गर्दछन् र देशलाई पञ्चायती निरङ्कुश शासन व्यवस्थाबाट मुक्त पार्दछन् । अनि जनजनमा नयाँ-नयाँ सपनाहरू पलाउन थाल्दछन्, परिवर्तनको सम्भाव्यतको बाढी आउँछ र नागरिकमा गाँस, बास र कपास जस्ता आधारभूत आवश्यकता तथा अधिकारको प्रत्याभूति हुँदै शिक्षा, स्वास्थ्य, सूचनाको हक, मानव अधिकार आदिको जगेर्ना हुनेमा जनताहरू विश्वस्त रहेको तथ्यको उद्बोधन गर्दै कवि यस्तो अभिव्यक्ति प्रस्तुत गर्दछन् :

लामो समयको प्रसव-पीडा पछि
मुलुकले वेदनाबाट राहत पाएको छ
सुनौलो भविष्य पर्खी बसेका
असंख्य चाहना र आशाका पालुवाहरू
सिङ्गो मुटुभरि पलाएको छ ।[15]

हुनसक्ने अस्थिरता तथा हुँदै गरेको अस्थिरताको सङ्केत गरिएको प्रस्तुत कविताले सम्पूर्ण उपलब्धिहरूको रक्षा गर्दै राष्ट्र निर्माणमा जनसमूदायलाई आह्वान गरिएको छ । २१ पङ्क्ति र ३ अनुच्छेदमा विभक्त प्रस्तुत कविताले शुक्रतारा जस्ता खगोलीय बिम्बको प्रस्तुती दिएको छ । सरल र सम्प्रेष्य भाषा शैलीको प्रयोगले कविता आकर्षक बनेको छ ।

### (ख) छचल्किएका स्वरहरू

प्रस्तुत कविता कामका सिलसिलामा विदेश पलायन भएका नेपालीहरूलाई स्वदेश फर्केर देशको सेवा गर्न आह्वान गरिएको कविता हो । सपना सुनदर हुन्छन् त्यसलाई चुम्ने चाहाना सबैको हुन्छ । सुबिधा सबैलाई चाहिन्छ । दुःख, आँसु, पीडाबाट मुक्ति सबैले खोज्दछन् त्यो खोज्नु कुनै पनि व्यक्तिको आत्माधिकार हो । तर धेरै खुसी खोज्दा सम्पन्नताको सपना देख्दा, वसन्तै वसन्तको अपेक्षा गर्दा जीवनहरू वर्वाद भएका छन् ,

---

[15] महापुरुष कविता संङ्ग्रह, विष्णुदेवी थापा, २०६०, पृ.१

स्वर्गको सपना भङ्ग भएर नर्कको जीवन व्यतीत गर्नु परेको विवशताबाट हामी जानकार छौं । खाडीका मुलुकहरूमा कैदी भएका, मारिएका र आफ्नो मुलुक, परिवार, साथी-भाइबाट ओझेलमा परेका नेपालीहरूको पीडाबाट हामी सचेत छौं । त्यस्तै भारतका सेना प्रहरीमा हेपिएर बसेका कुल्ली र पाले भएर जीवन व्यतीत गरिरहेका नेपालीहरूको दुर्दशाबाट कवि जानकार छन् । यसरी सुबिधा, गास, बास, कपासको सुनिश्चितता, शिक्षा, स्वास्थ्य आदिको लागि जे, जस्तो परिस्थितिमा विदेश पलायन भएका नेपालीहरू हुन् तिनीहरूलाई स्वदेश फर्केर राष्ट्र निर्माणमा राष्ट्रको आर्थिक, सामाजिक, सास्कृतिक, राजनीतिक रूपान्तरणको अभियानमा होमिन कविले आग्रह गरेका छन् ।

कविले स्वदेश फर्कन आग्रह गर्दै यस्तो अभिव्यक्ति प्रकट गरेका छन :

विदेशमा भौंतारिदै
विदेशीको अपमान र अवहेलना स्वीकार्दै
कान्छा र बहादुर बन्न पुगेका
हाम्रो नियतिमाझ
स्वर्णिम समय तिमी
घाम-जुन बनेर उदाउने गर
ह्मम्रो चुँडिएको हृदय भरी
आस्थाको नौलो-दीप
जलाउने गर
पौरखी नेपालीहरू हो
विदेशमा चहार्न छाडेर
गाउँ-बेंसी सिङ्गार्ने गर'[16]

यसरी विदेशी भूमिमा आफ्नो रगत पसिना बगाइरहेका नेपालीहरूलाई राष्ट्रियताको दुहाई दिदैं स्वदेश फर्कन आग्रह गरिएको कविता ३६ पङ्क्तिमा संरचित छ । २ वटा अनुच्छेदमा विभक्त प्रस्तुत कविताको शीर्षक सार्थक देखिन्छ । दुवो, फूल, इन्द्रेणी, जस्ता प्राकृतिक छटाको प्रयोग यहाँ भएको छ । केही वर्णविन्यास सम्बन्धी समस्याहरू देखिएका छन् भने सरल भाषा शैलीको प्रयोग भएको छ ।

---

[16] ऐजन, पृ. ६

### (ग) विस्मृत यात्री

कविता आयातित दर्शन, विचार, सिद्धान्त र तिनको प्रयोगको विरोध गर्दै मौलिक दर्शन, विचार, सिद्धान्त र स्वदेशी भावनाको प्रतिनिधिमूलक प्रयोगमा जोड दिएको कविता हो । हामी अरु मुलुकमा सम्पन्न भएका क्रान्तिलाई नजीर बनाउँदै त्यही क्रान्ति सिद्धान्तलाई स्वदेशमा प्रयोग गर्ने गर्दछौं । विदेशी भौगोलिक स्थिति कस्तो थियो ? त्यस राष्ट्रको आर्थिक, राजनैतिक, सामाजिक, सांस्कृतिक, धार्मिक परिवेश कस्तो थियो ? त्यसमा हाम्रो आँखा जाँदैनन् । सयौं वर्ष अगाडि अरु देशमा प्रयोग भएर प्रायः असफल भैसकेका सिद्धान्तहरूको प्रयोग गरेर आफ्नै वंशनाश गर्न हामी उद्वत् छौं । विदेशीको धापमा रमाउँदै उनीहरूले थमाएको हतियारको बलमा हामी हाम्रै बस्तीहरूमा विष्फोटको ताण्डव नाचिरहेका छौं । दुई चार जना टाठाबाठा भनाउदा नेताहरूको पुच्छर भएर हामी हाम्रै देश लुटिरहेका छौं । हामी हाम्रो अस्तित्व दाउमा राख्दै छौं । विदेशी सिद्धान्तहरूको प्रयोगशाला बन्दै र देशलाई पनि प्रयोगशाला बनाउदै हामी दास मनोवृत्तिबाट परिचालित हुदै छौं । आफ्नो देशको भौगोलिकता जनभावना, जनताको साझेदारीपूर्ण सद्भाव संवेदना, आर्थिक, सामाजिक, साँस्कृतिक सद्भाव तथा परिवेशको वेवास्ता गर्दै सिद्धान्तलाई आर्थिक तथा शक्ति सञ्चयको साधन बनाउन अभ्यस्त नेताहरूले कोरीदिएको लक्ष्मण रेखामा हामी नेपाली समेटिन पुगेका छौं । हामी दिशाहीन भएका छौं । हामी अज्ञात पथका यात्री भएका छौं र हामीलाई भ्रमित पारिएको छ । हाम्रो यात्रालाई रोक्ने काम भएको छ । हो यसलाई रोक्दै सही र गलत छुट्टयाउँदै हामीले अन्धता, विस्मृतिभ्रमको पर्दा उठाउदै देशको मौलिकताको रक्षा गर्नुपर्छ । यही भाव प्रस्तुत कविताले अभिव्यक्त गरेको छ ।

कविले उल्लेखित भावहरूलाई यसरी अभिव्यक्त गरेका छन् :

आज<br>
अमूल्य ज्ञान र संस्कृतिका भण्डारहरू<br>
कौडीको भाउमा बेचेर<br>
पराइ दर्शन र झुठा सत्य स्वीकार्दै<br>
चक्रव्यूहमा होमिदै<br>
निजस्वरूपको पहिचान बिर्सेर<br>
अन्धमहासागरमा पौडीरहेछ<br>
मृगतृष्णा बोकेर

निरन्तरको कठोर संकल्पको अभावमा
सत्यं, शिवं, सुन्दरंमा डंढेलो लाएर
हुरीको चरा झैं
दिगभ्रमित र दिशाहीन
क्षणिक आवेगमा
वायुको प्रचण्ड बेगमा
सम्पति गिद्धको दुस्साहस निम्त्याउदै
जीवन-मरणको दोसाँधमा
तामस सिउरेर सर्वाङ्गमा
अन्धकासुर बनीरहेछ
विवेकशून्य यात्रा थालीरहेछ ।[17]

यसरी आफ्नो देशको मौलिक सिद्धान्त, भावना, भौगोलिकता अनुसार देश परिचालित हुनुपर्ने र विदेशी सिद्धान्तको अनुशरण गर्नु अघि त्यसको वस्तु स्थितिको आंकलन गर्नु जरुरी हुने तर्क कविले व्यक्त गरेका छन् । २४ पङ्क्तिमा संरचित संरचित प्रस्तुत कवितामा अन्त्यानुप्रासको अनियमित संयोजन पाइन्छ । आध्यात्मिक विम्बको रूपमा सम्पत्ति, गिद्ध, शिव, अन्धाकासुर, आदिको प्रयोग भएको छ । भाषाशैली सम्प्रेष्य नै देखिन्छ ।

## (घ) अखण्ड सपना

प्रस्तुत कविता नेपालराज्यका पर्वतक वा एकीकरणकर्ता पृथ्वी नारायण शाहलाई नामक बनाउदै उनले राष्ट्रको लागि पुऱ्याएको योगदानको महिमा गाइएको कविता हो । पृथ्वी नारायण शाहले आफ्नो अखण्ड नेपालको सपना साकार पार्ने सन्देशमा परिवार, भाइभारदारका निजी चाहानाहरूलाई वेवास्ता गरेको तथ्य कविले व्यक्त गरेका छन् । वढ्दो अंगेजी हुकुमतलाई चुनौती दिन एकीकरण आवश्यक थियो । तदनुरूप पृथ्वी नारायण शाहले एकीकरण गर्दै एकीकृत राज्यका भाषा, साहित्य, कला, संस्कृतिको सम्मान गरेको तथ्य कविले प्रस्तुत गरेका छन् । सादा जीवनका अनुयायी पृथ्वी नारायण व्यावहारिकता बुझेका,

[17] ऐजन पृ. ६

सहनशील, वीरपुरुष रहेका तथ्य उद्बोधन गर्दै पृथ्वी नारायण शाहका उपदेशको महिमा व्यक्त गर्न कवि समर्थ भएका छन् ।

हालका वर्षहरूमा जसरी विदेशीको चलखेल, षडेयन्त्र, नेताहरूको सत्ता र पैसाको विदेशीहरूसँग झुक्ने प्रवृत्ति व्याप्त छ त्यस्तै खेल पृथ्वीनारायण शाहको शासनको सेरोफेरोमा पनि व्याप्त थियो भन्दै आफ्ना अभिव्यक्तिलाई यसरी प्रकट गर्दछन् :

उहिले पनि
बाइसी-चौबीसी राजाके पालामा
यस्तै षडेन्त्र चलेको हो
राग-द्वेषको राँको बलेको हो
दाजु-भाईको लडाइँमा
फिरङ्गी गुहार्दा
झण्डै पशुपतिको सुनको गजुर
ढलेको हो
यस्तै विकट समयमा
बडामहाराजाले नेपाल एकीकरणमा
जेठी खुँडा उजाए
तीन शहरको संस्कृति माने
यही जेठी खुँडाको प्रतापले
बैरीको टाउको गिंड्दै
नेपाल एउटै बनाए[18]

वि.सं. २०६१ सालको अघिको राजनीतिक अस्थिरता माओवादी जनयुद्ध कालीन परिवेश, दरबारको प्रत्यक्ष शासन आदि परिवेशसँग नेपाल एकीकरणको परिवेशलाई तुलना गरिएको कवितामा पृथ्वीनारायण शाहका सकारात्मक गुणहरूको चर्चा गर्दै त्यसको अनुशरण गर्न आम नेपालीलाई आग्रह गरिएको छ । ६८ पङ्क्तिमा संरचित प्रस्तुत कविताको शीर्षक सार्थक रहेको छ ।

[18] ऐजन पृष्ठ नं. ७

### (ङ) प्रजातन्त्रको पुकार

प्रस्तुत कविता प्रजातन्त्रको वास्तविक उद्देश्य, कार्य, महत्त्व आदि बारे प्रकाश पार्दै वि.सं.२०४६ साल पछि पुनःस्थापना भएको प्रजातन्त्रलाई मानवीकृत गरिएको कविता हो । हजारौं शहीदहरूको वलिदानले प्राप्त भएको प्रजातन्त्रको स्थापनामा कविले जोड दिएका छन् । जनताले जनताका लागि प्रजातन्त्रबाट निर्वाचित प्रतिनिधिहरूबाट गरिने प्रणालीलाई प्रजातान्त्रिक प्रणाली भनिन्छ । प्रजातन्त्र यो प्रणाली जहाँ मानव अधिकार, वाक् स्वतन्त्रता, सूचनाको हक, स्वास्थ्य, शिक्षाको सुनिश्चितता हुन्छ । जहाँ गाँस, वास र कपासको प्रत्याभूति हुन्छ । यही सम्पूर्ण अधिकारहरूको सुनिश्चित गर्दै राष्ट्रको आर्थिक विकास, वैज्ञानिक उन्नति, सामाजिक तथा साँस्कृतिक रुपान्तरण गर्दै समानता र सद्भावको दियो प्रज्वलन गर्नुपर्नेमा कविले जोड दिएका छन् । राष्ट्रियता सम्बन्धी सचेतना जनमानसमा फिंजाउनु पर्नेमा कविले सङ्केत गरेका छन् ।

कवि प्रजातन्त्रको पुकारलाई यसरी अभिव्यक्ति दिन पुग्दछन् :

आउ ! हामी शिव-संकल्प गरौं
आफ्नो भविष्यको निर्माण
हामी आफैं गर्ने छौं
संचेतनाको पानस बालेर
नेपालीको घर दैलोमा
बिकासको घाम झुल्काउने छौं
स्वतन्त्रता, समानता र भातृत्वको
शाश्वत संदेश बोकेर
अदम्य साहसको
सद्वीज उमारेर
पाखा-पखेरामा
सुनाखरी फुलाउने छौं ।[१७]

यसरी प्रजातन्त्रलाई मानवीकृत गर्दै प्रजातान्त्रिक मूल्य मान्यताहरूको जगेर्ना गर्न आह्वान गरिएको प्रस्तुत कविता २७ पङ्क्तिमा संरचित छ । जुनेली रात, मौरी, शीत, सुनाखरी आदि प्राकृतिक छटाहरू तथा सृष्टिगत संरचनाको चित्रण प्रस्तुत कवितामा भएको छ ।

[१७] ऐजन पृष्ठ नं. १०

(च) **पुकार**

प्रस्तुत कवितामा वि.सं. २०५२ सालपछि सुरु भएको सशस्त्र द्वन्द्व र त्यसको सेरोफेरोलाई आँकलन गरिएको छ । जनयुद्धका नाममा भएका हत्या, आतङ्क, लुटपात, बलत्कार, बेपत्ता आदिलाई चित्रण गर्दै विदेशीको चलखेलको मुलुक बनेको चर्चा कविले गरेका छन् । कविले सशस्त्र द्वन्द्वको सान्दर्भिकता, औचित्यता र नियतप्रति प्रश्न उठाउदै हाम्रा देशका राजनेता, रूपान्तरणका नाइकेहरू, कि त विदेशीको इशारामा देशलाई बेच्दै छन् कि त षडयन्त्रका जालमा जेलिंदै छन् । घरका सदस्यहरू खराब भए भने घर नै बर्वाद हुन्छ । परिवारहरू तहस नहस हुन्छन् । त्यतिमात्र होइन् कुलको गौरव नै क्षेय हुन्छ । त्यसरी नै देशका राजनेताहरू नीति निर्माताहरू बुद्धिजीविहरू, राष्ट्रभक्त सेवकहरू खराब भए अनिर्देशित भए, पथभ्रष्ट भए भने राष्ट्रको अस्तित्व नै धरापमा पर्छ र राष्ट्र विघटन र विलयको स्थितिमा पुग्दछ भन्ने धारणा कविले व्यक्त गरेका छन् ।

कविले आफ्नो देश मन परेन भन्दै कुनै पनि नागरिकले अरुको इशारामा देश भाँड्न पाउँदैनन्, रगतको होली खेल्न पाउँदैन् भन्दै आफ्नो आक्रोश यसरी प्रकट गर्दछन् :

आसुरी शक्तिको पक्षपाती बनेर
मुलुक भाँड्न खोज्नेहरू हो
मुलुकको अस्तित्व
फाटेको भोटो होइन
मन परेन भन्दैमा
रच्छ्यानमा फालिदिने[२०]

३५ पङ्क्तिमा संरचित प्रस्तुत कविताले ऐतिहासिक गौरवको साक्षीमा वर्तमान पुस्ताका देश निर्माणका ठेकेदारहरूलाई सचेत तुल्याएको छ । सम्प्रेष्य भाषाशैलीको प्रयोग गरिएको प्रस्तुत कवितामा पौराणिक विम्बहरूको साङ्केतिक प्रयोग भएको छ ।

(छ) **उद्‌गार**

नेपाल-अङ्ग्रेज युद्धका वीर योद्धा अमरसिंह थापालाई नायक बनाउँदै तत्कालीन घात प्रतिघातको चित्रण गरिएको प्रस्तुत कविताले अमरसिंहको त्याग र योगदानलाई प्रशंसा

[२०] ऐजन पृष्ठ नं. १४

गरिएको छ । पृथ्वी नारायण शाहको अवसानपछि दरबारमा षडेयन्त्रको ताण्डव नै मचिन्छ । यसैबेला नेपाल र अंग्रेजबीच युद्धको घोषणा हुन पुग्दछ । ब्रम्हपुत्र टिस्टासम्म, किल्ला काँगडासम्म र काश्मीरसम्म आफ्नो पाइलाको छाप छोड्ने नेपाली सेनाका नायक अमरसिंह अंग्रेजहरूसँग युद्ध हुँदाहुदै भएको सुगौली सन्धिबाट आहत भएर गोसाइँकुण्डमा गएर देह त्याग गर्दछन् । त्यस्ता वीर महापुरुषको योगदान, वीरताको महिमाले आधुनिक पुस्ताहरूलाई राष्ट्रको अखण्डता, सार्वभौमिकता, स्वाधीनताको लडाइँमा प्रेरणा र मार्गनिर्देशन गरिरहने तथ्यको उद्बोधन कविले गरेका छन् ।

कवि थापाले अमरसिंहले इष्ट इन्डिया कम्पनीले कुमाउ गढ्वालको राजा बानाइदिने प्रस्तावलाई ठाडै अस्वीकार गरेको सन्दर्भ यसरी उद्वोधन गरेका छन् :

कालीपारका मुलुकमा
विजय-पताका फहराउँदै
काश्मीरका सुरम्य प्रदेशमा
बिश्रान्ति लिने
तिम्रो अधुरो सदिच्छा
इष्ट इण्डिया कम्पनीसंगको
लामो र कठिन युद्धमा
कुमाउँ-गढवालको
राजा बनाइदिने प्रलोभन छोडेर
गिट्ठा-भ्याकुर खान रूचाउने
रूखका पात-बोक्रा चपाउदै
समर्थ बैरीसंग लडिरहने
तिम्रो वीरोचित अठोट
मुलुकलाई प्रेरणा दिइरहेछ
संधैभरि[21]

विदेशी दलालहरू तत्कालीन अवस्थामा पनि थिए । त्यसैको निरन्तरता आजको युग हो । एउटा स्वाभिमानी अमरसिंह विदेशी दलालहरू र अचेतीत तथा अशिक्षित जनताहरूका

[21] ऐजन पृष्ठ नं. १८

लाञ्छना, आक्षेप र कृतज्ञाताबाट आहत भएर गोसाईकुण्ड पुगेर देहत्याग गर्दछन् । यसरी अमरसिंह थापाको वीरता, शौर्य, राष्ट्रका लागि पुऱ्याएको योगदान मूल्याङ्कन गरिएको प्रस्तुत कविताको शीर्षक लाक्षणिक रूपमा सार्थक देखिन्छ । ऐतिहासिक विषयवस्तुको प्रस्तुति भएकाले ऐतिहासिक विम्बहरूको प्रयोग हुनु स्वाभाविक नै हो र कवितामा ऐतिहासिक अन्वेषण गर्नु कविको वैशिष्ट्य देखिन्छ । ६७ पङ्क्तिमा संरचित यस कविताको भाषा सम्प्रेष्य देखिन्छ भने हिन्दी भाषाको शैलीगत प्रभाव रहेको पाइन्छ ।

**(ज) उपेक्षामा बाँचेकी आमा**

प्रस्तुत कविता गाउँवेसी छाडेर शहर, विदेश, पलायन हुने नियतिको चित्रण गर्दै विरानो हुदै गएको गाउँ उजाड हुँदै गएको, पाखा पखेरु र सन्तान हुँदाहुँदै पनि निसन्तानको परिवेश झेल्दै गरेका बाबु आमाको विवशताको कारुणिक चित्रण गरिएको कविता हो । गाँस, वास र कपासको समस्याबाट उन्मुक्त हुन, शिक्षा र स्वास्थ्य सुलभताको लागि सुन्दर भविष्यको जगेर्नाका लागि सुविधा सम्पन्न जीवनयापनका लागि मान्छेहरू जीवनका उत्तरार्द्धमा हिंड्दै गरेका आमाबुबालाई त्यही भीरपाखा कन्दरा र पाखा पखेरुमा छोडेर शहर र विदेशमा पलायन हुने गर्दछन् । यसमा दोष विदेसिने सन्तानहरूको मात्र छैन् । केन्द्रीकृत राज्य प्रणाली, शहर उन्मुख विकास निर्माण, यातायात, सञ्चारको विस्तार नहुनु र त्यहाँको सामन्तकृत समाज मूल दोषी हुन् । जे जस्ता वाध्यताबाट, शोखबाट, परिवन्धबाट विदेशिए पनि बाबुआमाले आफ्ना सन्तान कहिले आउलान् भनेर कुर्नु (पर्खनु) पर्ने नियति भएको छ । आखिर मायाँ त मायाँ नै हो आफूले रगत पसिनाले हुर्काएका मुटुका टुक्राको मायाँ नगर्ने कुन चाहिँ बाबुआमा होलान । विशेषतः आमाहरू आफ्ना सन्तानका यादमा पलपल मरिरहेका हुन्छन् र एक झल्को हेर्नका लागि तड्पिन्छन् । आमाहरू उपेक्षित, अपहेलित र तिरस्कृत छन् । तर आमाहरू आफ्ना सन्तान जे जस्ता भए पनि मायाँ नै गरिरहन्छन् । उनीहरूको यादमा आँसु बगाई रहन्छन् भन्ने भाव प्रस्तुत कविताले व्यक्त गरेको छ । कवितामा आमालाई प्रतिनिधि पात्र बनाइएको छ ।

सन्तान र आमाको विछोड र मिलनको नियतिलाई कवि यसरी आँकलन गर्छन् :

जब म शहर छाडेर<br>
प्रकृतिको काखमा पुग्छु<br>
आफू जन्मे-हुर्केको

रमाइलो गाउँमा पुग्छु
ती दु:खी आमा
जहिले पनि
भक्कानो छाडेर रूने गर्छिन
म पनि रूने गर्छु
मनै थाम्न सक्दिन
तर के गर्नु र !
परिस्थितिले गांजेको मेरो अस्तित्व
भौतिकताले जडिएको मेरो व्यक्तित्व
स्वाभिमानलाई बन्धक राखेर
तिता-मिठा अनुभूति सँगालेर
बाँच्नु पर्ने रहेछ-जिन्दगी
म त
चाहेर/नचाहेर प्रवासिने गरेको छु
संधैभरि[२२]

त्यस्तै आमाको पर्खाइहरूलाई कवि यसरी अभिव्यक्ति दिन पुग्छन् :

मेरी बुढी आमा
छोरो आउने आशमा
बाटो हेरिरहेकी हुन्छिन्
जब आँखा पट्याउन थाल्छन्
उनी
भित्ताको अडेस लागेर
औलामा दिन गन्दै
भोलिको विहानी पर्खिने गर्छिन
साँच्चिनै
जब म

[२२] ऐजन पृष्ठ नं. २०

गालामा लाली चढेर
विदेशिने गर्छु
दुई-चार सयमा बेचिएर
सुखका दिन किन्ने गर्छु
आमा निदाउरो मुख लाएर
टोल्हाउने गर्छिन्
एक पछि अर्को गरी
रित्तिएको कोखले विरक्त
असमयमै सेतै फुलेकी
मेरी असहाय आमा
सम्भावनाको खोजिमा
कालरात्रिहरू बिताउने गर्छिन्[२३]

यसरी सन्तानहरूको विदेशिने क्रममा आमाहरू चिन्तित छन्, हृदय छियाछिया भएको छ, आँखाहरू टोलाएका छन्, ओठहरू लोलाएका छन् भन्दै सन्तानहरू विदेसिनु पर्ने विवशताको आँकलन गरिएको प्रस्तुत कविताले परिधीय रूपमा नेपाल आमाको नियतिको प्रस्तुति दिन सफल भएको छ । ६५ पङ्क्तिमा संरचित प्रस्तुत कविताको भाषा सम्प्रेष्य देखिन्छ भने शैली पूर्व विश्लेषित कविताहरूसँग मेल खान जान्छ ।

### (झ) आँखाभरि पलाएका आशा

प्रस्तुत कविता एउटा प्रेमिले आफ्नो प्रेमिकाको संसर्गबाट टाढा रहनुपर्दा खेरी हुने तडप, जलन, विह्वलता, नैराश्यतालाई चित्रण गरिएको कविता हो । प्रेमको परिभाषा के हो ? यसको पहिचान के हो ? प्रेमको जन्म कसरी हुन्छ ? आखिर प्रेम के हो ? यो आजसम्म अनुत्तरित प्रश्न हो । प्रेममा डुबेपछि जताततै आफ्नो प्रेमी र आफ्नो प्रेमिकाको झझल्को आउदछ । एक झल्को पाउन आँखा तर्सिन्छन् । बाटाहरूमा आँखाहरू ओछिन्छन् । रातभरी उसकै याद आउछ र ऊ विना संसार नै फिका लाग्छ । यिनी प्रेमका सामान्य

[२३] ऐजन पृष्ठ नं. २१

लक्षण हुन् । प्रस्तुत कवितामा कविले आफ्नी प्रेमिकासँग विछोडिनु पर्दाको परिवेश र त्यसले उनको मानसिकतामा परेको अघातहरूलाई चित्रण गरेका छन् ।

कवि आफ्नो विक्षिप्ततालाई यसरी पोख्दछन् :

तिम्रो यादमा संधैभरि
तारासंग मितेरी लाएर
मौन आकाशमा
केही खोज्ने गर्छु
लमतन्न परेका पहाडसंग
वेदनाको अजस्त्र कथा
पोख्ने गर्छु[५]

कसैको प्रतिक्षामा समय व्यतित गर्न गाह्रो हुन्छ त्यो पनि आफ्नो प्रेयसीको असहायता त हुने नै भयो । रात झन-झन लामा हुन पुग्दछन् । दिनहरू कहिले जाँदैन् । निन्द्रा न त भोक न त दिलमा चैन, यस्तो बेलामा ताराहरू, पहाडहरू नै साथी हुने भाव प्रस्तुत कवितांशमा उद्‌बोधन भएको छ । शैङ्गारिक भावधारामा आवद्ध प्रस्तुत कविताले ४७ पङ्क्तिमा आफ्नो आयाम विस्तार गरेको छ । शीर्षक सार्थक देखिन्छ । किनभने प्रेम, प्रणय, मिलन, विछोडका विषयवस्तु र त्यसको गहिराइलाई भेट्नभावहरू सफल भएका छन् । सम्प्रेषित भाषाशैली र हिन्दी लेखनको प्रभाव ग्रहण कविताले गरेको छ । कर्णाली, जुनेली रात, वादल, आकाश आदि प्राकृतिक छटा र सृष्टिगत अवयवहरूको प्रयोग गरिएको छ । प्रेमिकाको मुहारसँग जुनेली रातको प्रतिविम्बन भएको छ ।

## (ञ) काँतर भएर बाँच्नुभन्दा त मर्नु निको

प्रस्तुत कविताले नेपालीहरूको वरताको वकालत गर्दै नेपालीहरू आदिमकाल देखि आजसम्म वीरतामा बाँचिरहेको तथ्यलाई उजागर गरेको छ । अगाडि बढेपछि पछि हट्ने नेपालको बानी छैन् । दुसमनहरूलाई नजिती नेपाली मर्दैन । आफू पहिले निहूँ खोज्दै र निहूँ खोजेर आउनेलाई छाड्दैन । देशभित्रका निरंकुश शासक होस् वा विदेशी विस्तारवाद र साम्राज्यवादीका नाइके तथा मुलुकहरू कसैको अगाडि वीर नेपालीहरू झुक्दैन, डटेर

---

५ ऐजन पृष्ठ नं. २६

मुकाविला गर्दछ । शान्ति र सद्भावको हात बढाउनेका लागि नेपालीहरू आफ्नो मुटुनै दिन्छन् भने शत्रुता साँध्ने राष्ट्रघातीहरूका लागि आरिङ्गाल बनेर डस्छन् । हजारौं वीर विरङ्गनाहरूको जन्मथलो नेपाल शान्तिको उद्गमथलो हो । हामी काँतर भएर कहिल्यै बाँचेनौ । हरेक युद्धमा दुश्मनको सलामी खाएरै मऱ्यौं । कसैसँग झुकेनौं र कसैको सामु घुडा टेक्नु भन्दा मर्नु वेश ठान्यौं । इतिहास केही कलङ्कहरूको बोलवाल र निरन्तरताले हामी वीर नेपालीको स्वाभिमानको प्रतिनिधित्व गर्ने  गर्न सक्दैनौं । समग्रमा भन्दा राष्ट्रियता र राष्ट्रियशान गौरवको प्रस्तुति हो । प्रस्तुत कवितामा यहाँ वीर नेपालीका मानसिकताको चित्रण गरिएको छ ।

कविले नेपालीहरू क्रान्ति र शान्तिका लागि सदैव तयार रहेको तथ्यलाई यसरी प्रस्तुत गरेका छन् :

हाम्रो छातीमा कसैले टेक्यो भने
यो चोलाको कसले पर्वाह गर्छ र
हामी त अरिंगालको गोलो
शत्रुलाई टोकी-टोकी मारिदिने
यही हो हाम्रो परम्परा र धर्म
जन्मैदेखि सिकेको पाठ
कानमा निरन्तर गुन्जिरहने मन्त्र
काँतर भएर बाँच्नुभन्दा त
मर्नु निको ।[25]

यसरी नेपाली जनजीवनमा गुञ्जिने उखान टुक्कालाई शीर्षक बनाएर नेपालीहरूको मानिसिक धरातलको अन्वेषण गर्न कवि समर्थ भएका छन् । ३९ पङ्क्तिमा संरचित प्रस्तुत कवितामा ऐतिहासिक र पौराणिक विम्बका रूपमा बुद्ध, वीरभद्र, हिरण्यकशिपु आदिको प्रयोग भएको छ । आदिम सभ्यतादेखि एकीकरणसम्म र एकीकरणदेखि हालसम्मको कालखण्डलाई परिवेश बनाइएको प्रस्तुत कविता सम्प्रेष्य देखिन्छ । प्रथम पुरुष दृष्टिविन्दुको आवरणमा कविता प्रस्तुत भएको छ ।

[25]ऐजन पृष्ठ नं. २८

(ट)　**वर्तमान परिवेशले निम्त्याएका अपेक्षाहरू**

प्रस्तुत कविता आध्यात्मिकताको वकालत गर्दै राष्ट्रिय संस्कृति, प्राकृतिक सौन्दर्यको संरक्षणमा आवाज उठाइएको कविता हो । चरम भौतिकवादको विकासले नैतिकता सम्बन्धी मानवीय संवेदना, प्राकृतिक सौन्दर्य, मौलिक संस्कृति आदर्शोन्मूख संस्कारमा ह्रास आएको छ । खेतीयोग्य जमिनमा बस्ती बसालिएको छ । खोलानालाका सीमाना मिचिएका छन् । यसरी सरकारी जमिनहरू हडपिएका छन् । गुठीका जग्गाहरू निजी स्वामित्वमा दाखिला भएका छन् । भौतिकवादका सकारात्मक विचारको साट्टो नकारात्मक विचारको प्रक्षेपण जनमानसमा गराइएको छ । राजनैतिक स्वरूप धारण गर्दै नकारात्मक भौतिकवादले राष्ट्रिय अस्तित्वनै सखाप पार्न लागेको तथ्य कविले उद्घाटन गरेका छन् । मान्छे र पशुमा समान दृष्टिकोण राख्ने अर्थात मानवता र जीवनतालाई वस्तुमा हेर्ने भौतिकवादले मान्छेलाई पशुत्वमा रूपान्तरण गरेको अन्वेषण कविले गरेका छन् । राष्ट्रियता, प्राकृतिक परिदृष्य, प्राकृतिक छटाहरू, राष्ट्रिय विभूतिहरूको गौरवगाथा समेत कविले गाएका छन् र भौतिकवादी पाखण्डताबाट मुक्त हुँदै राष्ट्रमा संस्कृति आध्यात्मवादको संस्थापना गर्दै देश विकासमा लाग्नुपर्ने विचार कविले व्यक्त गरेका छन् । भौतिकवादको चरम विकासलाई अवलोकन कवि कवितामार्फत यसरी गर्दछन् :

भौतिकवादी संस्कृतिको प्रार्दुभावले
मुलुकभरी नै उर्ध्वगामी
पाशविक प्रवृतिको बिगबिगिले
मत्स्य-न्यायको अकल्पनीय
दुश्चक्र जन्माएको छ
हुटिट्याउँले सगर थाम्ने
भ्रम मौलाएको छ[२८]

यहाँ कविले भौतिकवादको पछि लागेर मानिसहरू भ्रमको जीवन व्यतित गरिरहेको र आयातित संस्कृति र धर्मले सुसंस्कृत समाजको निर्माण नहुने तर्क राख्दछन् ।

द्वन्द्वात्मक भौतिकवादका आधारमा सञ्चालन भएको सशस्त्र द्वन्द्वलाई सङ्केत गर्दै कवि यसरी प्रस्तुत हुन्छन् :

---

[२८] ऐजन पृष्ठ नं. ३२

गलत सोचाईमा संलग्न

कुनै संकीर्ण दर्शनले प्रेरित समाज

र यसका पाखण्डी नागरिकहरू

ज्ताततै आक्रोस र बेदनामा

भित्रभित्रै छटपटाईरहेको

घिडघिडिको अवस्थामा

बाँचीरहेको

मेरो गरीव र असहाय देश[27]

यसरी वर्तमान (तत्कालीन २०६१ साल अघिको) परिवेशले अपेक्षा गरेका भावनाहरूको आँकलन कविले गरेका छन् । ४३ पङ्क्तिमा संरचित प्रस्तुत कविताको भाषा सरल र हिन्दी प्रभावोन्मुख रहेको छ । यहाँ कर्णाली, गण्डकी, कोशी, हुटियाउँ जस्ता प्राकृतिक परिदृश्यको आँकलन गरिनुको साथै बुद्ध जस्ता ऐतिहासिक बिम्बको प्रयोग भएको छ । प्रथम पुरुष दृष्टिबिन्दुलाई कविताले आत्मसाथ गरेको छ ।

### (ठ) डढेलोले खाएको वर्तमान

वि.सं २०५२ बाट सुरु भएको सशस्त्र द्वन्द्व र त्यसको सेरोफेरोलाई प्रस्तुत कविताले आफ्नो विषयवस्तु बनाएको छ । वि.सं. २०४६ को परिवर्तनले कुनै पनि उपलब्धीमुलक रुपान्तरणको संस्थापन गर्न सकेन् । नेतृत्ववर्ग भ्रष्टाचार, कमिशन, नातावाद, कृपावाद, व्यभिचारीपन, भोगविलासमा लिप्त हुँदै गयो । यसैलाई बहाना बनाउादै सशस्त्र जनयुद्धको घोषणा माओवादीले गऱ्यो । परिणामत हजारौं नागरिकहरूले ज्यान गुमाए, सयौं वेपत्ता भए, लुटमार, बलात्कार, हत्याले उत्कर्षता प्राप्त गऱ्यो । मानिसहरू द्वन्द्वले गर्दा प्रताडीत हुन थाले । अदूरदर्शिता, जनचासोमा विमुख नेतृत्वले १० वर्षसम्म र त्यसपछिका वर्षहरूमा पनि द्वन्द्वका लागि मलजल गरियो । यसैबीच हतियार र लागू औषधको तस्करी बढ्दै गयो । अनिश्चित भविष्य, अनिर्णित राजनैतिक माहोल र विदेशीहरूको चलखेलले देश धरापमा पर्दै गएको तथ्य कविले अभिव्यक्त गरेका छन् ।

अगुवाको आचरणले त्रसित

---

[27] ऐजन पृष्ठ नं. ३३

"कुहिराको काग" देशमा
प्रशासन भ्रष्टाचारमा लागेको छ
स्यालको सिङ-नियाँ-निसाफ
नेताले सात पुस्ता पुग्ने
कमाई जोडेको छ
व्यापारी त भ्रष्टाचारको मूल नै हो
यस्तो मूल जतातत्तै फुटेको छ[२८]

यहाँ नेता, प्रशासक, व्यापारीको संलग्नताबाट भ्रष्टाचार हुने तथ्यको उद्वोधन भएको छ ।

जतातत्तै आतङ्कले ताण्डव मच्चाइरहेका र जनताहरू आतङ्कको विरोध गर्न नसकी राज्य र विद्रोहीको आँखो बनेको तथ्यलाई यसरी अभिव्यक्ति गरेका छन् :

हामी मुर्दा जीवन बाँचीरहेछौं
न त कसैले चिमोट्दा दुख्छ
न त कसैको अपमानले
अहिलेको संततिको मुटु नै दुख्छ
रगतको अहालमा डुबेको वर्तमानले
नेतृत्वको नालायकीपनले
खण्डग्रास भएको स्वाभिमानले
प्रजातन्त्रको उपहास गरेको छ
हिंसाको प्रेत ब्युझेर
गाउँ-वस्ती सखाप पारेको छ[२९]

यहाँ द्वन्द्वको चपेटामा परेर जनताहरू मुर्दाहरू जस्तै भएका राज्यपक्ष र विद्रोहीको आक्रमणमा पूरै गाउँ उजाड भएको यथार्थको चित्रण गरिएको छ । यो राजनीतिक खेलले जनताहरूको सुख चैन लुटेको र देशलाई पराधिनतातर्फ धकेलिएको टीठलाग्दो यथार्थ चित्रण कविले गरेका छन् ।

---

[२८] ऐजन पृष्ठ नं. ३३

[२९] ऐजन पृष्ठ नं.

यसरी उजाडिएको, डर र त्रासले भयावहरूप धारण गरेको तात्कालीन परिवेशको चित्रण गरेका छन् । जुन आजसम्म पनि कायम नै छ । ३६ पङ्क्तिमा संरचित प्रस्तुत कविताले सरल भाषाशैली र टुक्काहरूको संयोजन गरेको छ । प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरेको कविताको शीर्षक सार्थक रहेको छ ।

### (ड) अपराजित पाइलाहरू

प्रस्तुत कविताले भारतीय विस्तारवाद र त्यसका मतियारहरूको चरित्र चित्रण गरेको छ । भारती नुनले आफ्नो जीवन सिञ्चित गरेका नेताहरू नेपालीहरूले तिरेको करबाट गाडी र महलको सुविधा भोग्न अभ्यस्त छन् । जनताले दिएको सुविधा नपुगेर अन्धाधुन्द सन्धि र सम्झौताहरू गर्दछन् जुन कहिल्यै नेपाल र नेपाली जनताका पक्षमा हुन सकेन् । जनतालाई अँध्यारोमा राखेर सन् १९५० को सुगौली सन्धि, कोशी, टनकपुर, महाकाली र पछिल्लो चोटी विप्पा र चिनियाँहरूलाई चरणक्षेत्र उपलब्ध गराउने सन्धि सबै राष्ट्रघाती हुन् । राजनैतिक र आर्थिक सबै सन्धिहरू नेपाल अनुकूल हुदैन् त्यसैले नदीलाई सीमाना बनाइन्छ र भूभाग, पानी भारतलाई बेचिन्छ । वर्षायाममा डुबान गराइन्छ भने हिउँदयाममा सिंचाईबाट वञ्चित गराइन्छ । सीमानामा सेना तैनाथ गराइन्छ र नेपाली भूभागमा अतिक्रमण गर्दै नेपालीहरू माथि बुट बजारिन्छ र मारिन्छ । नेपालका वन जङ्गल सखाप पारिएको छ । अब बेच्न बाँकी के नै पो छ र भन्दै इतिहासमा सँधै अपराजित रहनुमा नेपालका भ्रष्ट, अवसरवादी, राष्ट्रद्रोही, विदेशी दलालका कारण भएका तथ्यलाई कविले प्रकट गर्दै यस्ता व्यक्तिहरूदेखि आम नेपाली नागरिकले सदैव सजग हुनतर्फ पनि सङ्केत गरेका छन् ।

कवि कवितामार्फत महाकाली सन्धिको अवलोकन यसरी गर्दछन् :

हामी त
जहिल्यै पनि गोबरे किरा न हौं
गोबरमै रमाउने
अनि नदी नालाको कुरा गर्दा
केही हिमाली नदी छन्
बेच्न बाँकी रहेका
त्यसमा पनि महाकाली सन्धि भयो
जनताको म्यान्डेट के थियो कुन्नि
राष्ट्रवादी बौद्धिक जमातले त

विरोधको स्वर उरालेकै हो
केही मानिसलाई राम्रो भएर के गर्ने
महाकाली सन्धिले
शंका-उपशंका उब्जाएको छ
सच्चा नेपालीको मन त
धुरू-धूरू रोएको छ
नदीको उद्गम स्थलको टुङ्गो छैन
बिदेशी सैनिकको तैनाथी छँदै छ
सन्धि गर्ने आर्को मुलुकले
पानीमा अग्राधिकारको
अडान छाडेको छैन[३०]

यहाँ नेपाल-भारतवीचको महाकाली सन्धि आम नेपाली जनताहरूले चाहेका थिएनन् । सबैले विरोध गरेकै थिए तर भारतका नुन खाएका शीर्ष भनिने नेताहरू अन्ततः भारतको दबावमा महाकाली सन्धि गर्न तत्पर भए । एकलौटी रूपमा नेपालको स्वामित्वमा रहेको महाकाली नदी साझा बनाइयो त्यो पनि लालपुर्जा भारतलाई बुझाएर भन्ने जस्ता भाव प्रस्तुत कवितांशमा व्यक्त भएको छ ।

ऐतिहासिक गौरव, वीरता, अखण्डता, सार्वभौमिकता विदेशीलाई बेचेर देशलाई विघटनतिर लगेको तथ्य उजागर गर्दै कविले विस्तारवादी षडयन्त्रको रहस्योद्घाटन यसरी गरेको छन् :

जातीय उत्थानको
अपराजित मनसुबा
विस्तारवादको
षड्यन्त्रमा परेर
फेरि एकपल्ट
ओरालो लागेको छ
कतै हर्षोल्लास छाएको होला

[३०] ऐजन पृष्ठ नं.३८

तर यसले त

नेपाली धरतीमा

षडयन्त्रको मायाजाल फैलाएको छ ।[31]

यसरी षड्यन्त्रपूर्ण महाकाली सन्धि र त्यसले नेपाली राष्ट्रियता, सार्वभौमिकता, अखण्डता, स्वाधिनतामा पुऱ्याएको आघातको चित्रण प्रस्तुत कविताले गरेको छ । ५९ पङ्क्तिमा संरचित प्रस्तुत कविता तृतीय पुरुष दृष्टिविन्दुमा आवद्ध छ ।

### (ढ) समय जनमेजय खोजिरहेछ

प्रस्तुत कविताले नेपालको प्राचीन इतिहासदेखि हालसम्मका इतिहास, राजनीतिक दाउपेच, सत्ताको लुछाचुँडी, प्रशासनिक विकृति, न्यायिक विकृति, अस्थिरता, सामन्ती संस्कार, आर्थिक विषमता आदि विषयवस्तुको प्रस्तुती गरेको छ । सत्ताको लुछाचुँडी गर्नेहरूलाई जनताका समस्याहरू सुल्झाउन फुर्सद हुदैन् । भ्रष्टचारमा लिप्त कर्मचारीहरूलाई जनताको विवशताको मतलब हुँदैन्, मोटो रकम कमाउन पल्केका राष्ट्रका नीति निर्माणमा पुगेका शासकहरूलाई देशको अस्तित्व विदेशीको खुट्टामा राख्दा लाज लाग्दैन । जनताहरू हिजो पनि गरिब थिए, शोषित थिए, दमित थिए र आज पनि हालत त्यही हो । दुई चार जना छट्टुको बाहेक कसैको स्तर सुध्रेको छैन । देश पछ्यौटेपनले आक्रान्त छ । जनादेश जनचाहनाको अवहेलना गर्दै आफ्नो महत्त्वाकांक्ष साध्ने र विचारमा खिया लागि सकेका मस्तिष्कका सल्लाह मान्ने र पछि खाडलमा खस्दा फुङ्ग हुने अदूरदर्शी शासकहरूको नियति समेत मर्मस्पर्शी ढङ्गले प्रस्तुत कविताले अभिव्यक्त गरेको छ । यो विविध विषयवस्तुको एकमुष्ट प्रस्तुति हो ।

कविले आफ्ना भावनाहरू यसरी प्रस्तुत गरेका छन् :

सामन्ती संस्कारले गाँजेको समाज

पच्छ्यौटेपनको स्थितिमा

बाँचेका निरीह जनता

त्यसमाथि

सत्य र न्यायको पक्षमा बोल्दा

चेतनाको अलख जगाउँदा

[31] ऐजन पृष्ठ नं. ३९

'प्रमिथ्यूस' बन्ने परिपाटी
ज्यूँदै छ
हाम्रो विकासको बाधक
मुलुकको अखण्डता बेच्ने
राष्ट्रघाती नीतिको तर्जुमा गर्ने
चिन्तन-मनन व्युंतिएको छ
राष्ट्रधर्मको ओजस्वी छन्द रच्ने
यदुनाथ पोखऱ्यालको
अस्तित्व मेटिएको छ[३२]

यहाँ कविले जनताहरू सही र सत्य कुरा बोल्न नपाउने र त्यसो गर्दा उसको जीवन नै धरापमा पर्ने चर्चा गरेका छन् । मुलुकको अस्तित्व बेचिदै गएकोतर्फ कविले सङ्केत गरेका छन् । कुनै पनि बेला जे पनि हुन सक्ने स्थितिमा देश रहेको र यो देशमा स्थिरता र शान्तिको विगुल फुक्ने नेतृत्वको आवश्यक रहेको तर्क कविले व्यक्त गरेका छन् । ५८ पङ्क्तिमा संरचित प्रस्तुत कविता तृतीय पुरुष दृष्टिबिन्दुमा आबद्ध छ ।

**(ण) राष्ट्रवन्दना**

प्रस्तुत कविता नेपालका भौगोलिक अवस्थितिको वर्णन गर्दै त्यसको सौन्दर्य गाइएको कविता हो । देशको स्रोत साधनमा सबैको साझा अधिकार हुनुपर्छ । सामाजिक सद्भाव र सबैको पहिचान कायम रहनुपर्छ । इतिहासमा कहिल्यै नहारेका हामी मायाप्रेम, सहयोगका मालामा उनिनु पर्नेमा कविले जोड दिएका छन् । शान्तिका अग्रदूत गौतमबुद्ध जन्मेको देश ऋषिमुनिहरूको तपोभूमि रहँदै आएको यो देश महान् छ, अमूल्य छ भन्दै राष्ट्रको महिमा कविले गाएका छन् र कविले शान्ति र क्रान्तिको अमृतभूमि नेपालीको वन्दना यसरी गरेका छन् :

यो बुद्धको शान्ति उपवन
यो सृष्टिको पहिलो मधुवन
यहाँ अमृतको रस-धारा

---

[३२] ऐजन पृष्ठ नं. ४०

यहाँ गोरख-काली प्यारा
यो राष्ट्र भुकेन कहिले
यहाँ वीर भुकेन कहिले
यहाँ बस्छन् वीरका छोरा
यहाँ सूर्य उदाउँछ पहिले[33]

यहाँ कविले राष्ट्रिय विभूतिको चर्चा गर्दै अपराजित नेपाली वीर र राष्ट्रको स्तुती गरेका छन् । त्यस्तै नेपाल जडिबुटीको खानी भएको तथ्य कविले उजागर गर्दै देशमा सबैले आधारभूत सुविधा प्राप्त गरून् भन्ने कामना पनि गरेका छन् । कोशी, रोशी, पहरा आदि प्राकृतिक छटाहरूको प्रयोग भएको छ । पर्वतराज, बुद्ध जस्ता ऐतिहासिक तथा पौराणिक विम्बहरूको प्रयोग भएको छ । तृतीय दृष्टिबिन्दुमा आबद्ध प्रस्तुत कविताले ७ अनुच्छेद तथा २८ पङ्क्तिमा आफ्नो आयाम विस्तार गरेको छ । अन्त्यानुप्रासको कुशल संयोजनले कविता गेयात्मक बनेको छ । शैलीगत प्रस्तुतिले सम्प्रेष्य, सहजता प्रदान गरेको छ ।

### (त) विस्मृतिमा रुमल्लिएको भविष्य

वि.सं. २०४६ को परिवर्तन पछिको राजनैतिक संस्कृति, सशस्त्रद्वन्द्व, विखण्डनवादी मानसिकता, नातावाद, कृपावादलाई कविताले आफ्नो विषयवस्तु बनाएको छ । सत्ताको लागि लड्दै-गिर्दै जस्तोसुकै हतकन्डा गर्ने नेताहरू जनताका सपनाहरू, चाहनाहरू आफूले बाँडेका सपनाहरू देशको भौगोलिकता, सद्भाव आदिलाई वेवास्ता गर्दै सेवा र सुविधामा लिप्त भएको तथ्य कविले उद्बोधन गरेका छन् । आफ्नै परिवारको सुख-सुविधामा राज्यको कोष खर्च गर्ने प्रवृत्ति आफ्नो अगाडि सुरक्षाकर्मीको फौज तैनाथ गर्ने प्रवृत्ति, एकातिर सामन्तवाद र राजतन्त्रको विरोध गर्ने र अर्कातिर आफू नयाँ सामन्त तथा छोटे राजा हुन खोज्ने प्रवृत्ति र त्यसको लागि साम्प्रदायिक सद्भाव भाँड्न, विदेशीको तलुवा चाट्न तयार हुने प्रवृत्तिको चित्रण कविले गरेका छन् । त्यसै गलत संस्कृतिको भागिदार हुन नपाएको एकहूल जनयुद्धको नामले १० वर्षसम्म देशमा आतङ्कको ताण्डव मच्याउँछ र हजारौं नेपालीको रगतको आहालमा अन्ततः आफ्नो सत्ता कब्जाको अभिष्ट पूरा गर्न सफल हुन पुग्दछ । यसरी विकृति र विसङ्गतिको महासागरमा पौडिन अभ्यस्त नेतृत्वले देश र

[33] ऐजन पृष्ठ नं. ४२

जनताको भविष्य अनिश्चिततातिर पुऱ्याएको तथ्यलाई कविले प्रस्तुत कवितामा उद्घाटन गरेका छन् ।

२०५१/०५२ सालपछिको संयुक्त सरकार निर्माणको सिलसिलालाई सङ्केत गर्दै कवि :

मुलुकमा अस्थिरता र अराजकता ल्याउने
क्षुद्र चिन्तनमा अल्झेका
राजनीतिका कोठे पण्डितको बैठकमा
अनास्था र अनिष्टको प्रतीक
'पञ्चभैया'
मुख्तियार बनेको छ
नसोध हिजोको इतिहास
नखोज हिजोको इतिहास
त्यो त
खाटो बसेको घाउ हो
कसैले कोट्याएमा बल्झिने गर्छ
आजको वास्तविकता त
शाखा सन्तानको बन्दोवस्त मिलाउनु हो
सत्ता लिप्साको क्षुद्र स्वार्थमा अल्झेर
राष्ट्रको अस्मिता स्वाभिमान
बेचिदिनु हो [34]

यहाँ हिजो पञ्चायती शासनको विरोधमा आन्दोलन गर्ने राजनैतिक दलहरू सत्ता समीकरणको नाममा तिनै पञ्चायती शासकका मतियारहरूलाई सरकार प्रमुख बनाउन अभ्यस्त हुन पुग्दछन् । जसले गर्दा आम नेपाली जनताको मुटु दुखेको तथ्य कविले उजागर गरेका छन् । जनताका विश्वासमा घात गर्दै नेतृत्व राष्ट्रघातीहरूसँग हातेमालो गर्दै भ्रष्टाचारमा लिप्त भएको यथार्थको प्रस्तुति कविले गरेका छन् ।

त्यस्तै जनक्रान्ति गरेर देशलाई कब्जा गर्ने उद्देश्यले आफ्नै नेपाली दाजु भाइलाई मार्ने, महाभारत मच्याउने समूहले राष्ट्रिय अखण्डता, साम्प्रदायिक सद्भाव, एकता, शान्तिमा खलल पुऱ्याएको तथ्य कविले उजागर गरेका छन् । कवि यसरी प्रस्तुत हुन्छन् :

[34] ऐजन पृष्ठ नं.४४

जनताको सपना भस्म-खरानी पारेर
सुनाखरी फुल्ने देशमा
आतंकको भाषा पस्केर
बिग्रह र विखण्डनको
भयावह बाटो रोज्नु हो
यतिखेर त भोलिको कहालीलाग्दो
भविष्य बिर्सेर
स्वार्थको मालश्री गाएर
हांस-खेल गरिरहेछ नेपाली[35]

यसरी तत्कालीन सङ्क्रमण कालीन परिवेशलाई चित्रण गरिएको प्रस्तुत कविता ४५ पङ्क्तिमा आबद्ध छ । पौराणिक तथा सांस्कृतिक विम्बका रूपमा प्रयोग भएको छ । सम्प्रेष्य भाषाशैलीले कविता पठनीय बनेको छ ।

## (थ) **अनिच्छा वरण**

प्रस्तुत कवितामा मानवीय पशुवृत्तिको हुने अन्वेषण गरिएको छ । काम, क्रोध, लोभ र मोहको उत्कर्षतामा पुगेर अरुको अस्तित्वमा धावा बोल्दछ । विभिन्न षडयन्त्रको भूमरीमा मानिसलाई लडाउँछ । सभ्यताको यत्रो विकास हुँदा पनि मानिसले आदिम प्रवृत्ति छोड्न सकेको छैन् । अझै पनि सुसंस्कृत हुन नसकेको मान्छे सभ्यताको गाथा गाउन भने पछि पर्दैन् । आदर्शवान, नैतिकवान, क्षमतावान बन्न चाहँदैन । ऊ असुरतामा रम्न चाहन्छ जसको अस्तित्व सीमित हुन्छ । कविले यिनै मानवभित्र विद्यमान पशुवृत्तिको सफल अन्वेषण गरेका छन् ।

मानवीय निचवृत्ति तथा दानवीय स्वरूपको चर्चा गर्दै कवि :
यथार्थको धरातलमा उभिएर हेर्दा
यो पाखण्डले ढाकेको समाजमा
बिचार प्रवाह पनि पाखण्डी भएकोले
एकले आर्कोलाई सिध्याउने
मुखौटो लगाएर सभ्य शिष्ट बन्ने
सय दानवले नयां वस्ती बसाए जस्तो

[35] ऐजन पृष्ठ नं. ४२

**सभ्यता**

जन्मिने नासिने गरेको छ

खै ! अझै सुसंस्कृत बन्न सकेन-मानव

आफूभित्रको जहर फालेर

देवता बन्न चाहदैन मानव

मौका परे तक्षक नाग बनेर ठुँग्छ

स्वार्थ सिद्धिमा मसानघाट रूङछ

आदिम प्रवृत्तिको प्रस्फुरणमा[३६]

यहाँ सभ्यता जति विकास भए पनि मानवले ऊ भित्रको आदिमता, हिंस्रकता, मनैतिकता, वर्वरता त्याग्न नसकेको भाव प्रकट भएको छ । मान्छेलाई षड्यन्त्र, हिंसा, बर्बरता, पशुवृत्ति किन प्यारो भन्ने प्रश्न कविले गरेका छन् ।

यसरी मानवले वरण गरेका नकारात्मक प्रवृत्तिहरूको अन्वेषण कविले गरेका छन् । ४० पङ्क्तिमा संरचित प्रस्तुत कवितामा संस्कृत र हिन्दी शब्दहरूको प्रयोग पाइन्छ । यहाँ पौराणिक बिम्बहरूको प्रयोग गरिएको छ ।

### (द) अभिशप्त नियति

प्रस्तुत कविताले तत्कालीन पञ्चायती व्यवस्था त्यसपछिको अस्थिर प्रजातान्त्रिक कालखण्ड र द्वन्द्व कालीन परिवेशको चित्रण गरेको छ । नेपाली जनताहरूले सम्पूर्ण हक अधिकारहरूको सुनिश्चितता, गाँस, बास र कपासको प्रत्याभूति स्वास्थ्य, शिक्षा, यातायातको विकासका लागि राजनैतिक पार्टीहरूका लागि साथ दिएका छन् । तर जनअपेक्षा विपरित राजनैतिक दलहरू चल्न थाल्दछन् । जनताका विरोधलाई सत्तामा पुनस्थापना गर्दै जान्छन् । उता जनयुद्धका नामबाट जनगणतन्त्रको स्थापना गर्न एक समूह लागिपर्छ । यस्तो स्थितिमा जनताहरू त्रसित देखिन्छन् । संक्रमणकालको आयु लम्बिँदै गएको स्थितिमा जनताहरू अनिर्णयको वन्दी भएको स्थितिलाई कविले उल्लेख गरेका छन् । द्वन्द्व चरम चपेटा, भ्रष्टाचारमुखी नेतृत्व, दरबारको छट्पटी वीच साँढेको जुधाईमा बाच्छोको मिचाईमा जनताहरू रहेको कविको अवलोकन रहेको देखिन्छ । बहुसंख्यक जनताहरू बाँच्नका लागि

[३६] ऐजन पृष्ठ नं. ४६

सङ्घर्षरत छन् अझ भनौं कतिपय नरनारी देह व्यापार गर्न समेत बाध्य छन् । कतिपय व्यक्ति हत्या हिंसातर्फ उद्धत् हुनको पछाडि आर्थिक कारण भएको पाइन्छ । राजनीतिकर्मीहरूले जनतामाझ सपनाको खेती गर्दै ब्रम्हलूट मच्याउन समय खर्चेका पाइन्छ । यसरी दूषित माहोल र पर्यावरणबीचको नियतीको प्रस्तुति प्रस्तुत कवितामा रहेको छ ।

कविले नियतिका अभिशप्ततालाई यसरी उद्‍बोधन गरेका छन् :

महाकालको असीम क्षुधाको ग्रास बन्दै
लक्ष्यहीन यात्रामा अग्रसर
जीवनको उपादेयतामा खग्रास लागेर
अभिशप्त जीवन बाँचे पनि
जिविषाको प्रबल संघातले
रातभरिमा बैंसालु रहर पलाउने
सूर्य किरणले सजीव हुने
अजम्मरी तृष्णाको अविच्छिन्नतामा
ज्ञात, अज्ञात मार्गबाट हेलिदै
उत्तरायणको खोजीबाट विमुख
मानिस अझै अनिर्णित नियति बाँचिरहेछ
मानों
कुनै ठगिनीको प्रपञ्चमा नाचिरहेछ ।[37]

यहाँ मर्नभन्दा बाँच्न गाह्रो भएको र बाँच्नुपर्ने विवशताको चित्रण गरिएको छ । निश्चित गोरेटाहरू छैनन् । लक्ष्य निश्चित गर्न सकिएको छैन् । अँध्यारो छ, जताततै, उज्यालोको किरण आउने निधो छैन । चाहना असीमित छन् तर एउटा चाहना पूरा गर्न मुस्किल छ । यहाँ खुसी खोज्दा खोज्दै दुःखको चपेटामा पर्नु परेको छ । कारण जे सुकै होस् हामी नेपाली विषाक्त जीवन व्यतीत गर्न बाध्य छौं । प्रस्तुत कविताले यही भन्दछ ।

प्रस्तुत कविता क्लिष्ट छ, शब्दगत क्लिष्टता र दूर्बोध्यताले सम्प्रेषणमा समस्या आएको छ । शृङ्खलित विषयवस्तुको बगाई छैन । समग्र बुझाई कविताकै वैशिष्ट्य हो ।

---

[37] ऐजन पृष्ठ नं. ४९

प्रयोगवादी धाराबाट प्रभावित रहेको प्रस्तुत कवितामा साँस्कृतिक मिथकहरूको प्रचूर प्रयोग भएको छ । ४४ पङ्क्तिमा संरचित प्रस्तुत कविताको शीर्षक सार्थक रहेको छ ।

**(ध) उघ्रेको देशमा रुमल्लिएका युवा**

प्रस्तुत कविताले आफ्नो भविष्य दाउमा राखेर, परिवारलाई बेवास्ता गरेर राजनीतिक दलको झोला र झण्डा बोकेका युवाहरूलाई सङ्केत गरेको छ । हुलबाट एउटा छट्टु नेतृत्वमा पुग्दछन् । गाडी बङ्गलामा पुग्दछन् । बाँकी सबै झोला बोक्दाबोक्दै पार्टीको झण्डा बोक्दाबोक्दै वुढो गोरु बन्दछन् । सम्पन्न हुने आशमा चरम विपन्नतामा फस्दछन् । सारा समय, जोस, जाँगर र उमेर सपनाको दौडमा गुज्रिन्छ र हातमा लाग्दछ शून्य । युवाहरू भनेका राष्ट्र निर्माणका संवाहक हुन् । असम्भवलाई सम्भव बनाउने तागत युवाहरूमा हुन्छ । तर हामी आफ्नो क्षमता, हैसियत र प्रतिभा बिर्सेर स्वार्थी अवसरवादी छेपारा नेताका इशारामा नाच्ने गर्दछौं । उसलाई सत्ताको मह चखाउदै र आफू रीत्तिएको महको भाँडो चाट्ने दाउमा हुन्छौं । एक हिसाबले हामी भतुवा जस्तै भएका छौं । हामीलाई समयको हरेक कालखण्डमा दास र भतुवा बनाइदै आएको छ । त्यसैले हामी युवा सीमित व्यक्तिका अभीष्टका लागि दासत्व र भतुवापनबाट ग्रसित नहोऔं भन्ने भाव प्रस्तुत कविताले व्यक्त गरेको छ ।

कवि युवाहरूको पथ भ्रष्टतालाई यसरी प्रस्तुत गर्दछन् :

वर्तमान कालखण्डमा
आफ्नो अजस्त्र शक्ति बिर्सेर
हुक्के-बैठके हुने दौडमा रूमल्लिंदा
लिगलिगकोटको परम्परा जागेको छ[३८]

यहाँ युवावर्गको झोले प्रवृत्तिलाई लिगलिगकोटको दौडसँग प्रतिविम्बित गरिएको छ । त्यस्तै युवाहरूको देश निर्माणमा देखिएको निष्क्रियता र गलतपथ अख्तियारबाट देशलाई पुगेको क्षतिको आँकलन यसरी गरेका छन् :

ऊ गजधम्म बसिदिंदा
यस्तो लाछिपनाले
समाज उँधेको छ

[३८] ऐजन पृष्ठ नं.५०

मुलुकको प्रगति अवरूद्ध भएको छ
नव-जागरण ल्याउने शक्तिले
बाटो बिराउँदा
नाभिस्थान खल्बलिएको छ
नयाँ परिवेशको चाहनासँगै
सौभाग्यको ब्रम्हमुहूर्त टरेको छ ।[३४]

यहाँ राष्ट्र निर्माण, सिर्जनात्मक कार्य, आपसी सद्भाव कायम राख्दै अगाडि बढ्नुपर्ने अवस्थामा तथाकथित क्रान्ति जुन सत्ताप्राप्तिको लागि फैलाइएको चक्रव्यूह थियो । त्यसमा फसेका युवाहरूका कारण देशको प्रगतिको बाटो अवरुद्ध भएको तथ्य कविले उद्वोधन गरेका छन् ।

यसरी युवावर्गको पथभ्रष्टतालाई चित्रण गरिएको कवितामा प्राकृतिक विम्बहरू अरिङ्गाल, वासुकीनाग, पहरो आदिको प्रयोग भएको छ । ३६ पङ्क्तिमा संरचित प्रस्तुत कवितामा अन्त्यानुप्रासको संयोजन गरिएको छ । शीर्षक र विषयवस्तुमा तादम्य मिलेको देखिन्छ ।

**(न) अशेष अभिभारा**

प्रस्तुत कविता राजनैतिक नेतृत्वको प्रवृत्तिहरूको अन्वेषण गरिएको कविता हो । आफ्ना स्वार्थका लागि जनतालाई प्रयोग गर्ने र आफू सत्तारोहण भए लगत्तै जनतालाई दमन गर्न उद्यत हुने आफ्नो गल्तीमा दुखित भएको भन्दै आत्मालोचनाको नौटङ्की गर्ने प्रवृत्तिको चित्रण प्रस्तुत कवितामा भएको छ । देश र जनताका लागि राजनीति गरेको उद्घोष गर्ने नेताहरू देश र जनताको लागि भन्दै विदेशी प्रभुका लागि आफ्नो सेवा ढोग चढाउँछन् । कुन ठाउँमा कहिले कुन बेला हाम्रो नाममा सन्धि सम्झौता हुन्छ, हामीलाई थाहापत्तो हुँदैनन् । दोहोरो तेहोरो चरित्रधारी नेताहरू चाहे सरकारीपक्ष होस् चाहे प्रतिपक्ष होस् चाहे विद्रोही नै किन नहोस् सत्ता, भत्ता र शक्तिको लागि एक हुन्छन् । जब भागबण्डा मिल्दैन अनि मात्र विरोध प्रतिरोध गर्दछन् हामीलाई नै अगाडि सारेर । हामी पनि मुर्ख छौं, लोभी छौं, एक कप चिया, एक बटुको जाँड, मासुभातमा बिकेर आफ्नै रगत पसिना चुसाउछौं ।

---

[३४] ऐजन पृष्ठ नं. ५१

समानताका कुरा गर्दै विभेदको व्यवहार गर्ने, साम्प्रदायिकताको राँको दन्काउने यिनीहरू नै हुन् । न्याय र सुरक्षाका कुरा गर्दै अन्याय र अपराधीको पृष्ठपोषण गर्ने यिनीहरूनै हुन् । नारी अस्मिताको वकालत गर्दै वेश्यालयहरूमा नारीलाई पुऱ्याउने दलालको संरक्षण गर्ने तथा नारीहरूलाई यौनतृष्णाको साधन बनाउने यिनीहरू नै हुन् । हाम्रो प्रतिभा, सिर्जना, श्रमलाई खाडी मुलुकमा पुऱ्याएर हाम्रो जिम्मेवारीबाट पन्छिने यिनीहरू नै हुन् । एउटा हात काँधमा र अर्को हातको छुराले हाम्रो कलेजो काट्ने यिनीहरू नै हुन् । यी राष्ट्रघाती ब्वाँसाहरूले हाम्रो अस्तित्वको लिलामी गरिरहेका छन् । अब यिनीहरूलाई धपाउने बेला आएको छ । यिनीहरूलाई नाङ्गेझार पारेर सडकमा दौडाउने बेला आएको छ । जनताहरू एकजुट भएर यी नेताहरूको जडै उखेल्नु परेको छ भन्दै राजनैतिक संचेतनाको प्रक्षेपण गरेका छन् ।

समयले अन्याय अत्याचारी द्वैध चरित्रधारी दलालहरूलाई परास्त गरे पनि त्यस्ता ब्वाँसाहरू एक नयाँ संस्करणका रूपमा प्रतिस्थापन हुने नियतिलाई यसरी अभिव्यक्त गरेका छन् :

समय बलवान भएर होला
ब्वाँसाहरूलाई पाहा पछारेजस्तै
पछारिदिएको इतिहास नभएको होइन
फेरि पनि
यी ब्वाँसाहरू ब्युँतिने गर्छन्
गरिब मानिसको रगतमा
थुतुनो गाड्न
आन्द्रा-भुँडी झिकेर ज्यान लिन
जनताले योग्य रखवारी नपाएको बेलामा
जहिले पनि
ब्वाँसाहरूको मनपरी बढ्ने गर्छ
देशी-विदेशी ब्वाँसाहरूको मिलो-मतोले
खपी नसक्नु अत्याचार हुने गर्छ
यी त साक्षात् मसान भैरव हुन्
चेपुवामा पारेर नर बली लिने

नरमुण्डहरूको माला लगाउने

यिनको त "जातै जमदार"[५०]

यहाँ अस्थिर राजनीतिक माहोलमा राष्ट्रघाती नेता तथा व्यक्तिहरूले ताण्डव नृत्य गर्दै जनताहरूलाई शोषण अत्याचार गर्ने यथार्थको चित्रण गरिएको छ । त्यस्तै कविले ती राष्ट्रघातीहरूको प्रतिकार गर्न आग्रह यसरी गर्दछन् :

सिनो खाने स्यालका सन्तति हैनौ भने

राष्ट्रघातीको पंक्तिमा नाम दर्ज गराउने

चेली-बेटी बेचेर पैसा कमाउने

पिचास संस्कारको भण्डाफोर गर

यसरी तमाम विकृति विसङ्गतिका संवाहकहरूलाई बढार्दै राष्ट्र र जनताको अस्तित्वको जगेर्ना गर्ने अभिभार हाम्रो हो भन्ने भाव प्रस्तुत कविताले अभिव्यक्त गरेको छ । यहाँ ब्वाँसा, मसान, भैरव, गोही आदि राष्ट्रघाती नेता तथा व्यक्तिका प्रतीकका रूपमा प्रयोग भएका छन् । उखान, टुक्काहरूको प्रयोगले भाषाशैलीमा सहजता आएको छ र सम्प्रेषणमा सहजता आएको छ । ४३ पङ्क्तिमा संरचित प्रस्तुत कविताको शीर्षक सार्थक देखिन्छ ।

### (प) **जाग हे ! पहरेदार हो**

प्रस्तुत कविताले साम्प्रदायिक हिंसा, विखण्डन, परनिर्भरता आदिको विरोध गर्दै देशमा साम्प्रदायिक सद्भाव, अखण्डता, आत्मनिर्भरता, सार्वभौमिकताका लागि आम नेपालीलाई आह्वान गरेको छ । हाम्रो जात एउटै छ , पृथक-पृथक राज्यभन्दा माथि नेपाली छ । हामी टाकुरे राजनीतिमा फस्यौं भने हामी भतुवा हुने छौं । हाम्रो अस्तित्वको विनाश हुनेछ । त्यसबेला हाम्रो टाकुराहरूमा पनि हाम्रो अधिकार हुने छैन् भन्दै यसरी आफ्नो अभिव्यक्ति व्यक्त गरेका छन् :

जातीय नशाले उन्मत्त

पैशाचिक भावनाले मत्त

अराजक दर्शन फलाकेर

---

[५०] ऐजन पृष्ठ नं. ५४

वर्तमान मानवीय गतिविधिले

गलाकाटको स्थिति निम्त्याएको छ[५१]

यहाँ साम्प्रदायिक उन्मादको चित्रण गर्दै त्यसले निम्त्याइरहेको परिस्थितिको उद्घाटन गरिएको छ ।

प्रस्तुत कविता तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको कवितामा अन्धकासुर जस्ता पौराणिक बिम्बको प्रयोग भएको छ । प्राकृतिक परिदृश्यहरूको प्रस्तुति भएको छ । भाषाशैलीको दृष्टिले कतै दुरुह शब्द र टुक्काको प्रयोग भएको छ । ४९ पङ्क्तिमा संरचित प्रस्तुत कविताको शीर्षक सार्थक देखिन्छ ।

(फ) **महापुरुष**

प्रस्तुत कविता सङ्ग्रहको शीर्ष कविता हो । कविले महापुरुषका लक्षण वैशिष्ट्यहरू र दायित्वका बारेमा चर्चा गरेका छन् । सामाजिक, राजनैतिक, आर्थिक, सांस्कृतिक रुपान्तरणको सामर्थ्य राख्न सक्ने व्यक्ति नै महापुरुष हो, जसले सङ्क्रमण काललाई छिचोल्दै अगाडि वढ्न सक्छ । कविले सुन्दर सपनाहरूको संस्थापनका लागि हजारौं शहीदहरूले आफ्नो जीवन उत्सर्ग गरेका छन् । देशलाई अखण्ड, सार्वभौम, स्वाधीन बनाउनका लागि रगत पसिना बगाएका पुर्खाहरू महापुरुष हुन् जसका नाम हाम्रो मन र मस्तिष्कमा गुञ्जेका छन् । महापुरुषको आगमनले देशका सम्पूर्ण विसङ्गति, विकृति र सम्पूर्ण निरङ्कुशताको पर्खालहरू भत्काउने सामर्थ्य राख्दछ । प्रस्तुत कवितामा यस धर्तीमा महापुरुषहरूको अवतरण बेला-बेलाम हुने गर्दछ जुन हुनुपर्छ, यो समयको माग पूरा गर्नका लागि भन्दै यस्तो अभिव्यक्ति व्यक्त भएको छ :

ऊ त<br>
मादी-मर्स्याङ्दी बनेर<br>
हामी माझ आउने गर्छ<br>
हाम्रो हृदयभरि<br>
छताछुल्ल भएर बग्ने गर्छ<br>
जब उ आउँछ

[५१] ऐजन पृष्ठ नं.६४

हामी

सुकेको पतकर बनेर

उसलाई पच्छ्याउने गर्छौं

उसको

एक इशारामा

आततायीको ताना-बाना खोसेर

उसको अस्तित्वमा

प्रश्न चिन्ह लगाउने गर्छौं ।[52]

यहाँ महापुरुषहरूलाई जनताले साथ दिने गरेको र उ हाम्रो मनभित्र बस्ने गरेको भाव प्रकट गरिएको छ ।

त्यस्तै महापुरुषहरू समाज सेवाका लागि धर्तीमा अवतरित हुने गर्दछन् भन्दै यस्तो अभिव्यक्ति प्रकट गरिएको छ :

महापुरुष

धरतीमा अवतरित हुने गर्छ

त्यागद्वारा भोगमा

दिव्यानंद पाउने गर्छ

जब-जब ऊ आउँछ

पीर-ताप बुझ्न

गाम-बेसी चहार्ने गर्छ

आफू मर्नुपरे पनि

गरीब र असहायको

चहऱ्याएको घाउमा

मलम लगाएर मर्ने गर्छ[53]

यसरी महापुरुषहरूका वैशिष्ट्यहरूको आँकलन गरिएको प्रस्तुत कविता तृतीय पुरुष दृष्टिबिन्दुमा संरचित छ । यहाँ विभिन्न अलङ्कारहरूको प्रयोग समेत भएको छ ।

---

[52] ऐजन पृष्ठ नं. ३५

[53] ऐजन पृष्ठ नं. ३५

रुपान्तरणका नायकहरूलाई महापुरुषको विम्बन गरिएको छ । भाषाशैली सम्प्रेष्य नै छ । कविताको शीर्षक सार्थक नै देखिन्छ । कविताले ३२ पङ्क्तिमा आफूलाई विस्तार गरेको छ ।

### (ब) बन्धकी आशाहरू

प्रस्तुत कविताले भौतिकवादका दुष्परिणाम, मानवीय संवेदनाको नाजुक अवस्था र घात-प्रतिघातपूर्ण सामाजिक, राजनैतिक, परिवेशलाई आफ्नो विषयवस्तु बनाएको छ । भौतिकवादी दर्शनले वस्तुलाई महत्त्व दिन्छ र मानवमूल्य तथा संवेदनालाई वस्तुकरण गर्दछ जसले गर्दा मान्छे एउटा मेसिन सिवाय केही हुँदैनन् । त्यस्तै पुराना मूल्य मान्यताहरूको सकारात्मक पक्षहरूलाई नजर अन्दाज गर्दै सबै नयाँ राम्रा हुन्छन् भनेर आफ्नो एकहोरो विचार, सिद्धान्त र अवधारणालाई लाद्ने प्रवृत्ति घातक भएको भन्दै यस्तो भावना अभिव्यक्त गर्दछन् :

जसरी भए पनि
पैसा कमाउने नियतले
महत्वाकांक्षाका हिमशिखर चढेर
हरेक नयां चिज राम्रो हो
भन्ने लङ्गडो शोख हुर्काएर
पुराना दिव्य वस्तुमा खोट लाउने
एकोहोरो प्रवृत्तिमा गौरवान्वित हुने
उपभोक्तावादको नशामा
स्वार्थी र संकुचित दायरामा भास्सिदै
मानवीय संवेदना र सहृदयताको
खिल्ली उडाउँदै[५५]

यसरी प्रस्तुत कवितामा आयातित सिद्धान्तवाद, अवधारणाहरू, सम्पूर्ण रूपले उपयुक्त र पर्यावरण अनुकूल हुन्छ भन्न नसकिने तर्क कविले उठाएका छन् । ३८ पङ्क्तिमा संरचित प्रस्तुत कवितामा सकुनी जस्तो महाभारत कालीन विम्बको प्रयोग भएको छ । पर्दा

[५५] पृष्ठ नं.४

पछाडिका खेलाडीहरू, देशलाई वर्वादीतिर लैजाने राष्ट्रघाती षडयन्त्रकारीहरूलाई शकुनीको संज्ञा दिइएको छ । प्रस्तुत कविता प्रयोगधर्मी जस्तो लागे पनि सम्प्रेष्य नै देखिन्छ ।

### (भ) पालुवा पलाएको छ

प्रस्तुत कविता २०४६ को परिवर्तनलाई स्वागत गरिएको कविता हो । हजारौं शहीदहरूको वलिदान, जनता र राजनीतिक दलको संयुक्त प्रयासले पुनः स्थापित भएको प्रजातन्त्रले नयाँ-नयाँ आशाका किरण ल्याइदिएको, विकास र निर्माणका सम्भाव्यताहरूको ढोका खोलिदिएको भाव कविताले उद्बोधन गरेको देखिन्छ । नयाँ बिहानीको प्रारम्भ भएको छ भन्दै कवि यसरी अभिव्यक्त हुन्छन् :

छातीभरि मुरी दर्द बोकेर<br>
थोत्रा आश्वासनहरू पच्छयाँउदै<br>
सन्तान-दर-सन्तान<br>
बाँचेका जीजिविषाहरूको फाटेका सपना/टालो हाल्ने धोकोले<br>
गह्रौं बोझ बिसाएर<br>
प्रजातन्त्र सँगै वसन्त आएको छ<br>
घाम झुल्किने आशामा<br>
भेका-नाङ्गा नेपालीको मुहारमा<br>
सुखको रहर पलाएको छ[45]

यहाँ निरङ्कुश पञ्चायती शासनबाट दबिएका, चेपिएका नेपालीहरू २०४६ सालको परिवर्तनबाट नयाँ बिहानी आउने र आफ्नो गाँस, बास र कपासको प्रत्याभूति हुने विश्वासमा थिए । त्यस्तै शिक्षा, स्वास्थ्य र यातायातको सुबिधा पाउने सपनामा मग्न थिए । उनीहरू सामाजिक, राजनीतिक, साँस्कृतिक र आर्थिक विसङ्गतिहरूको विरोध गर्ने हकको सुनिश्चितताका लागि आँखाहरूमा सपना सजाइ रहेका थिए । भन्ने भाव प्रस्तुत कवितांशमा व्यक्त भएको छ ।

यसरी २०४६ को जनआन्दोलन पश्चात पुनस्थापित प्रजातन्त्रको स्वागत गर्दै जनताहरूले नयाँ-नयाँ सपना र आकांक्षाहरूको संसार सजाएको तथ्यलाई कविले प्रस्तुत कवितामा उद्वोधन गरिएका छन् । ३५ पङ्क्तिमा आबद्ध प्रस्तुत कवितामा विभिन्न प्राकृतिक छटाहरूको चित्रण पनि भएको छ ।

---

[45] पृष्ठ नं. १५

**(म) ऊर्ध्वगामी अर्ध्यहरू**

प्रस्तुत कवितामा देश निर्माणका सन्दर्भमा आफ्नो रगत पसिना सिञ्चित गर्ने पुर्खाहरू, शहीदहरू, राष्ट्रसेवकहरूप्रति सम्मान गर्दै नवआगन्तुक पुस्ताहरूले उनीहरूको पदचिन्ह पहिल्याउदै अगाडि बढ्नु पर्ने भाव व्यक्त गरिएको छ ।

कविले प्रस्तुत कवितामा हाम्रो पुर्खाले बचाएको हाम्रो अस्तित्वको रक्षाका खातिर हामी नेपालीहरू संघर्षशील छौं तर पनि भविष्यको खोजीमा सुनौलो बिहानीको खोजीमा र कुनै क्षितिजबाट घाम उदाउने आशामा संघर्ष गर्दागर्दै पनि हामीले कतै बाटो बिराएका त छैनौं भनेर कविले प्रश्न गरेका छन् । हामी द्विग्भ्रमित हुद्रैं अनेकौं षडयन्त्रको जालोमा जेलिंदै आफ्नै भविष्यमा आगो त लगाउदै छैनौं भनेर कवि सशंकित छन् । कवि हाम्रा पुर्खाहरूलाई सम्मान गर्दै यस्तो आभिव्यक्ति प्रस्तुत गर्दछन् :

विश्वमानचित्रमा
शान्ति र शौर्यको मणि-काञ्चन संयोग
सगरमाथा र बुद्धको देश
मुण्डमाला भिर्ने काल भैरवको देश
पसिना वगाएर बाँच्ने जीवन दर्शन माफ
पितृदेवहरू साक्षी छन्
हाम्रो सामु
समस्याको विध्यांचल उभिएको छ[46]

यहाँ इतिहासका कयौं कालखण्डदेखि हामी नेपाली आफ्नो अस्तित्वको लडाइँ लडि आएका छौं भन्दै तत्कालीन जनयुद्ध हालको अस्थिर परिवेशको समेत चित्रण प्रस्तुत कवितामा भएको छ ।

त्यस्तै देशमा बढ्दै गएको अनियन्त्रितता, व्याप्त द्वन्द्व र त्यसले भविष्यमा देशमा निम्ताउन सक्ने भयावह स्थितिको सङ्केत कविले यसरी गरेका छन् :

तर
जिजीविषा जिउँदै रहन्छ
कुत्स आङ्गिरस जुनसुकै युगमा पनि हुन्छ

---

[46] पृष्ठ नं.२४

हो ! कुनै कालखण्डमा
तामसी प्रवृत्ति जाग्दा
निचोरिएका अन्तर्मनको उद्दाम भावले
जङ्गली घोडाझैं अनियन्त्रित
थाहा छैन कति क्षति गराउँछ

कविताका अन्तिम पङ्क्तिहरूमा कवि यसरी अभिव्यक्त हुन्छन् :

तर पनि
पुग्ने लक्ष्य त एउटै हो
जतिसुकै अनियन्त्रित बन्न खोजे पनि
समयको सात्विक वीर्य सेचनले
गाई गोठालाको अभ्युदय हुने गर्छ
हुतिहाराले गाँजेको वर्तमानमा
ऊर्ध्वगामी भावनामा
उर्ध्वगामी संकल्पमा
ऊर्ध्वगामी अर्घ्य चढाउनै पर्छ ।[47]

यहाँ हामी जनताहरू जतिसुकै द्विग्भ्रमित भए पनि, द्वन्द्वमा अभ्यस्त भए पनि, विचारहरूमा द्वन्द्व भए पनि हाम्रो लक्ष्य देशको विकास निर्माण नै हो । त्यसैले साझा लक्ष्यहरूको समीकरणबाट राष्ट्र निर्माणमा लाग्नु परेको छ । देशमा अस्थिरता अन्त्यका लागि, अग्रगमन र वास्तविक रुपान्तरणका लागि कविले युग पुरुषको कामना गरेका छन् ।

यसरी राष्ट्रिय अस्तित्वको लडाइँ इतिवृत्तान्त कहँदै समसामयिक स्थितिको विश्लेषण गरिएको प्रस्तुत कविताले आफूलाई ५० पङ्क्तिमा विस्तारित गरेको छ । यहाँ प्राकृतिक छटाहरूको चित्रण गर्दै काल भैरव जस्ता साँस्कृतिक बिम्बको प्रयोग भएको छ । त्यस्तै चन्द्र सूर्य जस्ता खगोलीय र पुण्य मल्ललाई ऐतिहासिक बिम्बका रूपमा प्रस्तुत गरिएको छ । यो समसामयिक प्रयोगधर्मी कविता हो ।

[47] पृष्ठ नं.२४

(य) **मेरो प्यारो महिबल गाउँ**

प्रस्तुत कवितामा कविले तनहुँ जिल्लाको महिबल गाउँको प्राकृतिक, भौगोलिक, सामाजिक, सांस्कृतिक, राजनैतिक परिवेशको चित्रण गर्दै महिबल गाउँको महिमागान गाएका छन् । कविले वर्णन गरेको उनको जन्मथलो हो । आफू जन्मेको गाउँ सबैलाई प्यारो हुन्छ, त्यहाँको ढुङ्गा, माटो, वन जंगल, पाखा, लेक-बेसी सबै मुटुका टुक्रा जस्ता लाग्दछन् । कवि उक्त गाउँलाई सालका वनले सिंगारेको चर्चा गर्दै त्यहाँबाट अन्नपूर्ण हिमालको दृश्य देखिने तथ्य प्रस्तुत गरेका छन् । त्यस्तै पाल्पाली सेन राजदरबार बगैंचा आदिको चर्चा पनि कविले कवितामा गरेका छन् । त्यहाँको ऐतिहासिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, आर्थिक अवस्थितिको समेत कविले चर्चा गरेका छन् ।

कविले महिबल गाउँबाट मानिसहरू पलायन हुँदा गाउँनै मुस्कान विहीन भएको र गाउँलेहरूको उपेक्षाले गाउँ दुःखित भएको भन्दै गाउँलाई मानवीकृत गरेका छन् । आफ्ना सन्ततिहरू फर्केर त्यही बस्ने आशमा रहेको भाव यसरी व्यक्त गरेका छन् :

आफ्नो कर्तव्यपथमा सँधै अडिग
आफ्ना संततिको अवहेलना उपेक्षामा पनि
किञ्चित दुःख नमानी भलो चिताउँदै
भलो-कुभलो संततिलाई धारण गर्ने
धारापानी खरीपानीको पौष्टिक जलले
संततिको तिर्खा मेटाउदै
गाम-बेसी गर्दा
चौतारीको शितल हावाले
मस्ती गल्दा ताजगी दिने
मैदानथर, कोटमा
कराउँदै हिंड्ने
तारेभीरमा राँको बालेर
यताउति डुल्ने
पचभैया र राँके भूतको कथाकी मुहान
यी सबै घटना र
रोमाञ्चकारी कथाकी साक्षी

स्वर्गभन्दा पनि ठूली

मेरो प्यारो महिबल गाउँ ।[48]

यहाँ कविले आफ्नो प्यारो गाउँको महिमा गाउदै तत्कालीन पञ्चायती परिवेशका घटनाक्रमहरूको समेत सङ्केत गरेका छन् । ४६ पङ्क्तिमा आबद्ध प्रस्तुत कविताले प्रकृतिलाई केन्द्रीय विषयवस्तु बनाएको छ । ऐतिहासिक, अध्यात्मिक, सांस्कृतिक बिम्बनले कविता सुन्दर बनेको छ । कविताको भाषाशैली सम्प्रेष्य नै देखिन्छ ।

### (र) **नेपालमाता ग्रामवासिनी**

नेपाल देशको महिमागान गाइएको प्रस्तुत कविताले नेपालको प्राकृतिक, भौगोलिक सुन्दरताको वर्णन गरेको छ । नेपाल एउटा सुन्दर देश, वीरताको गौरवगाथा बोकेको देश, आध्यात्मिक परिवेशको परिधीमा बाँधिएको देश र प्रकृतिले सिंगारिएको दुलहीझैं भएकी देश हो । जसको विश्वमा छुट्टै अस्तित्व छ भन्ने कविको अभिमत छ । कविले बहु साँस्कृतिक र मौलिक धर्म र संस्कृतिको चित्रण कवितामा गरेका छन् । यहाँ हजारौं ऋषिमुनीहरूका तपस्या स्थलहरू छन् । शान्ति र क्रान्तिको उद्गम भूमि नेपाल स्वर्ग हो वा भनौं स्वर्गभन्दा कयौं गुणा राम्रो भूमि हो । प्राकृतिक छटाहरूले भरिपूर्ण प्राणीहरूको क्रिडास्थल नेपाल सृष्टिको अनुपम उपहारका रूपमा कविले वर्णन गरेका छन् ।

कवि नेपालको गौरवगान यसरी गाउँदछन् :

हृदयको भाषामा व्यक्त भाव-भंगिमा
श्रृष्टिका साकार मूर्ति
किन्नर-किन्नरी सुम्नीमा पारिहाङहरू
वीरताको सवाई हाल्ने परम्परामा
संवेदनशील मनले
बेला-बखतमा निम्त्याउने चाड-पर्वहरू
बालन, घाटु, दोहोरी र देउडाहरू
यस्तै जीवन्त अनुभूतिमा रमाउने
वशीकरण मन्त्रकी स्वामिनी
हामी सबैकी आराध्या
हामी सबैकी जननी

[48] पृष्ठ नं.२४

नेपालमाता ध्रुवस्वामिनी

नेपालमाता ग्रामवासिनी ।[६९]

प्रस्तुत कविता तृतीय र प्रथम पुरुषीय दृष्टिविन्दुमा आबद्ध छ । सम्प्रेष्य भाषाको प्रयोग भएको प्रस्तुत कवितामा अन्त्यानुप्रासको अनियमित प्रयोग भएको छ । प्रकृतिलाई केन्द्रीय विषयवस्तु बनाइएको प्रस्तुत कवितामा किराँतहरूका आराध्य देवदेवी पारोहाङ-सुम्निमालाई शिव-पार्वतीका प्रतीकका रूपमा लिएको छ भने जननीको रूपमा नेपाली भूमीलाई । यस्तै भरपूर मात्रामा प्राकृतिक विम्बहरूको प्रयोग भएको छ । कविताले ३७ पङ्क्तिमा आफूलाई विस्तारित गरेको देखिन्छ ।

### (ल) सुन्दर भविष्यको निर्माण गरौं

प्रस्तुत कविताले देश निर्माणको बाटोमा आइपरेका सम्पूर्ण बाधाहरूलाई पन्छाउदै एउटा नयाँ सम्भाव्यताको खोजी गर्दै देशलाई संवृद्धिको शिखर चुमाऔं भन्ने भाव प्रकट गरेको छ । वैभव, सम्पन्नता, विलाशिता र सम्पूर्ण सुख, सुविधाहरू साहु तथा शासक वर्गका कब्जामा रहेका छन् । त्यसलाई विकेन्द्रित गर्नु अत्यावश्यक छ । भोका, नाङ्गा, रोग र शोकले तड्पेका नेपालीहरूका घरदैलोमा सम्पन्नता, सुविधा, औषधोपचार र शिक्षा पुऱ्याउनु जरुरी छ । ती नेपालीहरूको जबसम्म उद्धार हुँदैन् नेपाल बन्दैन । नेपालका अधिकांश जनता गरिब छन् र सीमित केही प्रतिशतले देशलाई कब्जा गरेको छ र हामीलाई रैति बनाएको छ भन्दै कविले अब त्यसका लागि क्रान्ति गर्नुपर्ने र सम्पूर्ण जनता उक्त क्रान्तिमा होमिनुपर्ने विचार उद्‌बोधन गर्दछन् । कविले हरित (कृषि) क्रान्ति र औद्योगिक क्रान्तिमा जोड दिएका छन् ।

कविले आफ्ना क्रान्ति सम्बन्धी भावहरू यसरी व्यक्त गरेका छन् :

हिमाली हावा संगै

सुसाएका धुपी-सल्लाका बृक्षहरू

आशाको सपना बोकेर

शीत उधाएर घैंटो भर्ने प्रयासमा

स्वर्णिम भविष्यको कल्पनामा

---

[६९] पृष्ठ नं.५३

उत्तरायणको खोजी गरेका
सोभ्का र उदार जनताहरू
अग्ला-होचा भीर पहरासंग
संधै संघर्ष गर्नुपर्ने परिस्थितिमा
पसीना काढेर
जति दुःख गरे पनि
संधै रित्तिएका भण्डार धनसार
जीवनको दुःख दैन्यता बिर्सेर
उकाली-ओरालीमा पात बजाउँदै
हिंड्नुपर्ने नियतिहरू
सती-सालको रूख भैं अडिग
एसका कठोर पाइलाहरू
संधै साहु-महाजनका घरमा देखिने
वैभव-विलासिताका पहाडहरू[५०]

यहाँ निम्न वर्गीय नेपालीका पीडाहरू, तडपहरू, जलनहरू र रोधनलाई चित्रण गर्दै नेपालमा व्याप्त चरम आर्थिक विसङ्गतिप्रति व्यङ्ग्य र विरोध गरिएको छ । केन्द्रीय रूपमा आर्थिक विसङ्गति र रुपान्तरणलाई र परिधीय रूपमा प्राकृतिक मनोरमतालाई विषयवस्तु बनाइएको प्रस्तुत कविताले समानताको पक्षमा आफ्नो आवाज उठान गरेको छ । ५३ पङ्क्तिमा संरचित प्रस्तुत कविता अन्त्यानुप्रासीय देखिन्छ । सम्प्रेष्य भाषाशैली भए पनि कविताको प्रस्तुति प्रयोगशील देखिन्छ ।

**(व) व्यवहारश्लोक**

प्रस्तुत कविताले जीवनमा आइपर्ने कठिनाइहरूको खोज गर्दै त्यससँग सामना कसरी गर्ने भन्ने उपायहरूको अन्वेषण गरेको छ । कविले जीवनमा सुख, दुःख आइरहन्छ, त्यसलाई हामीले संयमित भएर भेल्नुपर्छ भन्दै सुखमा नमात्तिन र दुःखमा नआत्तिन आग्रह गरेका छन् । दुःख भनेको संघर्ष हो । त्यसबाट भाग्नखोज्नु कायरताको प्रदर्शन हो । सङ्कट, समस्या, विपत्तीको विश्लेषण गर्दै तथ्यहरूको अन्वेषणद्वारा दुःखको सामना गर्नुपर्ने सल्लाह कविले पाठकहरूलाई दिन्छन् । दुःखको बेला मनले हरेस् खायो भने वा मन आत्तियो वा

[५०] पृष्ठ नं.५६

डरायो भने हाम्रो पाइला डगमगाउछ र पाइला डगमगाएपछि हाम्रो गन्तव्यले गलत दिशा अख्तियार गर्दछ । त्यसपछि जीवन भग्नावशेषमा परिणत हुन्छ भन्ने धारणा कविले व्यक्त गरेका छन् ।

कविले आफ्ना व्यवहार सम्बन्धी विचारहरू यसरी प्रकट गरेका छन् :

कमजोर मन छ तर्साउँछ संधै
कुबाटो देखाउँछ
रिसाहा बने बुद्धिनै गुम्छ
कठालो समाउँछ
उपाय संधै खोजेर हिंडनु
व्यवहार चलाउन
एकनाशको खुसी कहिल्यै पो हुन्छ
मान्छेलाई हंसाउन
मानिसको जीवन जोड र घटाउ
शेषफल आउँदछ
बुद्धि छ भने सदकर्म गऱ्यो
कर्मफल पाउँछ
क्यै गरी विध्न जीवनमा आए
नडराउ, नतर्स[57]

यसरी जीवन संघर्षका परिवेशहरूमाथि आफ्नो विचार र दर्शनहरू प्रस्तुत गर्न कवि सफल भएका छन् । ५५ पङ्क्तिमा संरचित प्रस्तुत कवितामा सरल भाषाशैली र अन्त्यानुप्रासको संयोजन गरिएको छ । हिन्दी लेखन शैलीको प्रयोग यथावत नै देखिन्छ भने शीर्षक सार्थक रहेको पाइन्छ ।

**(श) आशा**

प्रस्तुत कवितामा जनताहरूको आशा र भरोसा रुग्ण बन्दै गएको तथ्यको उद्‌बोधन गर्दै आशा र भरोसाहरू फेरि सल्बलाएर आऊन भन्ने कामना गरिएको छ । तत्कालीन

[57] पृष्ठ नं.६१

राजनैतिक अस्थिरता, द्वन्द्व, विदेशी चलखेल आदिलाई प्रस्तुत कविताले आफ्नो विषयवस्तु बनाएको छ । वि.सं. २०४६ सालपछि नेपाली जनताहरूले प्रजातन्त्र मार्फत आफ्नो आधारभूत आवश्यकताहरू पूरा गर्ने, आर्थिक हैसियतको उच्चता कायम रहने, सामाजिक रुपान्तरण हुने, देश अरु देशहरूसँग प्रतिस्पर्धा गर्दै समृद्ध बन्ने आशा राखेका थिए । तर त्यसको उल्टो देश धरासायी हुदै गयो । देश द्वन्द्वको मारमा फस्दै गयो । जनताको जीउ धनको सुरक्षा हुन सकेन् । त्यसबाट उन्मुक्ति पाउने आशा जनताले राखेका तथ्य कविले प्रस्तुत कवितामा व्यक्त गरेका छन् । वि.सं. २०४६ सालसम्मको परिवेशलाई कविताले आँकलन गरेको छ । वि.सं. २०५८ सालको दरबार हत्याकाण्ड र त्यसपछिको अस्थिर राजनीतिलाई सूक्ष्म रूपमा प्रस्तुत गरिएको छ ।

कवि आफ्ना भावनाहरूलाई यसरी प्रस्तुत गर्दछन् :

मनमै राखी बस्यो सकल-कथा-व्यथा
बोकी हिंड्यो ताप पनि
दुई दिनको पीर हो भनेर जनले
मानेन केही राप पनि
झन-झन बिध्न बढ्यो सुख कहाँ
क्यै छैन सन्तोष दिने
डर भो कालो रात बढ्यो अब यहाँ
मन भो संधै झस्किने
वैदिक स्थिति ढल्यो मुलुकमा[52]

यहाँ जनताहरू २०५८ को दरबार हत्याकाण्डबाट आहात भएको सङ्केत पाइन्छ । त्यस्तै वैदिक धर्म संस्कृतिको ह्रासतालाई पनि चित्रण गर्न कवि समर्थ भएका छन् ।

प्रस्तुत कविता ३६ पङ्क्तिमा संरचित छ । यहाँ राजनीतिक नेता तथा तत्कालीन राष्ट्रप्रमुख ज्ञानेन्द्र शाहलाई तक्षक नागका रूपमा प्रतिविम्बित गरिएको छ । स्थूल रूपमा राजनैतिक अस्थिरता र सूक्ष्म रूपमा दरबार हत्याकाण्ड र सशस्त्र द्वन्द्वलाई कविताले आफ्नो विषयवस्तु बनाएको पाइन्छ । यो कविता समसामयिक प्रयोगधर्मी कविता हो ।

[52] पृष्ठ नं.६२

(ष) **उद्घोष**

प्रस्तुत कविता नेपालीहरूको सहनशीलता र शान्तिप्रियताको गलत फाइदा उठाउँदै आफ्नो निहित स्वार्थ साध्ने विदेशी तथा स्वदेशी गद्दार, दलाल र राष्ट्रघाती व्यक्तिहरूलाई चुनौति दिएको कविता हो । कविले नेपालीहरूको धैर्यता र शान्तिप्रियतालाई कमजोरी भनेका छन् । कविले नेपाल एकीकरणको प्रसङ्ग ल्याउँदै नेपालीहरू मित्रको लागि मित्र र शत्रुका लागि शत्रु हुन् भनेका छन् ।

कवि आफ्ना भावहरूलाई यसरी प्रकट गर्दछन् :

यस पवित्र हिमालमा
वैरीको गिद्ध-दृष्टि परिरह्यो भने
यसको स्वतन्त्रता र स्वाभिमानमा
निरन्तर प्रहार भैरहयो भने
सह्य भैरहने छ यसलाई
यो जाति त कालको पनि महाकाल
योसँग खेलवाड गर्ने दुष्प्रयाश नगर
यसले वैरीको शिर गिंडेर
रूण्ड-मुण्डको माला पहिरन सक्छ
प्रलयकालको सृष्टि गर्न सक्छ
समस्त ब्रम्हाण्डमा
हलचल मच्चाइदिन सक्छ ।[६३]

यहाँ नेपाली जनता र नेपालको भविष्य सार्वभौमिकता स्वतन्त्रता माथि षडयन्त्रपूर्वक चक्रब्यूह रच्ने कसैलाई पनि नेपाली जनताले नछाड्ने भाव प्रकट भएको छ ।

३६ पङ्क्तिमा संरचित प्रस्तुत कविताको भाषाशैली सम्प्रेष्य नै देखिन्छ । अन्त्यानुप्रासको संयोजनले कविता रोच बनेको छ । प्रस्तुत कविताको शीर्षक सार्थक देखिन्छ ।

---

[६३] पृष्ठ नं.६६

(स)  **नेपालका गाम-बेसीहरू**

प्रस्तुत कविताले नेपाली ग्रामीण क्षेत्रको सौन्दर्यताको वर्णन गरिएको छ । नेपालका गाउँ बेसीहरू प्राकृतिक मनोरमताले भरिएका सुन्दर परिदृष्यहरू सँगालिएका र अकूत प्राकृतिक तथा खनिज तत्वहरूले सुसज्जित भएको भाव कवितामा व्यक्त भएको छ । कविताले सुन्दर वस्तीहरूका बासिन्दाहरूको सरल जीवन शैलीको चित्रण प्रस्तुत कवितामा गरेका छन् ।

(ह)  **मनको वह**

प्रस्तुत कविताले शृङ्गारिक भावको प्रस्तुति गरिएको छ । आफ्नो मायालुको विछोडमा कवि विक्षिप्त भएको भाव कवितामा व्यक्त भएको छ ।

(क्ष)  **असारे आरुको बोट**

प्रस्तुत कविताले असारे आरुको बोटको इतिवर्णन गरेको छ ।

(त्र)  **सालवनको सन्देश**

प्रस्तुत कविताले सालवनका रूखलाई प्रतीक बनाउदै आम नेपालीहरूलाई विध्वंसकारी, राष्ट्रघातीहरूबाट जोगाइ राष्ट्रको अस्तित्वको लागि सजग हुन आग्रह गरिएको छ ।

यसरी नै सङ्ग्रहमा सङ्गृहीत अन्य कविताहरूलाई हेर्दा **यथार्थ** सामाजिक, सांस्कृतिक, राजनीतिक द्वन्द्वको चित्रण भएको कविता हो । **अभिज्ञान** राष्ट्रियता, साम्प्रदायिकता, सद्भाव, आध्यात्मिकता, अखण्डता आदिबारे जनताहरूलाई चेतना प्रवाह गर्न आग्रह गरिएको कविता हो । त्यस्तै **उधिएको अन्तर्द्वन्द्व** कविता देशका नेताहरू भारतमुखी भएर देशको हितमा काम नगरेको र विदेशीहरूको इसारामा  यहाँ द्वन्द्वको विजारोपनण भएको भाव प्रकट भएको कविता हो । **उच्छ्वास** कविताले भ्रष्टाचार, देशको हित विपरितका सन्धिहरू, सत्ता, भत्ताको खेल र आतङ्क तथा द्वन्द्वलाई विषयवस्तु बनाएको छ । यस्तै **हृदयभरिको चाहना** कविताले प्राकृतिक मनोरमता र सौन्दर्यको वर्णन गरेको छ । यी सङ्क्षेपमा वर्णित कविताहरू अन्य विश्लेषित कविताहरूको विषयवस्तुहरूसँग समकक्षी रहेका छन् ।

यसरी कवि बाबुरामसिंह थापाले वि.सं. २०६० मा प्रकाशित गरेको कविता सङ्ग्रहभित्र सङ्गृहित कविताहरूको अध्ययन गरियो ।

### ४.४.२ बाबुरामसिंह थापाको प्रबन्ध सङ्ग्रहको अध्ययन

बाबुरामसिंह थापाले कवितापछि आफ्नो सिर्जना क्षमता देखाएको विधा प्रबन्ध तथा निबन्ध हो । थापाले समासामयिक, ऐतिहासिक, दार्शनिक, आध्यात्मिक, प्राकृतिक, आर्थिक, राजनीतिक, साँस्कृतिक विषयलाई आफ्नो प्रबन्धको स्रोत बनाएका छन् । विभिन्न पत्र-पत्रिकाहरू मधुपर्क, बालतृष्णा, घटना विचार, जनआस्था, हाम्रो सम्पदा, कान्तिपुर, स्पेसटाइम, राजधानी आदि पत्र-पत्रिकामा थापाका प्रबन्धात्मक लेख रचनाहरू प्रकाशित भएका छन् । उनले वि.सं. २०६२ सालमा **अखण्ड नेपाल** प्रबन्ध सङ्ग्रह प्रकाशित गरेका छन् । आत्मपरक विवरणात्मक, विश्लेषणात्मक र वस्तुपरक प्रबन्धहरू रचना गर्ने थापाले राष्ट्रियतालाई प्रबन्धको मुख्य विषयवस्तु बनाउँदै आएका छन् । इतिहासको खोज अनुसन्धानमा रूचि देखाउने थापाले इतिहासका गर्भबाट तथ्यहरू उत्खनन गरेर प्रबन्धमा प्रयोग गरेका छन् । दर्शन, विचार, सकारात्मक सोचेका प्रक्षेपण गर्दै गलत प्रक्रिया, कामप्रति व्यङ्ग्य प्रवाह समेत गरेका छन् ।[५४] यस विवेच्य शीर्षक अन्तर्गत **अखण्ड नेपाल** (२०६२) प्रबन्ध सङ्ग्रहको अध्ययन गरिएको छ ।

#### ४.४.२.१ अखण्ड नेपाल प्रबन्ध सङ्ग्रहको अध्ययन

प्रबन्धकार बाबुरामसिंह थापाले वि.सं. २०६२ मा प्रकाशित गरेको विवेच्य प्रबन्ध सङ्ग्रह **अखण्ड नेपाल** इतिहास, दर्शन, आध्यात्म, राजनीतिक, साँस्कृतिक, आर्थिक, सामाजिक विषयवस्तु समावेश गरिएको कृति हो । विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित भएको लेख रचना र विचारलाई प्रबन्धकारले सङ्ग्रहको बान्की पहिऱ्याएका छन् । नेपाल सधैं अखण्ड हुनुपर्छ, सार्वभौमसत्ता सम्पन्न हुनुपर्छ, स्वाधीन हुनुपर्छ र राष्ट्रियताको जगेर्ना गर्नुपर्छ भन्ने विचारहरू प्रबन्धकारले व्यक्त गरेका छन् । ऐतिहासिक कालखण्डमा घात-प्रतिघात र षडयन्त्रका पात्रहरूको अन्वेषण गर्न प्रबन्धकार सफल भएका छन् । नेपालीहरूबाट हराउदै गएको राष्ट्रियता, सीमित लोभमा बेचिंदै गरेको स्वाधिनता, विदेशीका

---

[५४] कृष्ण प्रसाद दाहालबाट प्राप्त जानकारी

सामू नतमस्तक नेतृत्व र लाचार जनताका मानसिकताको चित्रण थापाले गरेका छन् । पूर्वीय अध्यात्मवादको खुलेर प्रशंसा गर्दै त्यसका नकारात्मक पक्षको घोर विरोध गरिएको पाइन्छ । वि.सं. २०५२ बाट सुरु भएको सशस्त्र द्वन्द्व, त्यसको पृष्ठभूमि, द्वन्द्वका उत्प्रेरक तत्व र त्यसका सकारात्मक-नकरात्मक पक्षहरूलाई प्रबन्धले समेटेको छ । नेपाल एकीकरणका योद्धाहरूको स्तुति प्रबन्धले गाएको छ । अन्तराष्ट्रिय घटनाक्रमसँग राष्ट्रिय घटनाक्रमको तुलनात्मक अध्ययन गर्दै विविध पक्षको अन्वेषण गरिएको छ । यस सङ्ग्रहभित्र सङ्गृहित प्रबन्धहरूमा प्राकृतिक परिदृश्यको अवलोकन समेत भएको छ । केन्द्रीय रूपमा राष्ट्रियता र परिधीय रूपमा अन्य विषयवस्तुको प्रस्तुति प्रस्तुत प्रबन्ध सङ्ग्रहमा भएको छ ।

यस **अखण्ड नेपाल** प्रबन्ध सङ्ग्रहभित्र सङ्गृहीत प्रतिनिधि प्रबन्धहरूको अध्ययन यस अनुरूप गरिएको छ ।

### ४.४.२.१.१ विषयवस्तुका आधारमा अखण्ड नेपाल प्रबन्धको अध्ययन

#### (क) सरल, त्यागमय जीवनका उपासक बडामहाराज पृथ्वीनारायण शाह

प्रस्तुत प्रबन्धले राजा पृथ्वीनारायण शाहको सरल जीवन, नेपाल एकीकरणमा उनको योगदान र संघर्ष गर्दा उनले भोगेका नियती, देशको आर्थिक, राजनीतिक सम्बन्धमा उनले अख्तियार गरेको नीतिको अवलोकन गरेको छ । त्यस्तै पृथ्वी नारायण शाह र उनका उत्तराधिकारीहरूको जीवनशैलीको तुलनात्मक अध्ययन गरिएको छ । दरबारिया षडयन्त्र, चलखेल र अवसरवादी व्यक्तिहरूको दरबार प्रवेश आदिलाई पनि प्रस्तुत प्रबन्धले समेटेको छ । वर्तमान परिवेशसँग तत्कालीन परिवेशको तुलनात्मक अध्ययन गरिएको छ ।

पृथ्वीनारायण शाह पूर्वका र उनका बाल्यकालका सन्दर्भहरू प्रस्तुत गर्नेक्रममा प्रबन्धकारले सन् १७३५ मा पृथ्वी नारायण शाहका पिता नरभुपाल शाहले नुवाकोट आक्रमणमा व्यहोरेको हारले विक्षिप्त भएर दरबारको दक्षिणी जङ्गलमा गई न्यासध्यानमा समय बिताउने गरेको तथ्य प्रबन्धकारले उद्घाटन गरेका छन् । त्यसपछि चन्द्र प्रभावतीले राजकाज सम्हालेको र नरभुपाल शाहकी माहिली रानी कौशल्यावतीबाट पृथ्वी नारायण शाहको जन्म भएको तर पृथ्वी नारायणको पराक्रममा  अनुशासनमा, चन्द्र प्रभावती र कान्छा हजुरबा चन्द्ररूप शाहको महत्त्वपूर्ण भूमिका रहेको प्रबन्धमा उल्लेख गरिएको छ ।

परेवा पाल्ने, पौडी खेल्ने, उखुका बारीमा पसेर उखुका रस पिउनु, बालक पृथ्वी नारायण शाहको शोख रहेको प्रबन्धकारको खोज हो ।

त्यस्तै सन् १७१५ देखि १७७२ सम्म गोरखा दरबारले "गर्नु काम जोगाउनु दाम" भन्ने सिद्धान्त कायम गरेको प्रबन्धले जनाएको छ । राजा पृथ्वीपति उनका हजुरबुबा कृष्ण शाहका व्यास उपाध्यायबाट लिएको ऋण नवीकरण गरेबाट दरबारमा पनि पैसाको अभाव रहेको प्रबन्धमा उल्लेख गरिएको छ । गोरखाका राजा भएपछि एकीकरण अभियानमा अभ्यस्त पृथ्वी नारायण शाहले स्वदेशी पोशाकलाई अङ्गीकार गरेको र एक दिन विदेशी पोशाकले झकिझकाउ भएका उनका जेठान र उनका मतियारले पृथ्वी नारायण शाहको अपमान गरेको तथ्य प्रबन्धले उजागर गरेको छ । देशभित्र घरेलु उद्योगधन्दाको विकासका लागि ती उद्योगहरूबाट उत्पादित पोशाकहरूको प्रयोग गर्नुपर्ने यसले गर्दा स्वदेशी पैसा विदेश जाँदैन र जनताहरूले रोजगारी पाउने छन् भन्ने पृथ्वीनारायण शाहको सोचको प्रबन्धकारले प्रष्ट पारेका छन् ।

प्रबन्धकार थापाले पृथ्वीनारायण शाहको सरल जीवन, राष्ट्रियता, स्वाभिमानवृत्त उनका सन्ततीले जगेर्ना गर्न नसकेको तथ्य प्रकट गरेका छन् । उनका छोरा प्रतापसिंह शाह वैजनाथ पौड्यालको संगतमा र उक्साहटमा परेर मांस, मदिरा र मैथुनमा अभ्यस्त भएको, जसबाट स्वयं पृथ्वी नारायण शाह असन्तुष्ट रहेको प्रबन्धकारले उल्लेख गरेका छन् । भोगविलासमा लिप्त दरबारले रणबहादुर शाहलाई प्रभावित गर्दै लगेको तथ्यको उद्घाटन प्रबन्धमा उल्लेख गरिएको छ । जसको फलस्वरूप कुस्तीवाज गोसाईप्रसादलाई दाउपेच देखाए वापत रू.७००।- प्रति महिना र कयुमखान कलावत र जीवन शाह कलावतलाई रू. १५००।- प्रति महिना दिनु कुनै अनौठो नमान्ने भए । त्यस्तै सन् १७९८ मा चैनपुरका प्रशासक चामु थापा र रामचन्द्र थापालाई असल जातको साँढे नल्याएकोमा रू. २००।- जरिवाना भर्दै पृथ्वीनारायण शाह र उनका पूर्वजले अपनाएको मितव्ययिता र जीवनशैलीलाई उनी पछिका पुस्ताले मिल्काएर भोगविलासपूर्ण जीवनशैली अँगालेको तथ्य प्रबन्धकारले गरेका छन् । साथै दरबार पतनमुखी हुनुका कारण नै त्यही भोगविलासी प्रवृत्तिको उपज हो भन्ने तर्क प्रबन्धकारले राखेका छन् ।

## (ख) अमर अमरसिंह

प्रस्तुत प्रबन्धले नेपाल-अंग्रेज युद्धका महान् योद्धा अमरसिंह थापालाई नायक बनाएको छ । अमरसिंह थापाको वीरता, व्यवहारिकता, मानसिकतालाई प्रबन्धले छिचोल्ने काम गरेको छ । उनीमाथि लगाइएका आरोपहरूको प्रतिवाद गर्दै उनलाई अन्य व्यक्तिसँग तुलना गरिएको छ ।

प्रबन्धकार थापाले भारतको धर्मान्ध मुगल सम्राट औरङ्ग जेवको अत्याचारबाट गुरु गोविन्दसिंहले भुक्त गरेको प्रसङ्ग उल्लेख गर्दै नेपालको धर्म, संस्कृति, स्वाधिनता, अखण्डता जोगाउन पनि अमरसिंह थापाको अवतरण भएको र पृथ्वी नारायण शाहको प्रेरणा ग्रहण गर्दै बाघको डमरु भएर निस्केको कुरा प्रबन्धकारले अभिव्यक्त गरेका छन् । त्यस्तै प्रबन्धकारले भारतको इतिहास सर जदुनाथ सरकारको तुलना महाराणा प्रतापसँग गरेको तथ्यको खुलसा गरेका छन् । १७ वर्षको उमेरमा सेनामा प्रवेश गरेका अमरसिंह मलाउँको किल्लाबाट बाहिर निस्कंदा उनको सामान देखेर अंग्रेज सेनापति अक्टोर लोनी छक्क परेको प्रसङ्ग पनि प्रबन्धकारले उल्लेख गर्दै पञ्जावका महाराज रणजित सिंहले उनका छोराका विहेमा पठाएको १००० असर्फी राज्यकोषमा जम्मा गराएको र आफूले पाएको धन सम्पत्तिबाट मठमन्दिर बनाउने गरेको चर्चा प्रबन्धकारले गरेका छन् । त्यस्तै वि.सं. १८७२ को सुगौली सन्धिबाट असन्तुष्ट भएर निस्कने क्रममा अमरसिंह थापाले चिनियाँ वादशाहलाई धन र फौजका लागि अनुरोध गर्दै पत्र लेखेको प्रसङ्ग पनि यहाँ उल्लेख गरेका छन् ।

यसरी प्रस्तुत प्रबन्धले अमरसिंहको सूक्ष्मतम अध्ययन तथा अन्वेषण गरेको छ ।

## (ग) सुगौली सन्धिको अथ इति

प्रस्तुत प्रबन्धले सुगौली सन्धिको अवस्थिति, सन्धिका पृष्ठभूमि जस्ता अवयवहरूको अन्वेषण गर्दै नेपाल-अंग्रेज युद्धमा नेपाली भू-भागहरू गुम्नुको कारणको खोज गरेको छ । अंग्रेजको चाकडी गरेर अकूत धन कमाएर भोगविलाशी जीवन व्यतीत गर्न चाहने दरबारिया भारदारहरू र अदुरदर्शी राष्ट्र सञ्चालकहरूका कारण सुगौली सन्धिको पीडा नेपालीहरूले भोग्नु परेको यथार्थ प्रबन्धमा अभिव्यक्त भएको छ । युद्धको घोषणा गर्नु अघि अंग्रेजहरूसँग जुन किसिमको वार्तालाप हुनुपर्ने हो त्यो कुरा भएन् । नेपाली शासकहरूले आफूले जितेका भूमिहरूमा पकड राख्ने सामर्थ्य नदेखाउनुका कारण जितिइएका भूमि र प्रशासकबाटै नेपाललाई सहयोग नमिलेको तर्क प्रबन्धले उजागर गरेको छ । गुमेका भूमिहरू लिन

तत्कालीनदेखि हालसम्मका शासकहरूले पहल नगर्नुको सत्यतालाई प्रबन्धले उद्वोधन गरेको छ । प्रबन्धकारले गोरखाली सेना र सिख नेता वीच भएको युद्धमा गोरखालीहरूले हार व्यहोरे पछि काश्मीरसम्म पुग्ने अभीष्ट पूरा नभएको प्रसङ्ग उल्लेख गरेका छन् । त्यस्तै गोरलाई सहयोग गरेर कुमाउँको राजा (शासक) हुने आकांक्षा अर्थात चाहना बोकेका तर्षदेव जोशीको नेपाल दरबारले लत्याउँदा अंग्रेज युद्धमा त्यहाँका रैतिहरूले हर्षदेव जोशीकै आडमा रासनपानी नदिंदा नेपालले हार व्यहोरेको र कुमाउँ गुमेको प्रसङ्ग प्रबन्धमा उल्लेख गरेका छन् । नेपाल अंग्रेज युद्धकै क्रममा नालापानीमा जिलेस्पी मारिएको बारा-पर्साको युद्धमा जर्नेल मार्ले भागेको, अंग्रेजहरूले अवधका नवाब गाजिउद्दिन हैदरसँग दुई करोड कर्जा लिएको तर नेपालसँग धनको अभाव हुदै गएको चर्चा प्रबन्धमा गरिएको छ । यसैक्रममा जर्नेल अक्टोरलोनीले विना अवरोध चकरी मकरीको बाटो भएर चुरे पार गरेकोले काठमाडौँमाथि खतरा हुने देखेर भीमसेन थापाले सुगौली सन्धि गर्न मञ्जुर भएको तथ्य प्रबन्धकारले उद्घाटन गरेका छन् । चन्द्रशेखर उपाध्याय र गजराज मिश्रले अंग्रेजको पक्षमा सन्धि गर्न लागि परेको तर आधिकारिक व्यक्ति काजी बख्तावरसिंह थापाको भूमिका निश्क्रिय भएको यथार्थ पनि यहाँ चित्रित छ । अमरसिंह जस्ता वीर नेपालीहरूको विरोधका वावजुद पनि सुगौली सन्धि भएर छाड्दछ । तर पनि सन्धिकर्ता चन्द्रशेखर र इष्ट इण्डिया कम्पनीका ले.क. पेरिश ब्राडशाको सहीछाप छ । नेपाली राजाले अनुमोदन गरेको देखिंदैन् । एकपक्षीय रूपमा नेपाली भारदारहरूले सन्धि गर्दै नेपालीहरूको अस्तित्व बेचेको तर्क प्रबन्धले गरेको छ ।

ब्रिटेनले सन् १९४७ मा भारत छोड्नु अघि आफ्नो भूमि फिर्ता लैजान नेपाली शासकहरूलाई भनेकोमा बालकृष्ण सम जस्ता व्यक्तिहरूले मोहन शमशेरलाई दार्जिलिङ जस्ता नेपाली भूमि नेपालमा गाभियो भने राणा शासकको चाँडै अन्त्य हुने भन्दै पहल नगर्न सल्लाहा दिएको प्रसङ्ग उल्लेख गरेका छन् । नेपाल र ब्रिटिश सरकार बीच भएका सम्पूर्ण अवैधानिक सन्धिहरू खारेज हुनुपर्ने तर्क गर्दै प्रबन्धकारले जो सँग सन्धि भएको हो त्यो नै भारत छोडेर गइसके पछि सन्धिको औचित्य के ? भन्दै नेपाली भूमि फिर्ता हुनुपर्ने तर्क राख्दछन् । त्यस्तै २००७ पछिका नेतृत्व वर्गले भारतको नुन खाएका हिसाबले पहल नगर्दा नेपाली भू-भाग गुमेको गुमाइरहेको अवस्था स्मरण गराउँदै अबका भू-भागहरू पनि भारततिर सर्दै गएको तथ्य व्यक्त गरेका छन् ।

यसरी सुगौली सन्धिको इतिवृत्तान्तका बारेमा प्रबन्धकारले प्रबन्धमा वेलिबिस्तार लगाएका छन् ।

## (घ) नेपालका प्रथम संविधान निर्माता कर्नेल उजरसिंह थापा

प्रबन्धकार थापाले वि.सं. १८५२ मा जन्मेका उजिरसिंह थापाको पारिवारिक पृष्ठभूमिको चर्चा गर्दै उनले २७ वर्षको उमेर १८७९ मा **जंगी तथा निजामती बन्देज** नामक पुस्तक लेखेको चर्चा गरेका छन् । पाल्पाका प्रशासक जसले अंग्रेजलाई त्यहाँबाट पराजितको स्वाद चखाएर छाड्यो । उसले सेना, निजामती सेवाको सम्बन्धमा दफाहरू समेत उल्लेख गर्दै काम, कर्तव्यका बारेमा लेखेको पुस्तक नै पहिलो संविधान हो भन्ने तर्क प्रबन्धकारले राखेका छन् । वि.सं. १९१० मा राजा सुरेन्द्रको पालामा जङ्गबहादुर राणाले जारी गरेको संविधानभन्दा अघि जारी भएको संविधानका बारेमा इतिहासविद्हरू मौन रहेको तथ्य प्रबन्धकारले उल्लेख गरेका छन् । त्यसैले उजिरसिंह थापाका भाइ माथवरसिंह थापाको पञ्जाव सेवा, पिता नयनसिंह थापा बाजे जर्नेल अमरसिंह थापाका प्रसङ्गहरू पनि प्रबन्धले कोट्याएको छ ।

## (ङ) मुख्तियार भीमसेन थापाबारे केही थप कुरा

प्रस्तुत प्रबन्धमा प्रबन्धकारले इतिहासकारहरूमध्येका भीमसेन थापाका बारेमा गरेका टीकाटिप्पणी र सङ्कलन गरिएका तथ्याङ्कहरू समेत पूर्वाग्रही भएको र उनका बारेमा फैलाइएका भ्रामक कुराहरू र गरिएका बदनामहरूको जवाफ दिएका छन् । नेपाल अंग्रेज युद्ध र सुगौली सन्धि, राजेश्वरी काण्ड आदिका बारेमा उल्लेख गरिएका तथ्यहरू गलत रहेको दाबी प्रबन्धकारले गरेका छन् ।

प्रबन्धकारले उर्लदो आँधीसरी आएको अंग्रेज सामु युद्धभन्दा अर्को विकल्प थिएन त्यसैले उनले देशलाई युद्धमा धकेलिदिए भन्नु गलत हो भन्दछन् । भीमसेन थापाले पहल गर्दा गर्दै पनि अल्मोडाका प्रशासक बम शाहका शंकास्पद चरित्रले गर्दा अमरसिंह थापासम्म सेना नपुग्दा लडाइँ हारेको तथ्य यसमा प्रस्तुत गरिएको छ । त्यस्तै राजराज्यश्वरीलाई जवर्जस्ती सती चढाइयो भनौ सम्बन्धमा पनि प्रबन्धकारले त्यो बेलाको प्रथा नै त्यस्तै भएकोले भीमसेन थापालाई दोष दिन मिल्दैन् भन्ने तर्क राख्दछन् । भीमसेन थापालाई षड्यन्त्रपूर्वक जेलभित्र आत्महत्या गर्न बाध्य पारिएको अंग्रेज र नेपाली भारदारहरूले गरेको

तथ्यको उद्बोधन गर्दै भीमसेन थापाका सम्बन्धमा बाबुराम आचार्य, ज्ञानमणी नेपाल जस्ता इतिहासकारहरूले पूर्वाग्रहिता जनाएको चर्चा लेखकले गरेका छन् । यसरी भीमसेन थापाका बारेमा फैलाइएका हल्लाहरूको जवाफ दिन प्रबन्धकार सफल भएका छन् ।

### (च) प्रवासी क्रान्तिकारी रानी चाँद कुँवरी-केही ऐतिहासिक तथ्य

प्रस्तुत प्रबन्धले पञ्जावका राजा रणजित सिंहकी रानी चाँद कुँवरी अंग्रेजले पञ्जावलाई उदरस्थ गरेपछि भाग्दै नेपालमा आए पनि जंगबहादुरले शरण दिएको तथ्यलाई उद्घाटन गरेको छ । त्यस्तै सिख धर्म गुरु नानकदेवको प्रसङ्ग पनि उल्लेख गर्दै प्रबन्धकार थापाले नेपाल र पञ्जावको सम्बन्धको चर्चा गरेका छन् ।

प्रबन्धकार थापाले अमरसिंह थापाको कूटनीतिक प्रस्तावलाई बेवास्ता गर्दा गोरखा, सिख, मराठा शक्ति मिलेर अंग्रेजलाई लखेट्ने रणजित सिंहको हत्यापछि रानी जिंदा वा चाँद कुँवरीलाई इलाहावादमा बन्दी बनाइएको र पछि नेपाल आएर बस्न जंगबहादुर राणाले अनुमति दिएको र पछि थापाथलीमा उनको लागि भवन निर्माण गरिदिएको तथ्य प्रस्तुत गर्दै रानीको अमूल्य गहनाहरू हातपार्ने शासकहरू लागि परेको खुलासा गरेका छन् । युवराजलाई लण्डन पुऱ्याएर टाउको मुढेको तथ्य पनि प्रबन्धकारले उजागर गरेका छन् ।

त्यस्तै सिख धर्म गुरु नानकदेव मक्कामा जाँदा थकाईले चूर भई त्यसतर्फ गोडा राखेर सुत्दा मौलवीले हप्काएपछि उनले जता-जता खुट्टा राख्यो मस्जिद पनि उतै-उतै घुमेको तथ्य उल्लेख गरिएको छ । त्यस्तै गुरु नानक नेपाल आएको र त्यसैले वहाँले ठाउँ-ठाउँमा गुरुद्वाराहरूको स्थापना गर्दै गएको उल्लेख प्रस्तुत प्रबन्धमा गरिएको पाइन्छ ।

### (छ) माथवरसिंह थापाको पञ्जाबतिर यात्रा

प्रस्तुत प्रबन्धले मुख्तियार माथवरसिंह थापाले नेपाली राजनीतिमा पुऱ्याएको योगदानको चर्चा गरेको छ । सुगौली सन्धिपछि अंग्रेजहरूले नेपाल पस्ने विभिन्न उपायहरू रचे । अंग्रेजका पक्षमा सन्धि गराउन लागिपरेका भारदार र अन्य अवसरवादी भारदारहरूलाई प्रयोग गरेर दरबारभित्रको षड्यन्त्रको ताण्डव मच्चाउने काम अंग्रेजहरूले गरिरहे । राजेन्द्र विक्रम शाह रानीहरूको झमेलामा फसेका थिए । रणजंग पाण्डे षडयन्त्रको जालो बुन्दै थिए । सिंहनाथ पल्टनको जिम्मेवारी माथवरसिंह थापालाई दिइएको थियो । उनको तलब भत्तामा कटौती गरेपछि नेपाल षड्यन्त्रको ताण्डवले उग्ररूप लिने देखि

माथवरसिंह थापा पञ्जाबतिर लागे । त्यसपछि भीमसेन थापालाई जेल हालेर सडिने वातावरण खडा गरियो । जेठी रानी साम्राज्यलक्ष्मीका छोराको हत्याको आरोप लगाएर भीमसेन थापालाई पञ्छाए पनि सम्पूर्ण बगाले थापालाई समेत पदच्युत गरियो । बालनरसिंह कुँवर, रङ्गनाथ पौडेल, प्राण शाह जस्ता देशभक्तहरू दुखित थिए । माथवरसिंह थापाको बहादुरी रणकौशलबाट रणजित सिंह गद्गद थिए । उनले ठूलो पद दिएर राखेका थिए । त्यसै बखत राजेन्द्र विक्रम र राज्यलक्ष्मीबाट उनलाई बोलावट आयो । धेरै पटक बोलावट भएपनि उनी त्यहाँ गएनन् । भीमसेन थापाका बारेमा खोजतलास गरेर दोषीहरूलाई सजाय दिए । मुलुकको भयावह परिस्थितिबाट चिन्तित माथवरसिंह थापा दरबारिया षडयन्त्रबाट जानकार हुँदाहुदै पनि उनले गर्न सक्ने केही थिएन् । सुरेन्द्रको ठाउँमा आफ्ना छोरालाई उत्तराधिकारी बनाउने राज्यलक्ष्मीको योजना माथवरसिंहबाट पूरा नहुने स्थितिमा उनको हत्या उनकै भान्जा जंगबहादुरबाट गराइयो र कोतपर्वका लागि पूर्वाधार तयार गरियो, जुन अंग्रेजहरूको सफल षड्यन्त्र थियो । यसरी माथवरसिंह थापाको नायकत्वमा तत्कालीन नेपाली राजनीतिको अन्वेषण प्रस्तुत प्रबन्धले गरेको पाइन्छ ।

कविले अंग्रेजका षडयन्त्रको मतियारका रूपमा नेपालका राष्ट्रघाती, अवसरवादी भाइभारदार रहेको तथ्यको उद्घाटन गरेका छन् । राष्ट्रियता कमजोर बनाउन अंग्रेजहरू सफल भएको र आफू अनुकूलको शासन व्यवस्था नेपालमा स्थापित गराउन सफल भएको तथ्यको पनि प्रबन्धकारले खुलासा गरेका छन् ।

### (ज) प्रथम ब्राह्मण प्रधानमत्रीको गाउँमा

प्रस्तुत प्रबन्धमा तनहुँ जिल्लाको महिबलकोट शैक्षिक किचलो तथा विसङ्गतिलाई विषयवस्तु बनाउदै शिक्षकहरूकृ आचरणको अवलोकन गरिएको छ । विद्यालय व्यवस्थापनमा पनि राजनीतिक दलहरूको हानाथापको चर्चा गर्दै गुण्डागर्दी, चोरी, अवैध रक्सीको व्यपारलाई प्रबन्धले आफ्नो विषयवस्तु बनाइएको छ ।

प्रस्तुत प्रबन्धमा प्रबन्धकारले आफू खडेरीमा तनहुँको महिबलकोट पुग्दा त्यहाँको एक प्रस्तावित माध्यमिक विद्यालयमा शिक्षकहरू विभिन्न पार्टीहरूमा विभाजित भएको पाए । गएको संसदीय चुनावमा काग्रेसी शिक्षकहरू खुलेरै प्रचार-प्रसारमा लागिपरेकाले कक्षा सञ्चालनमा बाधा पुगेको भन्दै कम्युनिष्ट प्रधानाध्यापकले विद्यार्थीहरूलाई उचालेर हड्ताल गराएको जसले गर्दा विद्यालयको वातावरण बिग्रँदै गएको तथ्य उद्घाटन गरेका छन् । गाउँ

नजिकैको हटिया जहाँ पहिले लुगा बुन्ने काम हुने गर्थ्यो भन्दै चन्द्र शमशेरले अंग्रेजसँग सम्झौता गरेर विदेशी कपडा भित्र्याएका कारण यहाँको उद्योगहरू बन्द हुदै गएको तथ्य पनि यहाँ उद्घाटित भएको छ । प्रबन्धकारले हटिया घुम्दै जाँदा स्कुलबाट छुटेर आएका शिक्षकहरू, भूतपूर्व फौजी, किसानहरू आदि त्यहाँको भट्टीमा रक्सी खाँदै गरेको पाउदछन् । घरको आर्थिक स्थिति बिर्सेर रक्सीको कुलतमा डुब्ने प्रवृत्तिले सामाजिक रूपमा शिक्षकहरूको प्रतिष्ठामाथि प्रश्न उठेको र समाजमा नकारात्मक सन्देश प्रवहा भएको चर्चा गर्दै शिक्षक, कर्मचारीमाथि कडा आचारसंहिता लागू गर्नुपर्नेमा प्रबन्धकारले जोड दिएका छन् । त्यसैगरी विभिन्न अपराधीहरू राजनैतिक दलको कार्यकर्ता भएका आधारमा प्रहरीले समाते पनि उम्कने तथ्य प्रबन्धकारले यसमा उल्लेख गरेका छन् । छुर्पी चोरेर बेच्ने चोर चुनावमा ठूलो पार्टीको कमाण्डरको रूपमा कार्य गरेकोले प्रहरीबाट उम्किन सकेको प्रसङ्ग कोट्याएका छन् ।

यसरी नेपालका प्रथम ब्राह्मण प्रधानमन्त्री रङ्गनाथ पौड्यालको गाउँमा पर्यावरणीय क्षेत्रको अवलोकन गर्दै त्यहाँको बेथितिहरूलाई औंल्याउने काम प्रबन्धकारले गरेका छन् । यसक्रममा उक्त गाउँको परिस्थितिलाई मुलुकको परिस्थितिसँग सामीप्यता गराएका छन् ।

### (झ) मध्यकालीन योगिनीकौल साधनाको पराभवमा नाथपंथ

प्रस्तुत प्रबन्धमा मध्यकालीन भोगवादी समाजको अन्वेषण गरिएको छ । त्यसबेलाको समाज योगिनीकौल साधनाको माध्यमबाट नौलो प्रयोग गर्न चाहन्थ्यो । इन्द्रिययोगबाट इन्द्रियातीत अवस्थामा पुग्ने उपापयको खोजी यौगिनीकौल साधना थियो । नारी र पुरुष स्वतन्त्र रूपमा उक्त अभ्यासमा लाग्दथे । मन्स्येन्द्रनाथ, जालन्धरनाथ, योगिनीकौलका प्रमुख साधकका रूपमा रहेको उल्लेख गर्दै प्रबन्धकारले मत्स्येन्द्रनाथ र नर्मदाको सम्बन्धको चर्चा गरेका छन् । मत्स्येन्द्रनाथ मछुवारीको जीवन व्यतीत गरेको र जालन्धरले बङ्गालकी रानी मयनावतीको सौन्दर्यमा लट्ठिएको प्रसङ्ग पनि यहाँ उल्लेख गरिएको छ । योगिनीकौलको साधनामा अभ्यस्त हुदै मत्स्येन्द्रनाथ कामरूप-कामाख्या पुगेका प्रसङ्ग पनि यहाँ उल्लेखित छ । जहाँ नारीहरू भोगवादमा रमाउने गर्दथे । यौन स्वतन्त्रता, मदिरापानको विगविगीले मानसिक र शारीरिक रूपले त्यहाँको जनजीवन रुग्न भएको र त्यसलाई सौन्दर्यवान बनाउन नागयोगी गोरक्षनाथले ठूलो योगदान गरेको तथ्य प्रबन्धकारले उल्लेख गरेका छन् । व्यापक प्रचार, प्रसार, अभियान र आन्दोलनबाट योगिनीकौल साधनाको विध्वंस गर्दै योगिनी

ललिताको रासचक्रमा फसेको र मत्स्येन्द्रनाथको उद्धार गोरक्षनाथले गरेको चर्चा प्रबन्धकारले गरेका छन् ।

यसरी प्रस्तुत प्रबन्धले मध्यकालीन भोग विलाशी नागपन्थी समाजको अन्वेषण गरेको छ भन्ने भनाइ उद्धृत गरेका छन् ।

## (ञ) ऐतिहासिक व्यक्तित्व डा.डिल्लीरमण रेग्मीसँगका केही संस्मरण

प्रस्तुत प्रबन्धमा डा. डिल्लीरमण रेग्मीले ऐतिहासिक पुरुष अमरसिंह थापाका विषयमा व्यक्त गरेका धारणा तथा तथ्यहरू र राणाकालीन र पञ्चायती निरङ्कुशताका बारेमा व्यक्त गरेका प्रसङ्गहरूका साथै देशको समकालीन परिस्थितिका बारेमा व्यक्त गरेका धारणाहरूलाई संस्मरण गरिएको प्रबन्ध हो । लेखकले डा. रेग्मीको मृत्युमा श्रद्धापूर्वक श्रद्धाञ्जलि चढाउँदै प्रस्तुत प्रबन्ध तयार पारेका हुन् । वि.सं.२०५७ सालमा राष्ट्रिय विभूति अमरसिंह थापा प्रतिष्ठान दर्ता हुदा डा. डिल्लीरमण रेग्मी अग्रणी संरक्षक रहेको तथ्य पनि प्रस्तुत गर्दै वि.सं. २०४६ सालपछि भू.पू. प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले भोटे ओढारमा भाषण गर्दा पाउँदी क्षेत्रमा तीन जना सपूतहरू जन्मेका भनेकामा एक जना डा. रेग्मी रहेछन् भन्दै प्रबन्धकारले उनी बिरामी पर्दाका संस्मरणहरू अगाडि सारेका छन् ।

प्रबन्धकारले अमरसिंह निडर, निस्वार्थी, पराक्रमी व्यक्ति भएको तथ्य डा. डिल्लीरमण रेग्मीले व्यक्त गरेको भनेर उल्लेख गरेका छन् । प्रजातन्त्र प्राप्तिका आन्दोलनमा आफूहरूले भोगेका अनुभवहरूका बारेमा डा. रेग्मीले संस्मरण गरेका तथ्यहरूलाई पनि प्रबन्धमा समावेश गराइएको छ । लेखकले डा. रेग्मीको जीवन राष्ट्रभक्त जनताका लागि अनुकरणीय हुने उल्लेख गरेका छन् ।

## (ट) शिवमन्दिरमा आचीको लेपन

साँस्कृतिक अतिक्रमण, धार्मिक रूपान्तरण र नेपालीहरूको मौलिक संस्कृति र धर्मबाट पलायनलाई प्रस्तुत प्रबन्धले आफ्नो विषयवस्तु बनाएको छ । विशेषगरी हिन्दू सनातन धर्मको दुर्गुणहरू औल्याउँदै र यसका सकारात्मक पक्षहरूको वकालत गर्दै नेपाली उत्पीडित, दलित, जनजाती, अल्पसंख्यक आदिवासी, तागाधारीवर्ग र अवसरवादीहरूलाई विभिन्न प्रलोभन देखाएर धर्म परिवर्तन गराउँदै हिंड्ने मिशनरीहरू अर्थात् क्रिश्चियन सम्प्रदायहरूको दुस्साहस र राज्यको उदासीनता तथा क्रिश्चियन सम्प्रदायका काममा

सहयोग पुऱ्याउँदै आएका राजनेता र दलहरूको क्रियाकलापको प्रस्तुती पस्तुत प्रबन्धमा भएको छ ।

रचनाकारले स्वतः स्फुर्त जुनसुकै धर्म मान्नु कुनै खराबी होइन् त्यो उसको अधिकार नै हो । तर धर्मको किनबेच गर्नु, मान्छेलाई विभिन्न प्रलोभनबाट धार्मिक दास बनाउनु अपराध हो । त्यस्तै कुनै पनि धर्मको खुलेआम विरोधको स्वतन्त्रता कानुन तथा संविधानले दिएको छैन् । अन्य मुलुकमा समेत त्यस्तो कार्य भएको छैन् । तर नेपालमा त्यो निस्फिर्की, सुगमताकासाथ भइरहेछ र त्यसलाई राज्यले छुट र संरक्षण दिइरहेको छ । एउटै धर्मका पनि सम्प्रदायवीच द्वन्द्व र धार्मिकबनब भएन् । तर हालका केही वर्षदेखि देशलाई जातीय र धार्मिकद्वन्द्वमा फसाउने प्रयास भइरहेको र त्यसले तीव्रता पाइरहेको तथ्य पनि प्रबन्धले खुलासा गरेको छ । यस सन्दर्भमा प्रबन्धकारले अगस्त १८, १९९९ राजा विरेन्द्रलाई वेलायती सांसद डेविट अल्टनले क्रिश्चियनहरूलाई अत्याचार भइरहेको छ भनेर पत्र पठाएको प्रसङ्गमा यहाँ उल्लेख गरिएको छ । त्यस्तै धनुषा जिल्लाको बेगाडावर भन्ने ठाउँको शिव मन्दिरमा क्रिश्चियनहरूले मलमुत्र लेपन गरेको तथ्य उल्लेख गर्दै धार्मिक द्वन्द्वको निमन्त्रणा दिएको चर्चा प्रबन्धले उल्लेख गरेको छ ।

प्रबन्धकारले हिन्दु धर्मले जन्मका आधारमा नभई मान्छेको जात कर्मले निर्धारण गर्दछ र जन्मदा सबै शुद्र नै हुन्छन् भनेको दृष्टान्त दिएका छन् । विभिन्न एन.जि.ओ., आई.एन.जि.ओ.हरूले संस्थागत रूपमा क्रिश्चियन धर्मको प्रचार गरेकोप्रति प्रबन्धकारको खोज देखिन्छ । भारतको झारखण्ड लगायत नागाल्याण्ड, मिजोरम, छत्तीसगढ, उडिसा र मध्य प्रदेशमा क्रिश्चियन सम्प्रदायले त्यहाँको मौलिक संस्कृतिमाथि धावा बोलेको र नेपालका मकावनपुर, चितवन, धादिङका आदिवासीहरूलाई प्रभावित गरेको अनुसन्धान प्रबन्धकारको छ । नेपाल जस्ता गरिब मुलुकहरूमा धर्मको रूपान्तरण गर्दै चरमद्वन्द्वमा देशलाई फसाउने प्रवृत्तिको आँकलन गर्न प्रबन्ध सफल भएको छ । त्यस्तै राष्ट्रियता संकटमा पर्न सक्नेतर्फ प्रबन्धले सङ्केत गरेको देखिन्छ ।

### (ठ) संन्यासीसँग अनपेक्षित लडाइँ

प्रस्तुत प्रबन्धले हिन्दुहरूको प्राचीन स्थल काशीको पर्यावरणीय रूपको अध्ययन गर्दै प्रबन्धकार र एक संन्यासीबीच भएको वार्तालापलाई आफ्नो विषयवस्तु बनाएको छ । प्रबन्धकार र दत्तात्रेय मठका महन्त ओंकारान्द्र सरस्वतीबीच नेपाली राजनीति, राष्ट्रियता र परर्राष्ट्रनीति; भारत र नेपालका विषयमा हुने विवाद, नेपाली माओवादी आदि विषयमा

छलफल हुन्छ । यसक्रममा प्रबन्धकारले नेपालमा माओवादी जनयुद्धले विकराल रूप लिएको, जनजीवन अस्तव्यस्त रहेको यस अवस्थामा भारतले कुनै धारणा र नीति नलिएको तथा दोहोरो भूमिका निर्वहा गरेको र माओवादी जनयुद्धलाई बल पुऱ्याइरहेको भन्ने सन्दर्भमा संन्यासीले भारतीय भूमिकालाई पूर्वाग्रही रूपमा नहेर्न आग्रह गर्दै भारतले गरेको थिचोमिचो नेपालले सहनुपर्ने तर्क राख्दछन् । जसले गर्दा लेखक स्वयम आक्रोशित बन्न पुग्दछन् । विशाल देश भएर पनि भारतको हृदय सानो भएको तर्क गर्दै लेखकले भारत अंग्रेजको अधीनमा रहे पनि नेपाल सधैं स्वाधीन रहेको कुरा उल्लेख गर्दछन् । नेपाल दुई ढुंगाबीचको डाइनामाइट भएको उल्लेख गर्दै यो पड्क्यो भने कोही पनि नबच्ने तर्क प्रबन्धकारको छ । प्रबन्धकारले भारतमा लाखौं नेपाली रोजगारीको क्रममा रहेका छन् भन्दै भारतलाई अंग्रेजले जस्तै नेपाललाई पनि आर्थिक र राजनीतिक उपनिवेश बनाउन खोजेको तर्क गरेका छन् । त्यस्तै स्वामीले नेपाल भारतकै राज्य रहेको तर्क प्रस्तुत गर्दै अशोकको लुम्बिनी भ्रमण र बाहुनजातिले कर्मकाण्ड सम्पन्न गरी संकल्प गर्दा भारतवर्षको नेपाल खण्डमा भनेर संकल्प गर्नुको अर्थ सोध्न पुग्दछन् र उत्तरमा हाम्रो देशका पुरोहित त्यहाँ गएर पढ्ने लेख्ने गरेकोले नूनको सोझो गर्न यस्तो परम्परा बसालेका हो र त्यसमा संशोधन गर्नुपर्ने तर्क गर्दछन् ।

माओवादी सशस्त्र द्वन्द्वकाललाई लिएर नेपाल बाहिर फैलाएका भ्रमहरूको निवारण गर्दै प्रबन्धकारले तर्क राखिरहँदा स्वामीले नेपालको नेपालवादको नारा अँगाल्दै अघि बढ्नुपर्ने र अरु मुलुकहरू जस्तै मुलुकका सवालमा सबैको एकमत हुनुपर्नेमा जोड दिन्छन् । यसरी राष्ट्रियता, आध्यात्मिकता, राजनीति, सशस्त्र द्वन्द्व आदि विषयवस्तुहरू समेटिएको प्रस्तुत प्रसङ्गले प्रथम पुरुषीय दृष्टिविन्दुको अङ्गीकार गरेको पाइन्छ ।

### (ड) ओझेलमा परेको उत्पीडित, दलित दमै जाति

प्रस्तुत प्रबन्ध उत्पीडित दमै जातिको ऐतिहासिक, सामाजिक, साँस्कृतिक, भौगोलिक, आर्थिक अवस्थितिको अन्वेषण गरिएको प्रबन्ध हो । प्रबन्धकारले दमैका विभिन्न थरहरू बुढापिती, घले, गोतामे, घिमिरे, राईगाई, अजिया, नगर्ची, परियार रहेको उल्लेख गर्दै वैवाहिक स्थितिको समेत चर्चा गरेका छन् । लुगा सिलाउने मूल पेसा भएका दमै जाति बिहे-वर्तमान (विवाह, व्रतबन्ध) आदिमा बाजा बजाउने गर्दछन् । प्रबन्धकारले पृथ्वीनारायण शाहको समयमा कहलिएका बिष्या नगर्ची एक विद्वान् जो जातले दमै थिए भन्ने उल्लेख गरेका छन् । दमै जातिका बारेमा प्रबन्धकारले एउटा रमाइलो किंवदन्ती उल्लेख गरेका

छन् । त्यस्तै दमाई जातिको जनसंख्याका बारेमा प्रबन्धकार यसो भन्दछन्- “एकपटक बिहेमा जाँदा नदीमा डुबेर मर्दा दमै जातिको जनसंख्या कम भएको हो ।” उनीहरूको पेसामा आएको शिथिलता, उनीहरूको स्वास्थ्य र शिक्षाका अवस्थितिको बारेमा चर्चा गर्दै उनीहरूले प्रयोग गर्ने बाजाहरूको चर्चा गरेका छन् ।

प्रबन्धकारले दमै एक सम्मानित जाति भएको इतिहासले बताउँछ । समयको कालखण्डले उनीहरूलाई दबाउँदै लगेको चर्चा प्रबन्धकारले गरेका छन् ।

## (ढ) पुर्खाको सम्पत्तिमा भू-माफियाको रजाई

प्रस्तुत प्रबन्धमा विभिन्न मन्दिरका नाममा रहेका जग्गाहरू र गुठीका जग्गाहरू हराएका र व्यक्तिगत नाममा दर्ता भएका तथ्यहरूको खोजी गरिएको छ । भू-माफियाहरूले प्रशासन, नेता, मन्त्री, दरबार आदिलाई आफ्नो मुट्ठीमा राखेर सार्वजनिक जग्गाहरू कुम्ल्याएको, केहीको अवैध प्रयोग गरेको खुलासा गर्दै पुर्खाले छुट्याएको जग्गा र निर्माण गरेका मठ-मन्दिर विनाश गर्दै जग्गा व्यक्तीकरण गर्नाले राष्ट्रको पहिचान र सौन्दर्यमा ह्रास आई पर्यावरणमा ठूलो असर पर्ने तर्क प्रबन्धकारले गरेका छन् । त्यस्तै विकृति र विसङ्गतिपूर्ण व्यवहार तथा कर्मले संस्कृतिमाथि ठूलो प्रहार गरेको ठम्याइ प्रबन्धकारको छ ।

यसै सिलसिलामा काठमाडौंको बत्तीस पुतलीमा रहेको राममन्दिरको ३० रोपनी जग्गा हराएको, थापाथली स्थित एक मन्दिरको जग्गा वैद्य थरका एक व्यक्तिलाई बेचिदिएको, धादिङमा रहेको अम्लेश्वर मन्दिरको ४० रोपनी जग्गा हराएको खोज प्रबन्धकारले गरेका छन् । प्रबन्धकारले सार्वजनिक जग्गाहरूमा गुठी तथा अन्य सङ्घ-संस्थाका नाममा दर्ता हुँदा हिनामिना हुन प्रशय मिलेको चर्चा गरेका छन् । त्यस्तै वर्षौंसम्म सार्वजनिक जग्गाहरू व्यापारिक प्रयोजनमा लिंदा जग्गाहरूको हिनामिना हुने, सौन्दर्य बिग्रनेतर्फ सङ्केत गरेका छन् ।

## (ण) क्रूर हिंसाको चलखेलले गाँजेको हाम्रो मुलुक

प्रस्तुत प्रबन्धले समसामयिक राजनीति, परिस्थिति, ह्रासोन्मुख शिक्षानीति, देहवादी संस्कृति, भौतिकवादी दर्शन, क्रिश्चियन धर्मको बढ्दो अतिक्रमण र जातीय हिंसाको बिजारोपण, हिन्दू सनातन संस्कृतिका नकारात्मक पक्ष, भ्रष्टाचार, दण्डहीनता, राजनैतिक अस्थिरतालाई आफ्नो विषयवस्तु बनाएको छ । उच्च शैक्षिक उपाधि हासिल गरेका

बुद्धिजीवीहरू विदेशी डलरमा बिकिरहेका छन् । पदका लागि, अवसरको लागि देशको अस्तित्व बेचिरहेका छन् । लार्ड मेकालेका शिक्षानीति अख्तियार गरेर आफ्ना सन्ततीलाई मानसिक रूपमा दास बनाउने अभियानमा देशका वुद्धिजीवीहरू लागिपरेका छन् भन्ने कुरा प्रबन्धकारको खोज बनेको छ । सत्ताका लागि विदेशी जस्तो कुनै प्रस्ताव पनि स्वीकार्ने देशको मौलिक धर्म, संस्कृति, संस्कार, कला आदि सबैमाथि विदेशी धर्मको झण्डा फहरिन दिने प्रवृत्तिले हामीलाई जातीयद्वन्द्वमा फसाउने, साम्प्रदायिक विभेदका कारण देश अफ्रिकी मुलुकका हुतु र तुत्सु, एशियाका सुन्नी र सिया र सोमालियाली द्वन्द्वमा पुग्ने स्थितिमा देश पुगेको भन्दै विकाशमा भाषा र संस्कृतिलाई दोष लगाउन नहुने प्रबन्धकारको ठहर छ ।

प्रबन्धकारले देहवादी संस्कृतिको चर्चा गर्दै देहवादी भोगविलास तथा यौन व्यभिचारी राष्ट्रको पतन निश्चित छ । देशमा व्याप्त भ्रष्टाचारको चर्चा गर्दै भ्रष्टाचारको जड व्यापारीलाई ठहराउँदै लेखकले पश्चिमी राष्ट्रियता, श्रमप्रति प्रतिबद्धता, अनुशासन, विधिपूर्ण शासन व्यवस्थाको संस्थापनामा जोड दिएका छन् । त्यस्तै प्रबन्धकारले कर्मचारीहरूको भ्रष्टाचारीपनको विरोध गर्दै कडा नियम कानूनको परिधिमा भ्रष्टाचारीलाई ल्याउनुपर्नेमा जोड दिएका छन् । राष्ट्रघाती र अवसवादी संस्कृतिको पुस्तान्तरणलाई रोक्नु पर्नेमा प्रबन्धले जोड दिएको छ । प्रबन्धले एउटा असल राजनेताको अपेक्षा राखेको छ । जसले देशको आमूल परिवर्तनको सामर्थ्य राखोस् ।

### (त) दिग्भ्रमित देश र चुँडिएका मनहरू

प्रस्तुत प्रबन्धले अनिर्देशित बाटोमा देश हिंडेको, साँस्कृतिक विश्रङ्खलता तथा विसङ्गति, वुद्धिजीवि तथा युवाहरूको विदेश पलायन, गाउँघरमा व्याप्त द्वन्द्वबाट शहर तथा खाडीका मुलुकमा भौंतारिन बाध्य नेपालीहरूको पीडा, शैक्षिक क्षेत्रमा व्याप्त राजनीतीकरण र ह्रासोन्मूख शिक्षा प्रणाली, सामाजिक विसङ्गति आदिलाई आफ्नो विषयवस्तु बनाईएको छ । एक-अर्काप्रति विश्वास गर्ने स्थिति नभएको उल्लेख गर्दै मनहरू बाँडिएका र सम्बन्धहरू विघटनको बाटोमा लागेको चर्चा गरेका छन् । लेखकले भने देश र जनताका विषयमा सोच्ने व्यक्तिको देशलाई खाँचो रहेको भन्ने विचार व्यक्त गरेका छन् ।

प्रबन्धकारले देशैंको प्रसङ्ग उल्लेख गर्दै त्यसताका देशमा द्वन्द्वको सरगर्मी घट्ने गरेको तर जनमानसमा माओवादीको त्रासदी कायम गरेको उल्लेख गरेका छन् । त्यस्ता चाडबाडमा जाँड, रक्सी सेवनले समाज दुर्गन्धित भएको र दाजु-भाइमा काटमार हुने गरेको

र त्यसको श्रेय अंग्रेजबाट अनुकरण गरी आयात गरिएको राणाहरूको विलासी शैलीलाई जान्छ । देश निर्माणमा लाग्नुपर्ने बुद्धिजीवीहरू सुख-सुविधाको खोजीमा युरोप, अमेरिका जस्ता देशहरूमा पलायन हुँदा देश अदक्षहरूको अखडा भएको तथ्य प्रस्तुत प्रबन्धले उद्घाटन गरेको छ । शिक्षक, राजनीतिक दलका कार्यकर्ता भएका, धूम्रपान र मदिरापानमा अभ्यस्त भएका र आफ्नो मर्यादा बिर्सेर, आफ्नै विद्यार्थी भगाउने प्रवृत्तिको खुलेर विरोध गर्न प्रबन्धकार समर्थ भएका छन् । परम्परागत शैक्षिक प्रणालीका सकारात्मक पक्षको संरक्षण गर्दै आधुनिक वैज्ञानिक शिक्षा प्रणालीको प्रतिस्थापनमा प्रबन्धले जोड दिएको छ । त्यस्तै शिक्षामा अनुदान दिएका दातृ संस्थाहरूले आफ्नो स्वार्थ सिद्धिका लागि सहयोग गर्ने गरेको र तिनीहरूमा इमान्दारिताको कमी रहेको तर्कसमेत अघि सारेको छ ।

त्यस्तै गाउँघरमा पुर्खाहरूले निर्माण गरेका पुरातात्विक सम्पदाप्रति युवावर्गको चासो नभएको तर उनीहरू शारीरिक सौन्दर्य, यौन व्यभिचारिता, मद्यपान आदिमा लागेको खोज प्रबन्धकारले गरेका छन् । प्रबन्धकारले माओवादी सशस्त्रद्वन्द्वका कारण गाउँघरमा बूढापाका, केटाकेटी र आइमाईमात्र रहेको खुलासा गरेका छन् ।

### (थ) वगाले थापा वंश-ऐतिहासिक विवेचना

प्रस्तुत प्रबन्धले वगाले थापाको कुल वंशको अनुसन्धान गरेको छ । प्रबन्धकारले वंश उत्खनन गर्ने सिलसिलामा उदय भट्टसम्म पुगेका छन् । ब्राह्माण भएर पनि राजकाजमा अभ्यस्त भएको र क्षेत्रीहरू पनि त्यस्तै भएको कुरा प्रबन्धकारले बताएका छन् । यस्ता कुराहरू विभिन्न विद्वान्हरूलाई हवाला दिने गरेका पाइएको छ । उदय भट्टका कुवेर भट्ट, सुदय भट्ट, राई भट्ट, देवदत्त भट्ट, वत्सराज भट्ट र कालु थापाको वंश लहरो प्रबन्धकारले चित्रण गरेका छन् । वत्सराज भट्ट र माथवरसिंह थापाकी छोरी शुभकन्याको विवाह सम्पन्न हुँदा कालु थापाको जन्म हुन्छ र पछि उनी राजा हुन्छन् । त्यतिबेला देखि नै वगाले थापाको वंशले गति लिन्छ । लेखकले खस मल्ल राजाहरू थापाहरू विना अधुरा रहेका र मल्ल, थापाहरूको गोत्र एउटै भएको कुरा समेत उल्लेख गरेका छन् । कालु थापाले आफ्नै भारदारहरू मलयवम र कीर्तिवम मल्लको षडयन्त्रबाट राजपाट छोडेर हिंड्नु परेकाले उनका सन्ततिले मल्ललाई वंशज नमानेको हुनसक्ने उल्लेख गरेका छन् ।

प्रबन्धकारले वगाले थापा वंशको कूल धर्मबारे यसरी प्रस्तुत गरेका छन्- वगाले थापाको ऐतिहासिक पूजास्थल डोटीमा रहेकी काँडा मालिका भगवती र अमरसिंह थापाले

धादिङ केवलपुरको कुल देवताको मन्दिर हो । त्यस्तै इष्टदेवी विन्ध्यावासिनी काली र मूर्तीहरूको पूजा हुने गर्दछ । वंशको पूजा उपासनामा मष्टोदेवताको ज्यादै महत्त्व रहेको उल्लेख गरिएको छ । वगाले थापा वंशावलीमा मष्टालाई छिन्नमस्ताको रूपमा वर्णन गरिएको पाइन्छ भन्दै पूजाआजा गर्दा वारा मष्टा विन्ध्यावासिनी भनेर उच्चरण गरिने चर्चा यहाँ गरिएको छ । वगाले थापाले आफ्नो पुरोहित पौड्या नै रोज्ने चर्चा यहाँ गरिएको छ ।

वगाले थापाका कुलपुरुष कालु थापाले आफ्ना कान्छा छोरालाई जुम्लामै राखेर आफ्नो उत्तराधिकारी बनाएकोले उनका सन्तानलाई जुमरेली थापा भनिएको उल्लेख छ । काठमाडौँका राजा जयप्रकाश मल्लका सेनापति काशीराम थापा र भक्तपुरका राजा रणजित मल्लका सेनापति परशुराम थापा वगाले थापा भए पनि गोरखालीलाई सघाउने स्थितिमा नभएको चर्चा यहाँ गरिएको छ । खस साम्राज्यलाई चीनको खारासम्म, बालेश्वर कुमाउँ हुदै काश्मीर र वागमतीसम्म फैलाउन वगाले थापाको महत्त्वपूर्ण भूमिका रहेको प्रबन्धकारको अनुसन्धान रहेको छ । प्रबन्धकारले प्यूठानका शेरबहादुर मल्ल र नरबहादुर मल्लसँग सुरक्षित रहेको वंशावलीले हुमला केदार माहला वगाले थापा आफ्नै वंशज भनेर सम्बोधन गरिए पनि वगाले थापा वंशावलीमा यस्तो नभनिएको तथ्य यहाँ प्रस्तुत गर्दै मल्लहरूको इतिहास थापा विना अपूरो रहेको प्रबन्धकारको ठहर छ । वगाले थापाका चार उपथरहरू रहेको यहाँ चर्चा गरिएको छ । पुलामे, ताकुसे, रुकमे र जमृके वगाले थापाका थरहरू हुन् । वगाले भनेको सैनिक हो र त्यसको सेना नायकलाई वगाले भनिएको प्रबन्धकारको अनुसन्धान रहेको छ ।

यसरी प्रस्तुत प्रबन्धले वगाले थापाको वंशजको अन्वेषण गरेको छ ।

### (द) काट्टे ब्राह्मण र नेपालमा सल्बलाएका प्रेतहरू

प्रस्तुत प्रबन्धले वि.सं. २०५८ जेठ १९ गते राजा वीरेन्द्रको वंशनाशको सन्दर्भलाई प्रस्तुत गरेको छ । यस सन्दर्भमा काजक्रियाको ११ औं दिनमा काट्टो खुवाउन सन्दर्भ उल्लेख गर्दै काट्टोमा मृतक राजाको गिदी खुवाइने यथार्थको चित्रण यहाँ गरिएको छ । गरिब ब्राह्मणहरूको मानसिकता असन्तुष्टि र उनीहरूलाई काट्टो खुवाइए वापत दिइने सुविधाको आश्वासनको चित्रण यहाँ गरिएको छ । पहिला-पहिला काट्टो खानेले चार डाँडा कटाइने गरिएकोमा राजा वीरेन्द्रको काट्टो खाने ब्राह्मणलाई चार डाँडो काट्नु परेन भन्दै यथार्थताको चित्रण प्रस्तुत प्रबन्धमा गरिएको छ । काट्टो खाने व्यक्तिमा प्रेत सवार हुने चर्चा गर्दै

आजभोलि प्रेतहरू जतातातै सल्बलाई रहेका छन् भन्ने उल्लेख गरिएको छ । यहाँ देशद्रोही, राष्ट्रघाती, विदेशी डलरको भोगमा जातीय धर्म, साम्प्रदायिक द्वन्द्वको खेति गर्ने व्यक्तिहरू, आतङ्कको ताण्डव मच्चाउने पाखण्डीहरूलाई प्रेतात्माका रूपमा चित्रण गरिएको छ ।

त्यस्तै जातीय राज्यको माग गर्दै ती प्रेतात्माले नेपाललाई पृथ्वीनारायण शाहले एकीकरण गर्नुपूर्वको स्थितिमा लग्ने तयारी गरेर टाकुरे राजा बन्ने महत्त्वाकांक्षा राखेको रचनाकारको खोज रहेको छ । यदि यसो भयो भने राष्ट्र विघटनमा पुग्ने निश्चित छ र त्यसबेला पुरपुरोमा हात राख्नु बाहेक अर्को विकल्प नहुने प्रबन्धले आँकलन गरेको छ ।

**(ध) नेतृत्वको नालायकी र सर्वनाशतर्फ अग्रसर मुलुक**

प्रस्तुत प्रबन्धले सत्तालिप्साबाट परिचालित बृद्ध नेतृत्व जो भ्रष्टाचारी मानव हुनमा अग्रसर छन् । उनीहरूले आफ्नै उमेरसँग देशको उमेर पनि घटाइरहेका हुन्छन् भन्दै उनीहरूको नालायकी शासन प्रवृत्ति र सर्वनाशको शृङ्खलालाई चित्रण गरिएको छ । घाटमा जानेबेलासम्म पार्टीको नेतृत्व नछाड्ने राष्ट्र प्रमुख र सरकार प्रमुखको हैसियत नछोड्ने प्रवृत्तिले नयाँ पुस्ताको सिर्जन क्षमता, दृष्टिकोण, कार्यशैलीको प्रतिस्थापनका बाधा उत्पन्न भएको नियतिको चित्रण प्रस्तुत प्रबन्धमा गरिएको छ ।

७७ वर्षपछि मानिसलाई पितृको रूपमा लिने गरिन्छ भन्ने विद्वान् हजारीप्रसाद द्विवेदीको भनाई उद्धृत गर्दै पिण्ड खाने बेला भएका मानसिक र शारीरिक रूपमा जीर्ण भएका बृद्धीबाट सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक रुपान्तरण हुन नसक्ने तर्क प्रबन्धकारले गरेका छन् । पञ्चायती व्यवस्थाको खराबी हटाउने प्रतिबद्धता तोड्दै त्यसकै नयाँ संस्करणका रूपमा नेतृत्व अगाडि बढेको भन्दै २०४६ सालपछिको अवधिमा नेपालले भ्रष्टाचार, दण्डहीनता, सामाजिक, साँस्कृतिक, असुरक्षा, चरमसीमा अतिक्रमणमात्र पायो । भारतका प्रधानमन्त्री राजिव गान्धीले भने जस्तै जनतामा मूल बजेटको २५ प्रतिशतमात्र पुग्ने गरेको तथ्यको आँकलन यहाँ गरिएको छ ।

त्यस्तै प्रबन्धमा ५० वर्ष काटेपछि वानप्रस्थान र ७०-७५ वर्षपछि काम, क्रोध, लोभ, मोहबाट अलग हुने समय हो भन्ने तथ्यबाट नेतृत्व बेखबर रहेको प्रबन्धले बताएको छ । प्रबन्धकारले अफगानिस्थान, फिलिपिन्स, इन्डोनेशिया आदि देशहरूको उदाहरण दिँदै नेपालको सन्दर्भ जोडेका छन् । प्रबन्धकारले विश्वेश्वरप्रसाद कोइराला, मदन भण्डारी,

अमरसिंह थापा, पृथ्वीनारायण शाह जस्ता व्यक्तिहरूको देशलाई खाँचो भएको तर्क राख्दछन् । यसरी प्रस्तुत प्रबन्धले आफ्नो विषयवस्तुको उठान गरेको छ ।

### (न) असीग्रामका स्वामी काशिकानन्द गिरि

प्रस्तुत प्रबन्धले काशिकानन्द गिरिको सङ्घर्षमय इतिहास बताउदै प्रधानमन्त्री शेरबहादुर देउवाले उनको सान्ध्यि पाएको र सफल भएको विचार व्यक्त गरेका छन् । मान्छेले कुनै राम्रो काम गर्दा वा ठूलो मान्छे बन्नका लागि त्याग गर्नु सक्नु पर्दछ यदि त्यस्तो गर्न सकेन भने त्यसलाई असल र ठूलो मान्छे कहलाइँदैन भन्ने कुराको पुष्टि गरेको छ । कुनै पनि कुशल छोरा वा छोरीलाई जन्माउनको लागि माता, पिताको उत्तिकै जिम्मेवारी हुन्छ भन्ने तथ्य पनि प्रस्ट पारेको छ । यस प्रबन्धमा कविले दैव अनुकूल छ भन्ने खरायोले पनि सिंहलाई पछार्छ वा भाग्य बलियो छ भने सबै कुरामा सफलता मिल्दछ भनी आफ्नो भाव प्रकट गरेका छन् ।

यसरी यस प्रबन्धमा कुनै पनि व्यक्तिले कसैलाई गरेको वा लगाएको गुण बिर्सनु हुन्न चाहे त्यो प्रधानमन्त्री, महात्मा, संन्यासी किन नबनोस् । यसमा सबैले आफ्नो उत्तरदायित्व बोध गर्न सक्नुपर्दछ अनिमात्र असल समाज, असल व्यक्तित्वको प्रादुर्भाव हुन सक्दछ भनी आफ्नो भाव प्रकट गरेका छन् ।

### (प) हाम्रो बुद्धि नभएको प्रमाण यही हो

प्रस्तुत प्रबन्धमा जाजरकोट जस्ता जिल्लामा बहुमूल्य पत्थर रहेको र माओवादीले त्यसको उपयोग गरेको र जाजरकोट, रोल्पा, रुकुममा गाँजा र चरेशको उत्पादन हुने गरेको तथ्य उद्बोधन गरिएको छ । जनताहरू माओवादीको भ्रम पर्दा कैद भएको चर्चा यहाँ गरिएको छ । त्यस्तै जापानीहरूले गोब्रे कीरो संकलन गर्दा प्रशासनले रोकेको चर्चा गर्दै गोब्रे कीरा पनि अरु जडीवुटी जस्तै निकासीको साधन बन्न सक्ने प्रबन्धको ठहर गरिएको छ । नेपालका महत्त्वपूर्ण बहुमूल्य जडीवुटीहरू जस्तै यार्सागुम्बाको महत्त्व विश्वले बुझेको तर हामी नेपालीले बुझ्न नसकेको कुरा प्रष्ट भएको छ । हामी माल पाएर चाल नपाउनेले कहिलेसम्म दुःख पाउने हो भन्ने प्रमाणको प्रष्ट्याइएको छ ।

### (फ) चेपाङ जाति : सीप, समस्या र समाधान

प्रस्तुत प्रबन्धले चेपाङ जाति आदिवासी भएको र यो जाति चितवन, मकावनपुर, धादिङ आदि ठाउँ यसको बसोवास गर्ने गरेको चर्चा गरिएको छ । प्रायः यो जाति जङ्गलमा

बसी तरुल, भ्याकुर, गिट्ठा आदि कन्दमूलहरू खाने गर्दछन् । उनीहरूको उद्भव, रहनसहन, शिक्षा, आर्थिक स्थितिको चर्चा यसमा गरिएको छ । यो जाति निकै पिछडिएको पिछडा वर्गमा पर्दछ । यसका लागि राष्ट्रले समुचित किसिमको कदम चाल्नुपर्ने आवश्यक देखिएको छ । राष्ट्रको नीति चेपाङ जातिका लागि प्रभावकारी हुन नसकेको प्रबन्धकारको ठहर छ ।

## (ब) समग्र जीवनको मूलधार-असल विचार

प्रस्तुत प्रबन्धले जीवनको सार्थकता असल क्रियाकलापमा रहेको उल्लेख गरेको छ । सकारात्मक तथा असल विचार जस्तोसुकै परिवर्तन पनि सम्भव छ भन्दै प्रबन्धकारले ऐतिहासिक, पौराणिक, साँस्कृतिक प्रसङ्गहरूको दृष्टान्त दिएका छन् । संसारको सर्वोच्च शक्ति भनेको नै असल विचार हो । विश्वका खराब विचारले अभिप्रेरित चंगेज खान, नादिरशाह, हिटलर जस्ता दुष्कर्म गर्ने व्यक्ति किन नहोस् । त्यस्तै असत् विचारले ग्रस्त जंगबहादुर राणाले भयानक कोतपर्वमा योग्य भारदारको वध गरेकोले हाल स्वाभिमानको अभाव भएको विचार प्रकट गरेका छन् । खराब कर्म गर्नेको परिणाम अहिले व्यहोर्नु परेको कुरा उल्लेख गरिएको छ ।

यसरी प्रबन्धकारले जगत्को कल्याणका लागि सात्विक विचारहरूको उद्गमस्थल आमाको काख, गुरुकुलको सम्यक् शिक्षा, असल संगति र सत्संगले नै यस धर्तीमा अमन चैन कायम गराउने कुरा नै सफल जीवनको असल विचार हो भनी आफ्नो भाव व्यक्त गरेका छन् ।

## (भ) क्षेत्रिय विकास परिषद्को अवधारणा-एक अपेक्षित विकल्प

क्षेत्रिय विकास परिषद्को अवधारणा-एक अपेक्षित विकल्प शीर्षकको प्रबन्ध स्थानीय विकास निर्माणका कठिनाइ, उद्देश्य, स्रोत र साधनको बाँडफाँडको चुनौतीलाई विषयवस्तु बनाएको छ । अधिकारको विकेन्द्रीकरणमा प्रबन्धले जोड दिएको छ ।

## (म) दुलही भित्र्याउँदाको कन्तविजोग

प्रस्तुत प्रबन्धमा नेपालका हरेक क्षेत्र, समाज, गाउँ, ठाउँमा नेपाली समाज अनुसार गरिने वैवाहिक परिस्थितिको वर्णन गरिएको छ । चाहे त्यो ब्राह्मण जातिमा होस् वा शुद्र, वैश्य जातिमा होस् सबैलाई दुलही भित्र्याउँदाको परिस्थितिको वर्णन गरिएको छ । जस्तोसुकै व्यक्तिले पनि समाज अनुसार काम गर्नुपर्ने र आफन्तजनहरूको सम्मान गर्नुपर्ने

हुन्छ । तर आफूलाई क्रान्तिकारी भन्दै आएका व्यक्तिहरूले पनि केही समयका लागि यसको विरोध गरे पनि अहिले आफैले त्यो परम्परालाई चलाई राखेका छन् । यहाँ मूल कुरा कुनै पनि विचारधाराले जनताको मन जित्न सकेन भने त्यसका संवाहक जतिसुकै योग्य भए पनि त्यसको परिणाम अनर्थकारी हुन्छ ।

यसरी यस शीर्षकमा भनिएको जुन किसिमको विजोग समाजमा हुन्छ त्यसलाई समाजले परिवर्तन गर्न सक्नु पर्दछ । यदि त्यस्तो गर्न सकिएन भने त्यसले भोलिका दिनहरूमा सम्पूर्णलाई भयावह परिस्थितिमा पुऱ्याउने छ भन्दै आफ्नो भाव व्यक्त गरेका छन् प्रबन्धकारले ।

### ४.४.२.१.२ भाषाशैली

प्रस्तुत **अखण्ड नेपाल** प्रबन्ध सङ्ग्रहमा सङ्गृहीत प्रबन्धहरू आत्मपरक, वस्तुपरक, विश्लेषणात्मक, विवरणात्मक ढाँचामा उनिएका छन् । कतै प्रथम पुरुष त कतै तृतीय पुरुष र कतै द्वितीय पुरुष दृष्टिविन्दुको प्रयोग भएका छन् । अंग्रेजी, हिन्दी, संस्कृत भाषका शब्दहरूको प्रयोग भएको छ । वर्णविन्यास, हिज्जे, व्याकरणात्मक नियमहरूको ठाउँ-ठाउँमा उल्लङ्घन भएको छ । हिन्दी भाषाको प्रभावलाई प्रबन्धले अँगालेको पाइन्छ । कतै-कतै प्रयोगमा नभएका र अर्थ नलाग्ने शब्दहरूको प्रयोग भएको छ । विषयवस्तुको प्रचुरताले प्रबन्धहरू आफ्नो उद्देश्यबाट भागेका देखिन्छन् । शीर्षक चयन अनुसार विषयवस्तुको जुन गहिराई प्रबन्धले भेट्नुपर्ने हो त्यो हुन सकेको देखिँदैन । प्रबन्धहरूको शीर्षक चयनमा प्रयोगवादी लेखनको छाप देखिन्छ । प्रबन्ध पढ्दै जाँदा भाव सम्प्रेष्यतामा केही कठिनाइ देखिन्छ । दृष्टान्तहरूको अधिक प्रयोगले प्रबन्धहरू रोचक भने भएकै छन् । प्रबन्धकारको आफ्नैको भूमिका प्रबन्धहरूमा जनाइएको छ । इतिहासले भुलेकाले, गलत रूपमा व्याख्या गरिएका तथ्यहरूको संशोधनमा प्रबन्धहरू अभ्यस्त देखिन्छन् । सम्भवतः प्रबन्धकार थापाले आफ्नै वंशजको अन्वेषण यस प्रबन्ध सङ्ग्रहका माध्यमबाट गरेका छन् । प्रबन्धकारले उखान, टुक्का, भनाइ, किंवदन्तीहरूको समायोजन प्रबन्धमा गरेका छन् । छोटो र आकर्षक प्रबन्धहरूले सुसज्जित प्रबन्ध सङ्ग्रह निर्वाध रूपमा विचरण गरेको छ ।

## ४.५ प्रवृत्ति

बाबुरामसिंह थापाको कवितात्मक प्रवृतिहरूको अध्ययन गर्दा थापाले राष्ट्रियता, प्राकृतिक परिदृश्य, अखण्डता, सार्वभौमिकता, आर्थिक, राजनैतिक, सामाजिक, साँस्कृतिक, प्रजातन्त्र, मानवीय संवेदना, शृङ्गार, सशस्त्रद्वन्द्व, विदेशी चलखेल, अन्तर्राष्ट्रियता, भौतिकवादी संस्कृति, आध्यात्मिकता, ऐतिहासिक गौरव आदिलाई आफ्नो कविताको विषयवस्तु बनाएका छन् । थापाले राष्ट्रियता, अखण्डता सार्वभौमिकता, साम्प्रदायिक सद्भाव, राष्ट्रिय हितोन्मुख राजनीतिलाई विशेषतः आफ्नो कविताको केन्द्रीय विषयवस्तु बनाएका छन् । अतः विभिन्न शीर्षक अन्तर्गत थापाका कवितात्मक प्रवृत्तिहरूको निरुपण गरिएको छ ।

### ४.५.१ राष्ट्रियता

कवि बाबुरामसिंह थापा राष्ट्रवादी कवि हुन् । उनका अधिकांश कविताहरूमा राष्ट्रियतालाई केन्द्रीय विषयवस्तु बनाएइको पाइन्छ । राष्ट्रिय गौरव, पुर्खाको त्यागको प्रशंसा गर्दै त्यसको जगेर्ना गर्न कवितामा आग्रह गरिएका छन् । नेपाल एकीकरणका महानायक पृथ्वीनारायण शाह, उनका अनुयायीहरू, अमरसिंह थापा, वीर बलभद्र कुवँर, भक्ति थापा, बहादुर शाह आदिका योगदानको चित्रण उनका कवितामा पाइन्छ । माथवरसिंह थापा र भक्तिसेन थापा जस्ता राजनेताहरूको चित्रण उनका कविताहरूमा पाइन्छ । तत्कालीन अवस्थामा राष्ट्रिय माहोल र हालको अवस्थामा राष्ट्रियताको माहोललाई तुलनात्मक अध्ययन गर्दै ह्रासोन्मुख राष्ट्रवादको यथार्थ चित्रलाई अघि सार्न कवि सफल भएका छन् । तत्कालीन अवस्थामा राष्ट्रियतामा आघात पुऱ्याउने पात्रहरू र हालका अवस्थामा राष्ट्रियतालाई बेच्ने पात्रहरूको इतिवृत्तान्त थापाका कविताहरूमा पाइन्छन् । राष्ट्र कुनै पनि सम्प्रदाय, व्यक्ति, नेता, समूह भन्दा माथि हुने गर्दछ । धर्म, सम्प्रदाय, जात, व्यक्ति, नेता समूहको अस्तित्व तब सुनिश्चित हुन्छ जब देशको भविष्य सुनिश्चित हुन्छ, देश अखण्ड हुन्छ, सार्वभौम सत्ता सम्पन्न र स्वाधीन हुन्छ । त्यसैले हामीले साम्प्रदायिकता मुखी सोचबाट माथि उठ्नुपर्छ, क्षेत्रीय राजनीतिबाट राष्ट्रिय राजनीतिको वकालतमा आफूलाई रुपान्तरण गर्नुपर्छ । यसको अर्थ क्षेत्रीयता र साम्प्रदायिकतालाई चट्टकै छोड भनेको होइन् भन्न यतिमात्र भन्न खोजिएको हो कि हाम्रो सोचाइको साम्प्रदायिकता र क्षेत्रीयताले राष्ट्रियताको जगेर्नामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुपऱ्यो । कवि थापाले नालायक नेताहरूका कारण राष्ट्रियता सङ्कटमा

परेको तथ्य आफ्ना कविताहरूमा उद्बोधन गरेका छन् । विदेशी डलरका लोभमा देशको धर्म, संस्कृति, मौलिकताकै अवसान गराउने खेलमा लागेका राष्ट्रघातीहरूबाट पनि राष्ट्रियता माथि प्रश्न चिन्ह उठेको थापाको तर्क रहेको छ ।

त्यस्तै कवि थापाले जातीय राज्यको व्यवस्थाले मुलुक विखण्डनको स्थितिमा पुग्ने तर्क गरेका छन् । विदेशी शक्तिहरू जो यो देशमा अस्थिरतामा रमाउने गर्दछन् । जो देशमा साम्प्रदायिक द्वन्द्वको खेल खेलाउन उद्यत छन् । जो देशलाई चरम गृहयुद्धमा फसाएर आफ्नो हात हतियारको व्यापार गर्न चाहन्छन् । देशवासीलाई रगतको होली खेलाएर आफ्नो सेना हुल्न चाहन्छ । उनीहरूकै इशारामा जातीय अधिकारवादी नेतृत्व परिचालित भएको कविले उल्लेख गरेका छन् । त्यस्तै धर्मको खुलेआम खुल्ला किनबेच नेपालको सनातन धर्म, मौलिक संस्कृतिमाथि अतिक्रमण भई धार्मिक युद्धतिर देशलाई धकेल्ने प्रयास भइरहेको र त्यसको नेतृत्व राजनीतिक दलहरूले नै गरिरहेको खोज पनि थापाका कविताहरूमा पाइन्छ । यसरी देशको धर्म, संस्कृतिमाथि हस्तक्षेप र जातीय राजनीतिले राष्ट्रियता सङ्कटमा परेको र राष्ट्र नै विखण्डनको स्थितिमा पुग्ने खतरा भएको भावहरू पनि थापाका कविताहरूमा अभिव्यक्त भएका छन् ।

कवि थापाका कविताहरूमा नेपाल र भारतका बीच भएका विभिन्न सन्धिहरू सन् १९५० को सन्धि, महाकाली सन्धि, कोशी सन्धि, टनकपुर सन्धि आदिको विरोध गरिएको छ । ती सन्धिहरू नेपालको हितमा नरहेको कविको ठहर छ । त्यस्तै सन् १८७२ को सुगौली सन्धि अंग्रेजहरूले भारत छाडेपछि स्वतः खारेज हुनुपर्छ भन्ने कविको मत छ । नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसाँस्कृति मुलुक हो । यहाँ एउटा जाती शासक र अर्को जाति रैती हुन सक्दैन । अब इतिहास दोहोरिनु हुँदैन नत्र भने जुन व्यवस्था परिपाटीको अन्त्यका लागि परिवर्तनहरू हुँदै आएका छन् । त्यसको अर्थ के त ? एउटा जातलाई सत्ताच्यूत गरेर अर्को जातलाई सत्तामा बसाउने नभईकन सबैको अधिकार सुनिश्चितताको लागि मापदण्ड तयार पार्नु हो । नत्र भने एउटा राजा-रजौटाको अन्त्य र धेरै राजा-रजौटाको संस्थापन गर्नका लागि भएका आन्दोलन, हिंसा, बन्दको औचित्य के भनेर प्रश्नहरूको उठान थापाले आफ्ना कविताहरूमा गरेका छन् । त्यस्तै भाषिक एकता, एउटाले अर्को भाषालाई सम्मान र नेपाली भाषालाई माध्यम भाषाको रूपमा हेर्नुपर्ने आशय उनका कविताहरूमा पाइन्छ । साँस्कृतिक अतिक्रमणका प्रसङ्गहरू पनि थापाका कविताहरूमा पाइन्छ । सबैले सबै किसिमको धर्म मान्न पाउनुपर्छ तर प्रलोभनमा नफसी

कुनै पनि किसिमको सम्झौतामा धर्मको व्यपार हुनु हुँदैन । एउटाले अर्को धर्मको बारेमा खुलेआम नकरात्मक प्रचार गर्नु हुँदैन र बदनाम पनि गर्नु हुँदैन भन्दै क्रिश्चियन धर्मले अपनाएका प्रपोगण्डाको चित्रण थापाका कवितामा पाइन्छ ।

त्यस्तै थापाले सुख, सुविधाको लागि विभिन्न राष्ट्रमा पुगेका नेपालीहरूलाई स्वदेश फर्केर राष्ट्रको सेवा गर्न आग्रह गरेका छन् । त्यस्तै खाडी मुलुकहरूमा एक मुट्ठी खुसी खोजिरहेका नेपालीहरूमा स्वदेश फर्केर केही गर्न आग्रह गरेका छन् । भारतका ठूला-ठूला सहरमा दरवान, ढोके, कान्छा, बहादुरको पदवी भिरेर जीवन घिसारिरहेका नेपालीहरूलाई स्वदेश फर्केर देश निर्माणमा लाग्न आग्रह गरिएको छ । देशमा मौलाएका व्यथिति, भ्रष्टाचार, अस्थिरता आदिलाई हटाउन र देशमा सम्पूर्ण रुपान्तरणको लागि स्वदेशमै फिर्ता हुन आग्रह गरिएको पाइन्छ । देशको जनशक्ति, पौरखी हातहरू, तीक्ष्ण मस्तिष्क भएकाहरू विदेशिंदा देशमा अदक्ष जनशक्ति, अचेतनशील र अवसरवादी ब्वाँसाहरू तथा राष्ट्रघाती नेताहरू मात्र रहने जसले गर्दा देशको विकास भष्म भई देश अँध्यारो युगमा फस्दै जान्छ । देशलाई उज्यालो युगतर्फ प्रस्थान गराउन विभिन्न राष्ट्रहरूमा विलीन हुन वा स्थापित हुन खोजिरहेका सम्पूर्ण नेपालीलाई नयाँ सम्भाव्यताको खोजी गर्न थापाले आफ्ना कविता मार्फत आह्वान गरेका छन् । **अखण्ड नेपाल, छचल्किएका स्वरहरू, नयाँ नेपाल रोज्नुपरेको छ, उद्गार, उच्छ्वास, उद्घोष, राष्ट्रवन्दना, अपराजित** आदि कविताहरूमा विशेष गरेर राष्ट्रवादी स्वरहरू मुखरित भएको छ ।

### ४.५.२ युगीन यथार्थको चित्रण

बाबुरामसिंह थापाका कविताहरूमा युगीन यथार्थको चित्रण पाइन्छ किनकि राष्ट्रिय तथा अन्तराष्ट्रिय घटनाक्रमहरूको प्रस्तुति यिनका कवितामा पाइन्छ । पौराणिक यथार्थ प्राग् ऐतिहासिक तत्कालीन ऐतिहासिक सन्दर्भहरूबाट कवि थापा जानकार रहेका देखिन्छन् । एकीकरणको इतिवृत्तान्त थापाका कविताहरूमा आस्वादन गर्न पाइन्छ । उनका कविताहरूमा पृथ्वी नारायण शाहले सूत्रपात गरेको नेपाल एकीकरणको अभियानको चर्चा विस्तार गरिएको छ । अंग्रेजहरूको अभीष्ट बुझेर उनीहरूका अगाडि बढ्दै गइरहेका पाइलाहरू रोक्नु जरुरी थियो । त्यसैको लागि सम्पूर्ण टुक्रेर रहेको राज्यहरूलाई एकीकृत गर्नु थियो र एउटा बलियो प्रतिकार गर्न सक्ने राज्यको निर्माण गर्नु अति आवश्यक थियो । त्यही कुरालाई हृदयङ्गम गरी पृथ्वीनारायण शाहले एकीकरण अभियान सञ्चालन गरेका

तथ्यहरू थापाका कविताहरूमा उद्‌बोधन भएका छन् । पृथ्वी नारायण शाहको अवसान पछि उनका अनुयायीहरू बहादुर शाह, अमरसिंह थापा, वीर बलभद्र कुवँर, भक्ति थापा, भीमसेन थापा आदिले एकीकरणको अभियानलाई जारी राख्दै पश्चिममा किल्ला काँगडा र पूर्वमा टिस्टासम्म नेपालको सीमाना विस्तार गरेको तथ्य पनि थापाका कविताहरूमा अभिव्यक्त भएको पाइन्छ । दरबारिया षडयन्त्र, घात-प्रतिघातको नाङ्गो नाचको परिदृश्य पनि थापाका कविताले समेट्न समर्थ भएका छन् । नेपाल-अंग्रेज युद्धको वृत्तान्तलाई पनि थापाले आफ्ना कविताहरूमा समेटेका छन् । त्यस युद्धमा नेपाली फौजले देखाएको वीरताको प्रस्तुती पनि थापाका कवितामा पाइन्छ । पृथ्वी नारायण शाह पछिका पुस्ताहरूमा दूरदर्शिता, आचरणशीलता, इमान्दारिता आदि नभएको तथ्य पनि उनका कवितामा उल्लेख गरिएका छन् । हिजोदेखि आजसम्म दरबारिया षड्‌यन्त्रको शृङ्खला कायमै रहेको तथ्य पनि कविताहरूमा उजागर भएको पाइन्छ । धेरै व्यवस्था फेरिए, व्यक्तिहरू फेरिए पनि प्रवृत्ति भने पुरानै रहेको, यथास्थिति नै रहेको तथ्य कविताहरूमा उद्‌बोधन भएका छन् ।

बाबुरामसिंह थापाका कविताहरूमा वि.सं. २०४६ सालका परिवर्तन पछिका घटनाहरू, शासकीय प्रवृत्ति, आर्थिक, सामाजिक, साँस्कृतिक र राजनीतिक यथार्थको चित्रण गरिएका छन् । वि.सं. २०४६ को परिवर्तनले अपेक्षा गरेका चहनाहरू, सपनाहरू, रहरहरू क्रमशः उपेक्षित हुँदै गएको नियतिको चित्रण कविताहरूमा गरिएको छ । जनतालाई बोल्ने स्वतन्त्रता बाहेक कुनै आधारभूत जीवन यापनको हक, रोजगारीको हक, समानताको हक, सूचनाको हकको सुनिश्चितता नदेखिएको तथ्यको उद्‌घाटन थापाका कविताहरूले गरेका छन् । शासकहरू मोटाउँदै गएका र जनताहरू रुग्ण बन्दै गइरहेको तथ्य पनि कवितामा समावेश गराइएको छ । शासकहरू विदेशी प्रभुहरूलाई खुशी पार्न, आफ्नो सत्ता र भत्ता टिकाउन विभिन्न राष्ट्रघाती सन्धि, सम्झौताहरू- महाकाली, कोशी, टनकपुर आदि सन्धिहरू गर्दै गइरहेका छन् । जनता र देशलाई अस्थिरता, अन्यौल, अराजकताको भुमरीमा फसाउँदै लगेका यथार्थताको चित्रण पनि थापाका कविताहरूमा भएका छन् । राजनीतिक नेतृत्व, कर्मचारीतन्त्र, न्यायिक क्षेत्रहरू चरम भ्रष्टाचारको दलदलमा फसेको यथार्थ पनि कविताहरूमा चित्रण भएका छन् । त्यस्तै देशमा व्याप्त रहेको सशस्त्र द्वन्द्वको अवलोकन गर्दै यसको पृष्ठभूमि, औचित्य, प्रवृत्ति र त्यसका परिणामको अन्वेषण थापाका कविताहरूले गरेका छन् । विदेशी मुलुकहरू सहायताबाट सञ्चालन हुने कुनै पनि क्रान्तिले मुलुकको हित

नगर्ने विचार कविताहरूमा राखिएको छ । विदेशी खोक्रा आडम्बरमुखी सिद्धान्तहरूको प्रयोगशालाका रूपमा नेपाल हुँदै आएको तथ्यको उद्घाटन गरिएको छ ।

त्यस्तै आर्थिक विषमताले मुलुक ग्रस्त भएको यथार्थ पनि कवितामा समावेश गराइएको छ । जनताहरू आर्थिक उपार्जनका लागि खाडीका मुलुकमा ज्यान जोखिममा राखेर काम गरिरहेको भारतीय र बेलायती सेनामा दास भएर काम गरिरहेको र भारतका विभिन्न शहरहरूमा बहादुर, दरवान र ढोकेको जीवन जिउन बाध्य भएको यथार्थको चित्रण थापाका कविताहरूमा गरिएको छ । देश चरम गरिबीमा फस्दा समेत नेतृत्वमा बस्नेहरू अन्जान र दायित्व विमुख भएको यथार्थ पनि कविताहरूमा चित्रण गरिएको छ । त्यस्तै साँस्कृतिक रुपान्तरणका नाममा धर्म परिवर्तन, धर्मको किनबेच, सनातन तथा मौलिक धर्म, संस्कृतिहरूमाथि भएका अतिक्रमणहरूको चित्रण थापाका कविताहरूमा गरिएका छन् । बढ्दै गइरहेको धार्मिक दूरी संस्कृतिको उपहास र गलत अनुकरण शैलीको चित्रण गर्दै थापाले जातीय द्वन्द्वका झिल्काहरूको चित्रण आफ्ना कविताहरूमा गरेका छन् । देशको भाषा, संस्कृति, जात आदिमा द्वन्द्व सिर्जना हुने बित्तिकै राष्ट्र कमजोर हुन्छ । त्यसैलाई थापाले टपक्क टिपेर कवितामा उतारेका छन् । **यथार्थता, उच्छ्वास, उँधेको देशमा रुमल्लिएका युवा, उद्घोष, जाग हे पहरेदार, डढेलोले खाएको वर्तमान, उपेक्षामा बाँचेकी आमा, पुकार, बन्धकी आशाहरू विस्मृत यात्री, छचल्किएका स्वरहरू** आदि कविताहरूमा युगीन यथार्थको चित्रण गरिएको छ ।

### ४.५.३ साम्प्रदायिक सद्भावको अपेक्षा

बाबुरामसिंह थापाका कविताहरूमा साम्प्रदायिक गतिविधिहरूको चित्रण पाइन्छ । देशमा व्याप्त साम्प्रदायिकताका विद्वेषहरूलाई कविताहरूमा अङ्कित गरिएको पाइन्छ । नेपाली समाजमा २०४६ सालको परिवर्तन पछिको देश समानता, सामाजिक, आर्थिक, राजनैतिक, साँस्कृतिक रुपान्तरणका मुद्दामा अगाडि बढिरहेको अवस्थामा वि.सं. २०५२ को जनयुद्ध नामक सशस्त्र द्वन्द्वको उद्घोषसँगै उछालिएका धर्म, जातीय राज्य, एक मधेश एक प्रदेश, थरुहट, नेवा आदि गुटउपगुटीय झुण्डहरूको चलखेल बढ्न थाल्यो । पहिचानको आधारमा अधिकार प्रत्याभूति दिनु त ठिकै हो तर एक जातीय पहिचानको आधारमा राज्यहरू बच्चालाई चक्लेट बाँडेसरी बाँड्नु नेको दीर्घ कालीन द्वन्द्वको बीजारोपण गर्नु हो । देशमा ठूलो पार्टीको रूपमा उदाएका पार्टीहरू जातीय विद्रोहको बीजारोपण गरेकाले वा मार्क्सवादी पार्टी भएर पनि वर्गीय राजनीतिबाट टाढा हुँदैं जातीय राजनीतितिर उन्मूख

भएकोले हाल देश ठूलो सङ्टको संघारमा पुगेको यथार्थलाई पनि कसैले नकार्न सक्दै । राष्ट्रियतालाई बली चढाउँदै जनतालाई जातीय, क्षेत्रीय र धार्मिक परिधिमा सीमित राख्दै उनीहरू बाँचेको एकता, सद्भाव, सहयोगको वातावरणलाई समेत धमिलो बनाइएदिएको छ । हामीहरू यो मेरो जातको नेता भनेर उनीहरूका झोला बोकेर पुच्छर लागेर हिंडिरहेका छौं । यस्तो परिपाटीले हामीलाई विनाशको बाटोतिर र अस्तित्वको भग्नावशेषमा लगेर छोडिदिन्छन् भन्ने डर सबैलाई लाग्नु स्वाभाविक नै हो । अस्तित्वको वार्गेनिङ गरेर सत्ता र भत्ताको सर्वोच्च शिखरमा बिराजमान हुन लालायित ब्वाँसाहरूबाट जोगिनु सबैभन्दा चुनौतिपूर्ण र कठीन कार्य हो । हामीमा चेतनाको कमीकै कारणले गर्दा हामीहरूलाई नै भस्म बनाउने प्रयत्न गरिरहेका छन् । कविले यही तथ्यलाई उजागर गर्ने प्रयास गरेका छन् ।

जातीय सद्भावको वकालत गर्ने क्रममा कवि थापाले जनजाति, आदिवासी, गैर जनजाति, गैर आदिवासी, दलित, गैर दलित भनेर विभाजित भई राज्यहरू र अधिकारको माग तथा प्रत्यायोजनमा लाग्यौं भने त्यसमा द्वन्द्वको निश्चितता रहन्छ । मानिस सबै एउटै हुन् रगत सबैको रातो हुन्छ जुनसुकै ठाउँमा भए पनि जीवन यापन गर्न पाउने अधिकार सबैलाई हुन्छ । समयको अन्तरालमा कोही चाँडो आएर बसे होलान् त केही ढिला तर यो सृष्टिको संरचनाभन्दा पहिला त सायद कुनै पनि व्यक्ति तथा समुदाय थिएन होला ।[55] अतः सामर्थ्य र पहिचानको आधारमा अधिकारहरू प्रत्यायोजन गर्दा गर्दै असमर्थ, गरिब, अपहेलित सबै जातमा पाइन्छ । एउटै जातका सबै शासक हुँदैनन् । हामी कोही लोभ र पैसामा फसेर आफ्नो सनातन धर्मबाट विचलित हुदै आफ्नै धर्ममाथि कुठाराघात गर्दैछौं । त्यसैले हाम्रो अस्तित्व हाम्रो नयाँ पुस्ताको अस्तित्वको सफाया गर्दैछौं । हामीले देशलाई विभिन्न किसिमको द्वन्द्वमा नफसाईकन आपसी सहयोग र सद्भाव राख्दै इतिहासलाई साक्षी राखेर अगाडि बढ्नुपर्दछ भन्ने भाव थापाका कविताहरूमा अभिव्यक्त भएको छ ।

### ४.५.४ प्रजातन्त्रको संस्थापनमा जोड

बाबुरामसिंह थापाका कविताहरूमा प्रजातन्त्रको महत्त्व, अर्थ र प्रक्रियाको बारेमा चर्चा गर्दै वि.सं. २०४६ सालपछि संस्थापित प्रजातन्त्रले समानता, सामाजिक, आर्थिक,

[55] सुरेन्द्र के.सी. बाट प्राप्त जानकारी

साँस्कृतिक रुपान्तरण, विभेदहरूको अन्त्यको अपेक्षा राखेको थियो । कुनै पनि निरङकुशताले अस्थिरताको फाइदा उठाएर आफ्नो अभीष्ट पूरा गर्न नपाओस् । राजनीतिक नेतृत्व देश र जनताप्रति जवाफदेही बनोस् । देशको कर्मचारीतन्त्र, भ्रष्टाचार विहीन होस् । जनताहरूमा राष्ट्रियता, साँस्कृतिक तथा राजनीतिक चेतनाको विकास होस् । जनताहरूले सम्पूर्ण आधारभूत आवश्यकताहरूको उपभोग गर्न पाऊन् । शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा उल्लेख्य प्रगति होस् । देशका दुर्गम ठाउँहरूमा यातायातको विस्तार होस् । सञ्चारको विकासले अन्तराष्ट्रिय क्षेत्रमा नेपालको नाम फैलिओस् । सम्पूर्ण शहीदहरू र पुर्खाहरूले देखेका सपनाहरू साकार हुदै जाऊन् र देश समृद्ध र सम्पन्न होस् । प्रजातन्त्रका यही अपेक्षाहरूको प्रस्तुतिकरण थापाका कविताहरूमा भएका छन् । तर त्यसको ठीक विपरित प्रजातन्त्रको दुरुपयोग, नेतृत्ववर्ग, कर्मचारीतन्त्र, भ्रष्ट प्रशासन संयन्त्रहरू जनता र राष्ट्रप्रति अनुत्तरदायी भएको, राष्ट्रका नीति विपरित कार्य गर्ने गरेको, राष्ट्रघाती सन्धि, सम्झौताहरू गर्दै गरेको, देशमा हिंसाको खेती गर्दै साम्प्रदायिक सद्भाव बिथोल्ने कार्य गर्ने गरेको परिस्थितिले राष्ट्रिय अखण्डता, सार्वभौमिकता नेपालको सुनिश्चिताको अपेक्षा जुन प्रजातन्त्रले देखेको छ त्यो पूरा हुन गाह्रो हुदै गएको तथ्य थापाका कविताहरूमा अभिव्यक्त भएका छन् । प्रजातन्त्र भनेको व्यवहार र प्रवृत्तिमा रुपान्तरित हुनुपर्छ । व्यक्तिगत प्रवृत्ति र नियतमा प्रजातान्त्रिकरण नभई प्रजातन्त्रको संस्थापना हुन सक्दैन भन्ने थापाको तर्क रहेको देखिन्छ ।

### ४.५.५ प्राकृतिक चित्रण

बाबुरामसिंह थापाका कविताहरूमा प्राकृतिक परिदृश्यहरूको प्रस्तुति पाइन्छ । प्रकृतिको प्रस्तुति गर्नेक्रममा थापा कतै केन्द्रीय त कतै परिधीय रूपमा त्यसको प्रयोग गरेका छन् । विम्ब र प्रतीकको रूपमा प्रकृतिको प्रयोग भएको छ भने त प्रकृतिलाई केन्द्रीय विषयवस्तु बनाइएको छ । प्राकृतिक छटाहरूको महिमागान गाउदै विकृति र विसङ्गतिका पात्रहरूलाई त्यससँग साक्षात्कार गराउने काम कविले गरेका छन् । यसक्रममा पालुवा, बिहानी, गाउँ-वेसी, धानका बाला, सयपत्री फूल, घामपानी, वनफूल, कोपिला, आँधीबेहरी, वायु, धरती, शीत, मौरी, अध्यारोरात, सनौलो किरण, जुनेलीरात, सुनाखरी, भेडाका वथान, हिमाल, कुहिरो, उकाली-ओराली, चौतारी, मयुँर, नौरङ्गी डाँफे, लालिगुराँश, वगर, किनार, वनपाखा, सगरमाथा, विभिन्न नदीहरू, विभिन्न पर्वतहरू, तराईका हरिया फाँटहरू, विभिन्न खालका जनावरहरू आदि प्राकृतिक छटाहरूको प्रयोग भएका छन् । **नेपालका गाउँवेसी, मेरो**

**प्यारो महिबल गाउँ** आदि जस्ता कविताहरूले प्रकृतिलाई केन्द्रीय विषयवस्तु बनाएका छन् भने अन्य कविताहरूले प्रकृतिको परिधीय प्रयोग गरेका छन् । यसरी आफ्ना कविताहरूमा प्रकृतिको प्रचुर प्रयोग गर्नु कवि थापाको महत्त्वपूर्ण सर्जन वैशिष्ट्य मान्न सकिन्छ ।

### ४.५.६ आर्थिक विसङ्गतिहरूको प्रस्तुति

बाबुरामसिंह थापाका कविताहरूमा आर्थिक विषमताको चित्रण पाइन्छ । गाँस, वास र कपास जस्ता आधारभूत आवश्यकता पूरा गर्न नसकेर शहर, भारतका शहरहरू, खाडीका मुलुकहरूमा जीवनलाई घिसारिरहेका छन् । आफ्ना सन्तानको उचित शिक्षादीक्षाको लागि दुई छाक पेटभरी खान तथा खुवाउनका लागि एकसरो लुगाले जीउ ढाक्न विदेशी भूमिमा भेडा र ऊँट चराउदै जीवन यापन गरिरहेका छन् । तर पनि विभिन्न परिबन्धमा परेर कारागारको जीवन बाँच्न बाध्य छन् । त्यस्तै वेलायत र भारतीय सेनामा कार्यरत हुदै छन् । भारतका विभिन्न शहरहरूमा ढोके, दरवाना, बहादुर र कान्छा भएर विवश जिन्दगी व्यतीत गरिरहेका छन् । देशभित्र पनि धेरै नेपालीहरू भोक र प्यासमा तड्पिरहेका छन् तथा नाङ्गा-भुतुङ्ग भई हिंडिरहेका छन् । शिक्षाबाट वञ्चित, घरबार विहीन भएकाहरूका लागि कुनै बन्दोवस्त छैन भने अर्कोभर्फ नेतृत्ववर्ग सुख, सुबिधामा र अकुत धनको सङ्कलनमा लागेका तथा प्रशासनिक निकाय पनि भ्रष्टाचारको दलदलमा फसेको छ । देशको दक्ष जनशक्ति दिन-प्रतिदिन विदेश पलायन भैरहेका छन् भने देशको अर्थतन्त्र दिनानुदिन खस्किदै गएको, राजनीतिक नेतृत्वको नियति गलत भएको भाव थापाका कविताहरूमा पाइन्छ । **उपेक्षामा बाँचेकी आमा, छचल्किएका स्वरहरू, डढेलोले खाएको वर्तमान, समय जनमेजय खोजिरहेछ, अशेष अभिभारा, सुन्दर भविष्यको निर्माण गरौं** आदि कविताहरूमा आर्थिक विसङ्गतिहरूको चित्रण गरिएको छ ।

### ४.५.७ शैङ्गारिकता

बाबुरामसिंह थापाका शृङ्गारिक विषयवस्तुहरूलाई आफ्ना कविताहरूमा समेटेका छन् । माया, प्रेम, प्रणय आदिलाई कवितामा उतारेको पाइन्छ । मिलन, विछोड, जलन, तडक, भडक आदिलाई कवितामा समावेश गराइएको पाइन्छ । एउटा प्रेमी तथा प्रेमिका आफ्नो प्रेमबाट टाढा हुदाको छटपटी विह्वल, उकुसमुकुसलाई कवितामा उतारिएको पाइन्छ । संसारै शून्य लाग्ने, जीवननै निरर्थक लाग्ने, सामाजिकताबाट असामाजिकतातर्फको

रूचि विछोड हुदाको परिवेशहरूलाई थापाले आफ्ना कविताहरूमा उतारेका छन् । थापाले शृङ्गारिक भावधारामा रहेर सीमित कविताहरू रचे पनि ती उच्चकोटी र सभ्य तथा शालीन देखिन्छन् । **आँखाभरी पलाएका आशा, हृदयभरीको चहाना, मनको वह** शृङ्गारिक भावधारामा आबद्ध कविताहरू हुन् ।

### ४.५.८ विकृति र विसङ्गतिप्रति व्यङ्ग्य

बाबुरामसिंह थापाले आफ्ना कविताहरूमा राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, विकृति तथा विसङ्गतिहरूप्रति व्यङ्ग्य प्रक्षेपण गरेका छन् । राजनीतिलाई व्यपारमा परिणत गर्दै भ्रष्टाचार र विदेशी डलरका माध्यमबाट अकूत सम्पत्तिको सङ्कलन गर्ने नेतृत्वको विरोध गरिएको छ । राजनीतिक अभीष्ट पूरा गर्नको लागि साम्प्रदायिकताको आड लिने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ । राजनैतिक अस्थिरताको सिर्जना गरेर आफ्नो सत्ता र भत्ताको बार्गेनिङ गर्ने परिपाटीप्रति कविको आपत्ती रहेको छ । बाह्र वर्षे सशस्त्र द्वन्द्वप्रति पनि कवि रुष्ट बनेका छन् र त्यसको औचित्यप्रति प्रश्न उठाएका छन् । विदेशमा कामदारहरूलाई पठाई रेमिट्यान्स भित्र्याउने र देशको अर्थतन्त्रलाई सखाप पार्ने गलत सोचाइको कवितामा खोइरो खनिएको छ । आर्थिक पछौटेपनले ग्रस्त मुलुक झन आर्थिक उपनिवेशमा परिणत हुँदै गइरहेको तथ्य पनि कवितामा उद्घाटित गरिएको छ । त्यस्तै साम्प्रदायिक गतिविधि र क्षेत्रीय राजनीतिप्रति कविले व्यङ्ग्य गर्दै विद्रोह जनाएका छन् । राष्ट्रिय अस्मिता, अखण्डता, सार्वभौमिकतामा आँच आउने किसिमबाट भइरहेका धार्मिक गतिविधि, जातीयताका कुरामा पनि कविले आलोचनात्मक टिप्पणी गरेका छन् । सामाजिक विभेदहरूप्रति पनि कविले विद्रोह जनाएका छन् । मुलुकमा बढ्दै गएको भौतिकवादी गतिविधि, आध्यात्मिक ह्रासोन्मूखता, भोगवादी संस्कृतिप्रति कविले असहमति जनाएका छन् । यसरी विभिन्न विकृति र विसङ्गतिप्रति कवि थापाले तीखो व्यङ्ग्य प्रहार गरेका छन् ।

### ४.५.९ भाषाशैली

बाबुरामसिंह थापाका कविताहरूमा प्रायः संस्कृत र अंग्रेजी भाषाका शब्दहरूको प्रयोग भएको पाइन्छ । जसले गर्दा अर्थ सम्प्रेष्यमा केही असहजता कायम गरेको पाइन्छ । केही क्लिष्टता र प्रयोगवादी लेखनले कवितामा क्रमभङ्गता पनि देखिन्छ । लामो

कवितालाई पनि पछ्याउन कवि समर्थ रहेका देखिन्छ यति हुदाहुदै पनि समग्रमा भने बाबुरामसिंह थापाका कविताहरू सरल नै देखिन्छन् ।

### ४.५.१० विम्ब र प्रतीकको प्रयोग

बाबुरामसिंह थापाका कविताहरूमा अधिक विम्ब र प्रतीकहरूको प्रयोग भएको पाइन्छ । कविताहरूमा ऐतिहासिक, साँस्कृतिक, पौराणिक, खगोलीय, प्राकृतिक विम्बहरूको प्रयोग भएका छन् । देशघाती नेताहरूलाई ब्वाँसा, दानव र अवसवादी आदिले प्रतिविम्बित गरिएको छ । राजनीतिक अस्थिरता, निरङ्कुशतालाई अन्धकारको रूपमा प्रतिविम्बित गरिएको छ । बाटो बिराएर द्विग्भ्रमित भएका, पथभ्रष्ट भएका जनतालाई विस्मृतयात्रीको रूपमा प्रतिविम्बित गरिएको छ । चन्द्रमालाई शीतलताको र फूललाई सुन्दरताको प्रतीकका रूपमा उभ्याइएको छ । देशलाई आमाको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ । विकृति र विसङ्गतिलाई हिंसा र डढेलोको रूपमा प्रतिविम्बित गरिएको छ । यसरी यिनका कविताहरूमा विभिन्न विम्ब र प्रतीकहरूको प्रयोग भएको पाइन्छ ।

### ४.५.११ आध्यात्मिक सचेतना

बाबुरामसिंह थापाका कविताहरूमा पूर्वीय अध्यात्मवादको छाप पाइन्छ । थापाले सनातन वैदिक धर्मको वकालत आफ्ना कविताहरूमा गरेका छन् । सनातन धर्म नै हाम्रो मौलिक धर्म हो । यसमा नै हाम्रो अस्तित्व अडेको छ । हाम्रो शरीरको नशा, रगत, तन र मनमा पूर्वीय अध्यात्मले अस्तित्व जमाएको छ । हामी आफैलाई ढाट्न र छल्न सक्दैनौं । दिग्भ्रमित भएर नवआगन्तुक धर्म संस्कृतिको दासत्व ग्रहण गरिरहेका हामी नेपालीलाई सचेतनाको जल सिञ्चन गर्ने काम थापाले आफ्ना कविताहरूमा गरेका छन् । कविले कुनै पनि धर्म सम्पूर्ण हुँदैन, त्यसका केही कमीकमजोरी अवश्य नै हुन्छन् भन्दै त्यस्ता कमीकमजोरीहरूलाई हटाउदै र परिस्कार गर्दै लैजानुपर्छ नकि त्यसलाई परित्याग गर्नु । कविले प्रलोभनमा फसेर गरिने धर्म परिवर्तनको खुलेर कडा विरोध गरेका छन् । थापाले कविताहरूमा पौराणिक पात्रहरूको प्रयोग गरेका छन् । ती पौराणिक सत्, असत् पात्रहरूले वर्तमान युगका पात्रहरूको प्रतिनिधित्व गरेका छन् ।

### ४.५.१२ प्रयोगवादोन्मुख लेखन

बाबुरामसिंह थापाका कविताहरू समसामयिक हुँदाहुँदै पनि प्रयोगवाद उन्मुख देखिन्छन् । आयामका दृष्टिले हेर्दा थापाका कविता प्रयोगवादी लामा कविता लेखन

परम्पराका देखिन्छन् । अर्थ सम्प्रेष्यताका दृष्टिले हेर्दा थापाका कविता केही क्लिष्ट, दुर्बोध्य देखिन्छन् भने कतै-कतै अस्पष्टताहरू पनि भेटिन्छन् । थापाले आफ्ना कवितामा उखान, टुक्काहरूको पनि प्रयोग गरेका छन् । त्यसैले हामी भन्न सक्दछौं थापाका कविताले प्रयोगवाद र समसामयिकताको फ्युजनमा यात्रा गरेको छ ।

### ४.५.१३ स्तुतिता

बाबुरामसिंह थापाले आफ्ना कविताहरूमा नेपाल एकीकरणका माहौलद्वारा, पुर्खाहरू, साँस्कृतिक तथा भाषिक अभियानकर्ताहरू र राष्ट्रसेवकहरूको स्तुति गाएका छन् । विशेष गरी राष्ट्रको निर्माणमा आफ्नो प्राण उत्सर्ग गर्ने पुर्खाहरू र हरेक प्रजातान्त्रिक आन्दोलनहरूमा निरङ्कुशताको बुट र गोलीबाट बलिदान भएका शहीदहरूप्रति कवि नतमस्तक देखिन्छन् । उनले **नयाँ नेपाल परेको छ** कवितामा नेपाली भाषाका प्रथम तथा एक्ला एकीकरणकर्ता भानुभक्त आचार्यको महानतालाई सम्मान गर्दै उनीप्रति श्रद्धासुमन अर्पण गरिएको छ । जुन कार्य स्वागतयोग्य तथा स्तुतियोग्य रहेको छ । यसलाई सायदै कुनै पनि भाषासेवी तथा नेपालीले नकार्न सक्ला !

### ४.५.१४ निष्कर्ष

बाबुरामसिंह थापाको साहित्यिक यात्रालाई वि.सं. २०३३ देखि वि.सं.२०५९ सम्म प्रथम चरण र वि.सं.२०६० देखि हालसम्म दोस्रो चरणमा विभाजन गर्न सकिन्छ । वि.सं.२०६० सालमा **महापुरुष** कविता सङ्ग्रह र वि.सं. २०६२ **अखण्ड नेपाल** प्रबन्ध सङ्ग्रह गरी दुई वटा कृतिको प्रकाशन गरेका छन् । थापाका कवितात्मक प्रवृत्तिलाई हेर्दा राष्ट्रियता, युगीन यथार्थता, आर्थिक विसङ्गतिको प्रस्तुति, प्रजातन्त्रको संस्थापना, साम्प्रदायिक सद्भाव आदि मूल प्रवृत्तिका रूपमा रहेका छन् । **अखण्ड नेपाल** प्रबन्धमा प्रबन्धकार थापाले राष्ट्रियता, देशभक्त, सार्वभौमिकता, अखण्डता, आध्यात्मिकता, साम्प्रदायिक सद्भाव आदि जस्ता विषयका अतिरिक्त इतिहासको अन्वेषण, राजनीतिक, दार्शनिक विचारहरू पनि विषयवस्तुका रूपमा आएका छन् । प्रस्तुत प्रबन्ध सङ्ग्रहमा मूलतः इतिहास, दर्शन अध्यात्म र राजनीतिक विचारहरूसँग सम्बन्धित लेख रचनाहरूको अध्ययन गरिएको छ ।

# पाँचौं परिच्छेद

# बाबुरामसिंह थापाको साहित्यिक प्राप्तिहरूको अध्ययन र मूल्याङ्कन

## ५.१ परिचय

यस अध्याय अन्तर्गत बाबुरामसिंह थापाको नेपाली साहित्यमा रहेको स्थान, उनले पुऱ्याएको योगदानका आधारमा उनको मूल्याङ्कन गरिएको छ । सिर्जना प्रवृत्तिका बारेमा अघिल्ला अध्यायमा अध्ययन गरिसकेको हुँदा यस अध्यायमा योगदान र मूल्याङ्कनको विषय उठाइएको छ ।

## ५.२ बाबुरामसिंह थापाको साहित्यिक प्राप्तिहरूको अध्ययन

बाबुरामसिंह थापाले वि.सं. २०३३ सालमा **उद्गार** शीर्षकको कविता लेखेर सिर्जनात्मकयात्रा तय गरेका हुन् । त्यसपछि २०४६ सालको अवधिमा केही कविता, कथा लेखिए पनि प्रकाशित हुन सकेको देखिंदैन् ।[56] शोधनायककै कथनमा केही सिर्जनाहरू हराएर गैरसरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाका कर्मचारी भएर कार्य सम्पादन गर्दा उनले आफ्ना रचनाहरू प्रकाशन गर्न भ्याएनन् वा भनौं रूचि देखाएनन् । पछि साठीको दशकको सुरुतिर भने यिनको रचना पुस्तकाकार कृतिको रूपमा प्रकाशन भएको पाइन्छ । यसरी वि.सं. २०३३ साल पछिको र वि.सं. २०६० अघिको कालखण्ड गरी यिनको साहित्यिक चरणलाई दुई चरणमा विभक्त गरेर हेर्न सकिन्छ । सुरुको कालखण्ड आभ्यासिक भएकाले यस चरणको खासै केही उल्लेख्य पक्ष देखिंदैन ।

वि.सं. २०६० सालमा **महापुरुष** शीर्षकको कविता सङ्ग्रह प्रकाशित गर्न थापा समर्थ हुन्छन् । राष्ट्रियता, सार्वभौमिकता, स्वाधिनता, प्राकृतिक परिदृश्यहरूलाई केन्द्रीय विषयवस्तुका रूपमा प्रस्तुत गरिएको उक्त सङ्ग्रहका कविताहरू प्रयोगधर्मी लेखन र समसामयिक लेखनको फ्युजनका रूपमा प्रस्तुत भएका छन् । थापालाई राष्ट्रवादी कविका रूपमा स्थापित गर्न उक्त सङ्ग्रह समर्थ भएको देखिन्छ ।

---

[56] शोधनायकबाट प्राप्त जानकारी

बाबुरामसिंह थापाले प्रबन्ध विधामा पनि आफ्नो सिर्जना क्षमता प्रस्तुत गरेका छन् । उनका राजनीतिक, इतिहास, दर्शन, अध्यात्मसँगै सम्बन्धित लेख प्रबन्धहरू राष्ट्रिय पत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ । पत्रपत्रिकाहरूमा प्रकाशित भएका प्रबन्धहरूलाई सङ्कलन गरेर थापाले वि.सं. २०६२ मा **अखण्ड नेपाल** शीर्षकको प्रबन्ध सङ्ग्रहको प्रकाशन गर्दछन् । यो उनको साहित्यिक क्षेत्रको दोस्रो महत्त्वपूर्ण कृति हो । राष्ट्रियता, सार्वभौमिकता, अखण्डता, ऐतिहासिक तथ्यहरू, भौतिक तथा आध्यात्मिक विषयवस्तुहरूलाई प्रबन्ध सङ्ग्रहले समेटेको पाइन्छ । आत्मपरक, वस्तुपरक, विवरणात्मक तथा विश्लेषणात्मक ढाँचालाई प्रबन्धहरूले अँगालेको पाइन्छ । विभिन्न विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गरिएको प्रस्तुत प्रबन्ध सङ्ग्रहका प्रबन्धहरूले इतिहासको भग्नावशेषलाई पल्टाएर हेरेको पाइन्छ ।

यसरी हेर्दा बाबुरामसिंह थापाका साहित्यिक यात्राका प्राप्तिहरू भनेको कविता विधामा **महापुरुष** (२०६०) कविता सङ्ग्रह र **अखण्ड नेपाल** (२०६२) प्रबन्ध सङ्ग्रह हो । यसरी नेपाली साहित्यको क्षेत्रमा उनको योगदान उल्लेख्य मान्नुपर्ने हुन्छ ।

## ५.३ नेपाली साहित्यमा बाबुरामसिंह थापाको योगदान

बाबुरामसिंह थापा बहुमुखी प्रतिभाको धनी हुन् । विभिन्न पेसागत सङघसंस्थाहरूमा संलग्न रहदै आफ्नो बचेको समयलाई उनले साहित्यिक रचनामा सदुपयोग गरेका छन् । गैरसरकारी सङघसंस्थाहरूमा आफ्नो महत्त्वपूर्ण जिम्मेवारी वहन गर्दै आएका थापाले वि.सं. २०५१ साल देखि पाटन संयुक्त क्याम्पस, पाटन ढोकामा उपप्राध्यापकको हैसियतले प्राध्यापन पेसामा संलग्न छन् । उनले सिर्जनायात्रा वि.सं. २०३३ सालबाट प्रारम्भ गरेका हुन् । विद्यालय स्तर देखि साहित्य र साहित्यकार जुन स्वदेशी र विदेशीबाट प्रभावित रहँदै आफ्ना वंशको सिर्जनात्मक र संस्कारगत प्रतिभाको आनुवंशिक गुण प्राप्त गर्दै थापा सिर्जनामा होमिएका हुन् । वि.सं. २०३३ सालमा उनले **उद्‌गार** शीर्षकको कविता लेखेका थिए । जुन कविता पछि कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको पाइन्छ । नेपाली कविताको समसामयिक धारामा उदाएका थापाका रचनाहरूले वि.सं. २०५० पछि मात्र प्रकाशनको मुख देख्न पाएका हुन् । आफ्नो कार्यव्यस्तताको कारणले प्रकाशनमा लाग्न नपाएका थापाका रचनाहरूले वि.सं. २०६० देखि वास्तविक रूपमा प्रकाशनको परिवेश पाएको पाइन्छ । उनको **महापुरुष** कविता सङ्ग्रह (वि.सं. २०६० सालमा प्रकाशित) मा राष्ट्रियता, जातीय गौरव, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सचेतना, प्राकृतिक मनोरमता,

आतङ्कवाद, शान्ति, मानवता, मानवअधिकार, विश्वबन्धुत्व, राजनीति, आर्थिक, सांस्कृतिक, सामाजिक विसङ्गतिहरूका साथै शृङ्गारिक विषयवस्तुहरूको समावेश गरेको पाइन्छ ।

कविता पछि वढी सशक्त विधाका रूपमा प्रबन्ध सङ्ग्रहलाई थापाले अंगिकार गरेका छन् । उनले विभिन्न पत्रपत्रिकाहरूमा फुटकर रूपमा प्रकाशित भएका र नभएका प्रबन्धहरूलाई वि.सं. २०६२ सालमा **अखण्ड नेपाल** शीषकमा प्रकाशित गरेको पाइन्छ । उक्त प्रबन्धमा नेपाली एकीकरण, सशस्त्र द्वन्द्व, राजनीति, सामाजिक, आर्थिक, साँस्कृतिक विसङ्गतिहरू, धार्मिक तथा साम्प्रदायिकदङ्गा, मानवता, शान्ति, विकास, धर्म, दर्शन, इतिहास आदिलाई विषयवस्तुका रूपमा समावेश गरिएको छ । उनका फुटकर रचनाहरू विभिन्न पत्रिकाहरुमा प्रकाशित हुँदै आएका छन् । आफ्नो साहित्यिक यात्राका क्रममा **महापुरुष** (२०६०) कविता सङ्ग्रह र **अखण्ड नेपाल** (२०६२) प्रबन्ध सङ्ग्रह प्रकाशित गरेर नेपाली साहित्यको विकास क्रममा एउटा पाइला अघि अवश्य नै सारेका छन् । यसका अतिरिक्त ऐतिहासिक **रञ्जै वगाले थापाको वंशावली** र **अमर मीमांस** जस्ता ग्रन्थहरूको प्रकाशन तथा सम्पादन गर्नुले बाबुरामसिंह थापाको नेपाली इतिहास, साहित्यसंस्कृति र जातीय उत्थानमा महत्त्वपूर्ण योगदान भएको प्रमाणित हुन्छ ।[57] साहित्यको विकासका लागि मनै देखि समर्पित हुदै अमरसिंह प्रतिष्ठान मार्फत हरेक वर्ष साहित्यकारहरूलाई सम्मान पुऱ्याउदै आफू साहित्यिक सर्जक मात्र नभएर साहित्यिक स्रष्टाको हितमा काम गर्ने व्यक्ति भएको सप्रमाण व्यक्त गर्न बाबुरामसिंह थापा समर्थ छन् ।

यसरी बाबुरामसिंह थापाको साहित्यिक योगदानको निरुपण गर्न सकिन्छ ।

## ५.४ मूल्याङ्कन

बाबुरामसिंह थापाले वि.सं. २०३३ सालबाट साहित्यिक यात्रा सुरु गरे पनि साठीको दशकको सुरुतिर मात्र उनका कृतिहरू प्रकाशित भएका पाइन्छन् । उनको **महापुरुष** शीर्षकको कविता कान्तिपुर राष्ट्रिय दैनिकमा प्रकाशित भएको पाइन्छ । जनआस्था, मधुपर्क लगायतका पत्रपत्रिकाहरूमा अध्यात्म, इतिहास, दर्शन र राजनीतिक विषयका प्रबन्धहरू प्रकाशित भएको पाइन्छ । वि.सं. २०६० सालमा **महापुरुष** प्रबन्ध सङ्ग्रह र वि.सं २०६२ मा **अखण्ड नेपाल** प्रबन्ध सङ्ग्रह गरेर दुई वटा कृति प्रकाशनमा ल्याउने थापाको साहित्यिकयात्राले २०६० साल पछि मात्र विकासकाल भेट्दछ । वि.सं. २०३३ देखि २०५९

---

[57] अच्युत शरण अर्यालबाट प्राप्त जानकारी

सम्मको अवधि अभ्यासकाल र वि.सं. २०६० देखि यता विकासकाल गरेर थापाको साहित्यिक यात्रालाई अध्ययन गर्नु उचित देखिन्छ । उनी राष्ट्रियतालाई मूल विषय बनाएर लेख रचनाहरू सिर्जना गर्ने साहित्यकार हुन् ।

## ५.५ निष्कर्ष

बाबुरामसिंह थापाका प्राप्तिहरूलाई हेर्दा उनी एक कवि र प्रबन्धकार हुन् । उनले **महापुरुष** कविता सङ्ग्रह र **अखण्ड नेपाल** प्रबन्ध सङ्ग्रह प्रकाशित गरेका छन् । राष्ट्रियतालाई केन्द्रीय विषयवस्तु बनाएर साहित्यिक सिर्जना गर्ने साहित्यकारका रूपमा उनलाई लिन सकिन्छ ।

# छैटौं परिच्छेद
# उपसंहार तथा निष्कर्ष

## ६.१ उपसंहार

बाबुरामसिंह थापाको जन्म वि.सं. २०१० साल पुस २६ गते शनिबारका दिन गण्डकी अञ्चल तनहुँ जिल्ला वरभञ्ज्याङको महिबलकोटमा पिता सुवेदार चित्रवीरसिंह थापा र माता यमुनादेवी थापाका जेष्ठ सुपुत्रका रूपमा भएको हो । उनका चार भाइहरू रहेका छन् । डोटीका राजा कालु थापाका आदिकुल पुरुष हुन् । थापाका पुर्खाले गढवाल, डोटी, जुम्ला, म्याग्दी, गोरखा, तनहुँसम्मको यात्रातय गरेको पाइन्छ । थापाको बाल्यकाल भारतको झारखण्डमा बितेको पाइन्छ र झारखण्डकै निर्मल हाइस्कुलमा अध्ययन गरेर एक स्वतन्त्र (प्राइभेट) विद्यार्थीका रूपमा सन् १९७० मा बिहार विद्यालय परीक्षाबोर्ड पटनाबाट म्याट्रिक दोस्रो श्रेणीमा उत्तीर्ण गरेका हुन् । उनले सन् १९७४ मा आई.कम. र सन् १९७६ मा बि.कम., बि.एस.के. कलेज माईथानबाटा दोस्रो श्रेणीमै उत्तीर्ण गरेका हुन् । त्यस्तै उनले त्रि.वि.वि. कीर्तिपुर नेपालबाट वि.सं. २०४० मा एम.बि.एस.सी दोस्रो श्रेणीमै उत्तीर्ण गरेको देखिन्छ ।

बाबुरामसिंह थापाको उपनयन वि.सं. २०२४ सालमा १४ वर्षको हुदा भएको हो । उनको विवाह वि.सं. २०२७ सालमा विष्णु कार्कीसँग भएको देखिन्छ । उनीहरूका दुई छोराहरू विजयसिंह थापा र अभिषेकसिंह थापा हुन् भने छोरीहरू रश्मिसिंह थापा र ऋचासिंह थापा रहेका छन् । हाल बाबुरामसिंह थापाको स्थायी बसोबास ललितपुर जिल्लाको सैंवु गा.वि.स. वडा नं. ४ वृद्ध माता यमुना थापाका साथ रहेको पाइन्छ । उनको दाम्पत्य जीवन सुखद किसिमले अगाडि बढेको पाइन्छ ।

बाबुरामसिंह थापाले वि.सं. २०३४ सालमा तनहुँको महिलबलकोट स्थित सरस्वती निम्न माध्यमिक विद्यालयमा प्रधानाध्यापक भएर आफ्नो पेसागत जीवनको सूत्रपात गरेको पाइन्छ । २ वर्ष शिक्षक भएर कार्य गरेपछि पुनः अध्ययनमा फर्कन पुगेका थापाले विं.सं. २०४० मा आई.डी.एस. नामक गैर सरकारी संस्थामा अनुसन्धानकर्ता भएर कार्य गरेको पाइन्छ । त्यसपछि इटवेस संस्थामा रिसर्च अफिसर भएर कार्य गरेको देखिन्छ । चार वर्षसम्म ए.आर.आई.कार्यक्रममा संलग्न भएर कार्य गरेको देखिन्छ । यसैगरी सी.एस.डी. कालीकोटको को-अर्डिनेटर भएर थापाले दुई वर्ष कार्य गरेको देखिन्छ । उनले विभिन्न

गैरसरकारी संस्थामा थुप्रै वर्षहरू काम गरेको पाइन्छ । वि.सं. २०५१ सालदेखि पाटन संयुक्त क्याम्पस, पाटनढोका ललितपुरमा प्राध्यापन गर्न थालेका थापाले उप प्राध्यापकको हैसियतले कार्य गर्दै उनी पाटन संयुक्त क्याम्पस व्यवस्थापन संकायको सहायक क्याम्पस प्रमुख भएर कार्य सम्पादन गर्दै आएका छन् । बाबुरामसिंह थापाको आर्थिक पृष्ठभूमिलाई नियाल्दा मध्यम वर्गीय रहेको पाइन्छ ।

बाबुरामसिंह थापा कवि, प्रबन्धकार, सम्पादक, नियत्राकार, राजनीतिज्ञ, आध्यात्मिक उद्घोषक आदि व्यक्तित्वका धनी हुन् । बाबुरामसिंह थापाले विभिन्न परिवेशहरूबाट प्रेरित हुदै वि.सं. २०३३ सालमा **उद्गार** शीर्षकको कविता लेखेर साहित्यिक यात्रा तय गरेका हुन् । वि.सं. २०३३ सालमा आरम्भ गरेको सिर्जना यात्राले वि.सं. २०५९ सम्म अभ्यास चरण पार गरेको देखिन्छ । थापाले वि.सं. २०६० सालमा **महापुरुष** कविता सङ्ग्रह र वि.सं.२०६२ सालमा **अखण्ड नेपाल** प्रबन्ध सङ्ग्रह प्रकाशित गरेको पाइन्छ । **महापुरुष** कविता सङ्ग्रहमा ४१ वटा कविताहरू समावेश गराइएको छ । थापाले राष्ट्रियता, सार्वभौमिकता, स्वाधीनता, अखण्डता, भौतिकता तथा आध्यात्मिकता, प्राकृतिक छटा, प्रजातन्त्र, सशस्त्र द्वन्द्वलाई आफ्ना कविताहरूको विषयवस्तु बनाएको पाइन्छ । त्यस्तै थापाको अर्को कृति **अखण्ड नेपाल** प्रबन्ध सङ्ग्रहमा २५ वटा प्रबन्धहरू सङ्गृहीत छन् । इतिहास, राजनीति, अध्यात्म दर्शन, विषयसँग सम्बन्धित प्रबन्धहरूमा राष्ट्रियतालाई केन्द्रीय विषयवस्तु बनाइएको छ । आफ्ना कविताहरूमा राष्ट्रियता युगीन यथार्थको चित्रण, साम्प्रदायिक सद्भावको अपेक्षा प्रजातन्त्रको संस्थापना आदि प्रवृत्तिहरू प्रवृत्त गराउन थापा सफल भएका छन् । अंग्रेजी र संस्कृत भाषाका शब्दहरूको प्रयोगले थापाका कविताहरू केही दूर्बोध्य र क्लिष्ट देखिए पनि सम्प्रेष्य नै देखिन्छन् ।

प्रयोगवादी लेखन र समसामयिक लेखनको फ्युजन थापाका कविताहरूमा भेट्न सकिन्छ । थापाको साहित्यिक यात्रालाई वि.सं. २०३३ देखि २०५९ सम्म पहिलो चरण अर्थात आभ्यासिक चरण मान्न सकिन्छ । त्यस्तै वि.सं. २०६० देखि यताको अवधिलाई दोस्रो चरण अथवा विकास चरणको रूपमा वर्गीकरण गर्न सकिन्छ ।

## ६.२ निष्कर्ष

बाबुरामसिंह थापा वि.सं.२०१० साल पुस २६ गते शनिबारका दिन गण्डकी अञ्चल तनहुँ जिल्लाको वरभञ्ज्याङ गा.वि.स. वडा नं.४ महबिलकोटमा पिता स्व. चीत्रवीरसिंह

थापा र माता यमुनादेवी थापाका सुपुत्रका रूपमा भएको देखिन्छ । यिनको पुर्खाले गढवाल, डोटी, जुम्ला, म्याग्दी, तनहुँ, गोरखासम्मको यात्रा तय गरेको देखिन्छ । थापाको बाल्यकाल आफ्नो पितासँग भारतीय भूमिमा बितेको पाइन्छ । यिनका पिता भारतीय सेनामा  जागिरे भएको हुदाँ यिनले भारतको झारखण्डको हजारीवाग स्थित निर्मल हाईस्कुलबाट आफ्नो शिक्षा आरम्भ गरेको पाइन्छ । कक्षा ८ सम्म उक्त विद्यालयमा अध्ययन गरेर सन् १९७० मा बिहार विद्यालय परीक्षा समितिबाट म्याट्रिक उत्तीर्ण गरेका हुन् । त्यस्तै वि.एस.के. कलेज माईथानबाट सन् १९७६ मा वि.कम. उत्तीर्ण गरेका थापाले वि.सं. २०४० मा त्रिभुवन विश्व विद्यालय कीर्तिपुरबाट एम.वि.एस.सी. उत्तीर्ण गरेको पाइन्छ ।

थपाको वि.सं. २०२० सालमा विष्णु कार्कीसँग वैवाहिक सम्बन्ध गाँसिएको पाइन्छ । उनीहरूका दुई छोरा र दुई छोरीहरू रहेका छन् । मध्यम वर्गीय आर्थिक हैसियत राख्ने बाबुरामसिंह थापाको पेसागत जीवनको सुरुवात वि.सं. २०३४ सालमा तनहुँ स्थित सरस्वती निम्न माध्यमिक विद्यालयमा प्र.अ. को रूपमा काम गरेर पनि त्यसले निरन्तरता नपाएको देखिन्छ । थापाले वि.सं. २०४० सालमा अध्ययनकार्य सम्पन्न गरेर आई.डि.एस. नामक गैरसरकारी संस्थामा अनुसन्धान सहायक भएर कार्य गरेको देखिन्छ । त्यसपछि इटवेस संस्थामा रिसर्च अफिसर हुँदै समाजकल्याण केन्द्र पाँचखालमा दुई वर्ष केन्द्र प्रमुख भएर समेत कार्य गरेको देखिन्छ । विभिन्न गैरसरकारी संस्था तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा आफ्नो पेसागत जिम्मेवारी वहन गर्दै थापाले वि.सं. २०५१ सालबाट पाटन संयुक्त क्याम्पस, पाटनढोका ललितपुरमा व्यवस्थापन सङ्कायका सहायक क्याम्पस प्रमुख भएर कार्य सम्पादन गर्दै आएको देखिन्छ ।

बाबुरामसिंह थापाले वि.सं.२०३३ सालबाट आफ्नो सिर्जनात्मक यात्रा तय गरे पनि वि.सं. २०५९ सालसम्म उनका रचनाहरू उल्लेख्य मात्रामा प्रकाशित भएको पाइदैन । यस अवधिलाई अभ्यास चरणको रूपमा लिन सकिन्छ । पेसागत व्यस्तताले सिर्जनाक्रमलाई केही असर पारेको अनुभूति हुन्छ । वि.सं. २०६० सालमा थापाले **महापुरुष** नामक कविता सङ्ग्रह प्रकाशित गरेको देखिन्छ, जसमा ४१ वटा कविताहरू सङ्गृहीत छन् । त्यस्तै वि.सं. २०६२ सालमा **अखण्ड नेपाल** प्रबन्ध सङ्ग्रह प्रकाशित गर्न थापा समर्थ भएको देखिन्छ । राष्ट्रियता, अखण्डता, सार्वभौमिकता, यथार्थता, अन्तराष्ट्रिय सचेतता, भौतिकतावादी तथा आध्यात्मवादी चेतना, दर्शन, इतिहास आदि विषयवस्तुहरू थापाका साहित्यिक क्षेत्रहरू हुन् । राष्ट्रियतालाई आफ्नो सिर्जनाको केन्द्रीय विषयवस्तु बनाएका थापाको साहित्यिक यात्रालाई

वि.सं. २०५९ सम्म पहिलो चरण वा आभ्यासिक कालको रूपमा लिन सकिन्छ । वि.सं.२०६० पछिको अवधिलाई दोस्रो चरण वा विकास कालको रूपमा लिन सकिन्छ । किनकि यस चरणमा उनका दुई वटा कृतिहरू प्रकाशित भएका छन् । नेपाली साहित्यमा राष्ट्रिय विषयवस्तु उठान गर्दै आफ्नो साहित्यिकयात्रा तय गर्ने साहित्यकार थापाको अध्ययन अनुसन्धानबाट माथि उल्लिखित निष्कर्षहरू निकाल्न सकिन्छ ।

यसरी बाबुरामसिंह थापाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरियो । भविष्यमा थापाका विषयमा थप अध्ययन अनुसन्धान गर्ने व्यक्तिहरूले निम्न विषयमा शोधकार्य गर्न सक्दछन् :

(क) **नेपाली साहित्यमा बाबुरामसिंह थापाको योगदान**

(ख) **बाबुरामसिंह थापाको कृतिपरक अध्ययन**

(ग) **साहित्यकार बाबुरामसिंह थापाका कृतिमा पाइने राष्ट्रचेत**

# सन्दर्भग्रन्थ सूची


## (क) मुख्य सन्दर्भग्रन्थ सूची

१. थापा, बाबुरामसिंह (२०६०), **महापुरुष**, श्रीमती विष्णुदेवी थापा, नारायण प्रेस एट्खा काठमाडौं ।

२. थापा बाबुरामसिंह (२०६२), **अखण्ड नेपाल**, श्रीमती विष्णुदेवी थापा, दि राइजिङसन् पिन्र्स, टेकु, काठमाडौं ।

## (ख) सहायक सन्दर्भग्रन्थ सूची

**१.** **अमर मीमांसा** (२०६२), राष्ट्रिय विभूति, अमरसिंह थापा प्रतिष्ठान, राजमनी प्रेस, काठमाडौं ।

**२.** **ऐतिहासिक रञ्जै** वगाले थापा वंशावली (२०६६), राष्ट्रिय विभूति अमरसिंह थापा प्रतिष्ठान र वगाले थापा सुधार, सुझाव, संरक्षण समूह, काठमाडौं : राजमति अफसेट प्रिन्टिङ्ग प्रेस, ललितपुर ।

३. खतिवडा, माधवप्रसाद (२०६७), **रामप्रसाद पोखरेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, त्रि.वि.शो.प. (स्नातकोत्तर) ।

४. खड्का, डबलबहादुर (२०६२), **बझाङ्गी भाषिकाको रूपतात्विक अध्ययन**, त्रि.वि.शो.प. (स्नातकोत्तर) ।

५. ठकुरी, सूरजकुमार मल्ल (२०६८), **कृष्णप्रसाद दाहालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, त्रि.वि.शो.प. (स्नातकोत्तर) ।

६. राई, गजेन्द्रकुमार (२०६९), **साहित्यकार वसन्तकुमार चौधरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, त्रि.वि.शो.प. (स्नातकोत्तर) ।

७. नेपाली बृहत शब्दकोश ( २०६...), नेपाल प्रज्ञा प्रतिष्ठान ।

८. त्रिपाठी, प्रा.डा. वासुदेव, **नेपाली कविता भाग-४, (२०५३ दो.सं.)**, साझा प्रकाशन, ललितपुर ।

९. बन्धु, चूडामणि, **अनुसन्धान प्रबन्धको रूप र शैली (२०३४)** त्रि.वि. पाठ्यक्रम विकास केन्दै, कीर्तिपुर ।


## (ग) व्यक्ति सूची

डा. अच्युत शरण अर्याल
डा. कृष्ण प्रसाद दाहाल
माधव लम्साल
माधव खतिवडा
विष्णु देवी थापा
विजयसिंह थापा
सुरेन्द्रवरसिंह थापा
सुरेन्द्र के.सी.